सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१० मंसिर २०८१, सोमबार (25 Nov 2024, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २१८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

प्रधानमन्त्री केपी ओलीको चीन भ्रमण कार्यतालिका

१८ मंसिरमा ओली-सी वार्ता





पररा‌ष्ट्रमन्त्री राणा बिहीबार बेइजिङ जाँदै, बिआरआई कार्यान्वयन योजनामा सम्झौता गर्ने विषयमा कांग्रेस-एमालेबिच अझै मिलेन विवाद

पर्शुराम काफ्ले/नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओली तथा उनीअघि पररा‌ष्ट्रमन्त्री डा. आरजु राणा देउवाको चीन भ्रमणको कार्यतालिका तय भएको छ। नेपालका लागि चिनियाँ राजदूत चेन सङले आइतबार पररा‌ष्ट्रमन्त्री राणासँग पररा‌ष्ट्र मन्त्रालयमा शिष्टाचार भेटका क्रममा कार्यतालिकाबारे ब्रिफिङ गरेका छन्।

प्रधानमन्त्री ओली १७ मंसिरमा र पररा‌ष्ट्रमन्त्री राणा बिहीबार (१३ मंसिरमा) चीन भ्रमण जाने तय भएको छ। चिनियाँ राजदूत सङले आइतबारको शिष्टाचार भेटमा बिआरआईलगायतका विषयमा कुराकानी नगरेको स्रोतले बताएको छ। राजदूत सङ पररा‌ष्ट्रमन्त्री राणाको भ्रमणपूर्व नै बेइजिङ जानेछन्।

सत्तारूढ दल कांग्रेस र एमालेबिच बिआरआई कार्यान्वयन योजनामा सम्झौता गर्ने विषयमा विवाद कायमै छ। प्रधानमन्त्री यस्तो सम्झौतामा हस्ताक्षर गर्ने पक्षमा रहे पनि कांग्रेसले ऋणमा बिआरआई परियोजना ल्याउन नसकिने अडान राखेको छ। कांग्रेस र एमालेबिच कार्यदल र शीर्षस्तरमै सहमति जुटाउने कोसिस जारी छ।

स्रोतका अनुसार प्रधानमन्त्री ओलीको भ्रमण चार दिनको हुनेछ। उनी बेइजिङबाहेक कुनै चिनियाँ सहर जाने कार्यक्रम छैन। प्रधानमन्त्री ओलीले १८ मंसिरमा चिनियाँ राष्ट्रपति सी जिनपिङ र प्रधानमन्त्री लि क्याङसँग बेग्लाबेग्लै भेटवार्ता गर्ने कार्यक्रम तय भएको छ।

» पृष्ठ २ मा क्रमशः

■ सरकारी स्वामित्वका दुई सिमेन्ट उद्योग हेटौँडा र उदयपुरको नियति

सरकारको ध्यान बन्द उद्योग खोल्ने होइन, निजी क्षेत्रलाई सुम्पेर जिम्मेवारीबाट पन्छिनेतिर

■ मुलुकमा सिमेन्ट उद्योगको जग बसालेको हेटौँडा सिमेन्ट र नियमित पूर्ण क्षमतामा सञ्चालन भए देशभरको सिमेन्ट मागको ६५% एक्लैले आपूर्ति गर्न सक्ने क्षमता राख्ने उदयपुर सिमेन्ट उद्योग व्यवस्थापकीय कमजोरी र निरन्तर घाटा देखाएर निजीकरण गर्ने सरकारको गृहकार्य





● **वसन्तकुमार पाण्डे**
महाप्रबन्धक, हेटौँडा सिमेन्ट

उत्पादन लागत बढेका कारण उद्योग घाटामा गइरहेको छ। करिब आठ सय रुपैयाँ प्रतिबोरामा उत्पादन गरेको सिमेन्ट न्यून मूल्यमा बेच्नुपर्दा स्वाभाविक रूपमा घाटामा गइन्छ। त्यसमा पनि पुराना मेसिन बिग्रिरहन्छन्। पूर्ण क्षमतामा उद्योग सञ्चालन गर्न सक्ने अवस्था छैन। पुराना मेसिनरीको मर्मत गर्न सकिएको छैन।





● **महेशप्रसाद साह**
निमित्त महाप्रबन्धक, उदयपुर सिमेन्ट

अहिले उद्योग ठप्प छ। उद्योगमा कोइला ल्याउने पैसा पनि छैन। उद्योग मन्त्रालयसँग कोइला किन्ने पैसा मागे पनि पाएको छैन। उद्योगको मेसिनमा पनि समस्या आएको छ। मेसिन मर्मत गर्ने पैसा छैन। मन्त्रालयले पैसा नदिए उद्योग सञ्चालनमा ठुलो समस्या छ।

हेटौँडा सिमेन्टको निरन्तर ओरालो यात्रा

डेढ अर्ब तत्कालै भुक्तानी गर्नुपर्ने दायित्व बोकेर बन्द छ उदयपुर सिमेन्ट

पैसा मागेपछि दुवै उद्योग निजीकरणको सूचीमा

मकवानपुरमा **पोष्टराज अधिकारी**
उदयपुरमा **विदुर कटुवाल**


निजी क्षेत्रका सिमेन्ट उद्योग क्षमता विस्तार गर्दै निर्यात गर्न समक्ष भइरहँदा सरकारी स्वामित्वका हेटौँडा र उदयपुर सिमेन्ट उद्योग भने निरन्तर खस्केर असोजयता पूर्ण रूपले बन्द छन्। सरकार तिनलाई सञ्चालन गर्नेतिर होइन, निजी क्षेत्रलाई सुम्पेर जिम्मेवारीबाट पन्छिने योजनामा छ। निजीकरणका लागि सिफारिस गरिएका जीर्ण नौ उद्योगको सूचीमा हेटौँटा र उदयपुर सिमेन्ट पनि छन्।

मुलुकमा सिमेन्ट उद्योगको जग बसालेको हेटौँडा सिमेन्ट पछिल्ला वर्षमा लामो समय बन्द रहने र कहिलेकाहीं मात्रै खुल्ने गरेको थियो। गत ८ असोजदेखि त पूर्ण रूपले बन्द छ। त्यस्तै, सरकारी स्वामित्वको अर्को उदयपुर सिमेन्ट उद्योगको नियति पनि त्यस्तै छ। कहिलेकाहीं मात्रै चल्ने गरेको उदयपुर पनि ४ असोजदेखि नखुल्ने गरी बन्द छ। सरकार नै यी उद्योगबाट आफैं पन्छिने तयारीमा छ।

एसियाली विकास बैंकको ऋण सहयोगमा ०३३ मा स्थापना भएको हेटौँडा सिमेन्ट सुरुवाती वर्षमा निर्विकल्प थियो। तर, ०५० को दशकबाट मुलुकले

» पृष्ठ २ मा क्रमशः

निजी सिमेन्ट उद्योगबाट गत वर्ष मात्रै तीन अर्ब ८५ करोडको निर्यात



०७२ को भूकम्पयता दुई खर्ब रुपैयाँभन्दा बढी लगानीका ४० भन्दा बढी उद्योग दर्ता

नवीन अर्याल/नयाँ पत्रिका

सरकारी सिमेन्ट उद्योग धराशायी हुँदै गर्दा निजी उद्योग भने भारतमा सिमेन्ट निर्यात गर्न सक्रिय छन्। नेपालबाट निर्यात हुने प्रमुख वस्तुमा सिमेन्ट पनि पर्न थालेको छ। यद्यपि, पछिल्लो समय भारतले ब्युरो अफ इन्डियन स्ट्यान्डर्ड (बिएसआई) नवीकरणमा ढिलाइ गरिदिँदा केही उद्योगको निर्यात नै रोकिएको छ। नयाँ उद्योगले पनि बिएसआई नपाउँदा निर्यात गर्न पाएका छैनन्।

निर्बाध रूपमा निर्यात गर्न पाएमा सय अर्बको सिमेन्ट

» पृष्ठ २ मा क्रमशः

इजलासमा न्यायाधीश बेल्वासे र रविको सवाल-जवाफ





जिल्ला अदालत कास्कीले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई अनुसन्धानका लागि हिरासतमा राख्न पाँचौंपटक १५ दिन म्याद थप गरेको छ

(विस्तृत पृष्ठ ३)

निगमका पाइलट नै हडतालमा

दुबईको उडान नै रद्द, आइतबार मुम्बई र दिल्ली उडान १२ घण्टासम्म ढिले

४३ मध्ये आठ पाइलट नियोजित रूपमा बिदामा बसेपछि सर्यौं यात्रु विमानस्थलमै अलपत्र

(विस्तृत पृष्ठ ६)

■ शुल्क तोकेको पहिलो दिन ६६३ ले चढे धरहरा





तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

सरकारले धरहरा चढ्न शुल्क तोकेको पहिलो दिन आइतबार ६६३ जनाले चढेका छन्। यसबाट एक लाख २० हजार ६५० रुपैयाँ राजस्व संकलन भएको छ। धरहरा चढ्न नेपालीलाई दुई सय, सार्क राष्ट्रका पर्यटकलाई पाँच सय र सार्क राष्ट्रबाहेककालाई एक हजार शुल्क तोकिएको छ। विद्यार्थी, ज्येष्ठ नागरिक, बालबालिका र अपांगता भएका व्यक्तिहरूले भने धरहरा चढ्दा लाग्ने शुल्कमा ५० प्रतिशत छुट पाउँछन्। तर, सरकारले विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, ०८१ बमोजिम धरहराको सञ्चालन र व्यवस्थापनको जिम्मा निजी क्षेत्रलाई दिने तयारी गरेको छ। हाललाई सहरी विकास मन्त्रालयले शुल्क तोकेर धरहरा चढ्ने प्रबन्ध गरेको छ।

मृत्युपश्चात् अंग दान गर्ने परिवारलाई दुई लाख दिने स्वास्थ्य मन्त्रालयको निर्णय

नयाँ पत्रिका

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मृत्युपश्चात् मानव अंग दान गर्ने दाताका परिवारलाई दुई लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेको छ। यसअघि परिवारलाई एक लाख रुपैयाँ दिने गरिएकोमा बढाएर दुई लाख पुऱ्याउने निर्णय गरिएको हो।

अंग दान गरेका व्यक्तिको परिवारलाई मानव अंग प्रत्यारोपण केन्द्रमार्फत एक लाख रुपैयाँ दिइँदै आइएको थियो। परिवारलाई दिइने पैसा थपका लागि अर्थ मन्त्रालयले आन्तरिक स्रोतबाट व्यवस्थापन गर्ने गरी सहमति दिएको जनाइएको छ। स्वास्थ्य मन्त्रालयको आन्तरिक स्रोतबाटै

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



● **यसअघि अंग दान गरेका व्यक्तिको परिवारलाई अंग प्रत्यारोपण केन्द्रमार्फत एक लाख रुपैयाँ दिइँदै आइएको थियो।**

● **अंग दानमा सघाउने अस्पताललाई यसअघि दिने गरिएको ५० हजारमा मन्त्रालयले २५ हजार थप गरेर ७५ हजार रुपैयाँ पुऱ्याएको छ।**

जापान मानव तस्करी प्रकरणमा कोशीका तत्कालीन मन्त्रीमाथि अनुसन्धान सकियो

मुख्य बिचौलिया पक्राउ नपर्दा पूर्वमन्त्री अधिकारीमाथिको अभियोग कमजोर हुँदै

नयाँ पत्रिका



कोशी प्रदेशका तत्कालीन मन्त्री लीलाबल्लभ अधिकारीको सहयोगमा जापानमा मानव तस्करीको प्रयास भएको घटनाको प्रहरीले अनुसन्धान पूरा गरेको छ। जिल्ला प्रहरी परिसर, काठमाडौंले तत्कालीन मन्त्री अधिकारीसहित १२ जनालाई मुद्दा चलाउन सिफारिस गरेको छ।

प्रहरीले रायसहितको अनुसन्धान प्रतिवेदन आइतबार सरकारी वकिल कार्यालयमा बुझाएको छ। अनुसन्धान पूरा गरी जिल्ला सरकारी वकिल कार्यालयमा रायसहितको प्रतिवेदन बुझाएको काठमाडौं परिसरका एसपी नवराज अधिकारीले बताए। तर, घटना संगठित प्रकृतिको देखिए पनि प्रहरीले संगठित अपराधतर्फ अनुसन्धान गर्न चासो नदिँदा धेरै पाटो खुल्न बाँकी नै रहेको स्रोत बताउँछ।

यो प्रकरणमा अधिकारीसहित नौजना पक्राउ परेका छन्। अन्य तीनजना फरार छन्। फरार रहेका तीनजना मुख्य बिचौलिया हुन्। उनीहरूले नै अधिकारीलाई जापान लैजान मनाएका थिए। तर, उनीहरू नै पक्राउ नपर्दा पूर्वमन्त्रीविरुद्ध प्रमाण कमजोर भएको स्रोत बताउँछ।

मोरङका गोपाल भन्ने योगराज गौतम, उदयपुरका विष्णु भट्टराई र अमेरिका बस्ने दिवाकरबाबु भट्टराईलाई फरार प्रतिवादी

» पृष्ठ २ मा क्रमशः

अर्बपति व्यवसायी उमेश श्रेष्ठलाई कांग्रेसको कोष चलाउने जिम्मा

महाधिवेशनको तीन वर्षपछि सभापति देउवाले व्यवसायी उमेश श्रेष्ठलाई बनाए कोषाध्यक्ष

कांग्रेस धनीहरूको पार्टी रहेको सन्देश गएको विश्लेषकको टिप्पणी

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

संसद्को सबैभन्दा ठुलो दल कांग्रेसले 'धनाढ्य राजनीतिज्ञ'लाई कोषाध्यक्षको जिम्मेवारी दिएको छ। महाधिवेशन भएको तीन वर्षपछि सभापति शेरबहादुर देउवाले केन्द्रीय सदस्य उमेश श्रेष्ठलाई कोषाध्यक्षमा मनोनीत गरेका हुन्।

व्यवसायीका रूपमा श्रेष्ठको शिक्षा, पर्यटन, जलविद्युत्, घरजग्गा, स्वास्थ्य र बैंकिङ क्षेत्रमा ठुलो लगानी छ। तीन वर्षअघि एक टेलिभिजन अन्तर्वार्तामा उनले आफूसँग २५-३० अर्बको सम्पत्ति रहेको बताएका थिए। श्रेष्ठ अविवाहित छन्।

१४ पदाधिकारीमध्ये एक पद भएकाले धेरै नेताले कोषाध्यक्ष बन्ने आकांक्षा राख्दै आएका थिए। तर, देउवाले आफूनिकट श्रेष्ठलाई जिम्मेवारी दिएका छन्। पूर्वराज्यमन्त्रीसमेत रहेका श्रेष्ठ ०७९ को निर्वाचनमा चितवन- २ मा रास्वपा सभापति रवि लामिछानेसँग पराजित भएका थिए। उनी संविधानसभा सदस्य थिए।

पार्टीभित्र महाधिवेशनबाटै निर्वाचित धेरै केन्द्रीय सदस्य

» पृष्ठ २ मा क्रमशः



कांग्रेसको कोष : कांग्रेस लगातार दुई आर्थिक वर्षदेखि घाटामा छ। ०७९/८० को लेखापरीक्षण प्रतिवेदनअनुसार आर्थिक वर्ष ०७९/८० मा चार करोड ३५ लाख १८ हजार रुपैयाँ र ०७८/७९ मा तीन करोड ८४ हजार रुपैयाँ कांग्रेस घाटामा छ।

कांग्रेस अब बिपीको कांग्रेस रहेन



● **पुरञ्जन आचार्य**
राजनीतिक विश्लेषक

कांग्रेसमा नयाँ संस्कृति र सिद्धान्तको विकास भएको छ। उमेश श्रेष्ठलाई कोषाध्यक्ष बनाउनुले कांग्रेसको सोच र विचार देखाउँछ। कांग्रेसले कस्ता मानिसलाई प्रमोट गर्दै छ भन्ने यो एउटा बलियो उदाहरण हो। सामान्य मानिसलाई कांग्रेसमा कठिन छ। पैसा भए कांग्रेसभित्र जहाँ पनि पुग्न सकिन्छ भन्ने देखिन्छ। यसले कांग्रेस बिपीको रहेन भन्ने सन्देश दिएको छ। बिपी धनीमानीसँग लड्नुपर्छ भन्नुहुन्थ्यो। धनीमानीले पार्टी कब्जा गर्छन् भन्नुहुन्थ्यो। अहिले धनीमानीलाई नै पार्टी बुझाउने काम हुँदै छ। यसैले कांग्रेस अब बिपीको कांग्रेस रहेन।

मुख्य बिचौलिया...

पृष्ठ १ बाट क्रमशः

बनाउन सिफारिस गरिएको छ। भट्टराई दाजुभाइ नै मानव तस्करीका योजनाकार हुन्।

उनीहरूले नै जापानमा हुने 'इन्टरनेसनल कन्फरेन्स अन ओपन ऐसस टु कल्चर २०२४' बाट निमन्त्रण मगाएका थिए। रजिस्ट्रेसन शुल्क तिरेपछि त्यहाँबाट निमन्त्रणा प्राप्त हुने भएकाले त्यही कार्यक्रमको आवरणमा मानव तस्करीको योजना बनाइएको थियो। त्यसका लागि सामान्य व्यक्तिलाई भिसा नलाग्न सक्ने भएकाले मन्त्री र उनका टिमका तीनजना बनाएर भिसा लगाइएको थियो।

उनीहरूको धादिङका महेश पाण्डेसँग चिनजान थियो। हाल थुनामा रहेका पाण्डेले नै पैसा तिरेर जापान जाने व्यक्ति खोजेका थिए। तर, सहजै भिसा नलाग्ने भएकाले कोशी प्रदेशका तत्कालीन आन्तरिक मामिलामन्त्री अधिकारीलाई प्रयोग गरिएको थियो। पाण्डेका साथी योगराज गौतमको उनीसँग चिनजान थियो। उनले नै मन्त्रीलाई जापान जाने प्रस्ताव गरेकोमा उनी तयार भएका थिए। अन्य दुईजनाको परिचयपत्रसमेत उनकै मन्त्रालयको बनाइएको थियो। सोही आधारमा भिसा पाएर मन्त्री र अन्य चारजना सँगै जापान गएका थिए। तर, जापान अध्यागमनले विमानस्थलबाटै फर्काइदिएपछि घटना बाहिर आएको हो।

प्रहरीले धादिङको त्रिपुरासुन्दरी गाउँपालिका- ६ का महेश पाण्डे, नुवाकोटको विदुर- ७ का जुगल रिजाल र दोलखाको जिरी- ९ का वीरबहादुर सुनुवारविरुद्ध मानव बेचबिखन मुद्दा चलाउन लागिएको छ। यसैगरी खोटाङ ऐंसेलुखर्क- २ दावा शेर्पा, खोटाङकै केपिलासगढी-४ का जनक राई रसुवा कालिका- ५ कञ्चन देवकोटा, गुडी राई र नवीन राईविरुद्ध भने लिखत किर्ते कसुरअन्तर्गत मुद्दा चलाउन लागिएको छ।

अर्बपति व्यापारी...

पृष्ठ १ बाट क्रमशः

र पूर्णकालीन राजनीतिज्ञ हुँदाहुँदै देउवाको रोजाइमा एक व्यापारी परेका छन्। यद्यपि, श्रेष्ठ पनि निर्वाचित केन्द्रीय सदस्य हुन्। लेखापरीक्षण प्रतिवेदनअनुसार पछिल्ला दुई आर्थिक वर्षमा कांग्रेस घाटामा चलेको छ। यद्यपि, दलहरूको आम्दानी र खर्चको संस्थागत रेकर्ड पारदर्शी मानिँदैन। विधानको धारा २१(७) मा सभापतिलाई कोषाध्यक्ष मनोनयनको पूर्ण अधिकार छ। विधानमा कोषाध्यक्ष केन्द्रीय समिति सदस्यमध्येबाट मनोनीत गर्ने व्यवस्था छ। सभापतिले केन्द्रीय कार्यसमितिका निर्वाचित सदस्यमध्येबाट नाम प्रस्ताव गरी अनुमोदन गराउने व्यवस्था छ।

राजनीतिक विश्लेषक पुरञ्जन आचार्यले कांग्रेस अब बिपीको कांग्रेस नरहेकोसमेत बताए। 'कांग्रेसमा नयाँ संस्कृति र सिद्धान्तको विकास भएको छ। उमेश श्रेष्ठलाई कोषाध्यक्ष बनाउनुले कांग्रेसको सोच र विचार देखाउँछ। कांग्रेसले कस्ता मानिसलाई प्रमोट गर्दै छ भन्ने यो एउटा बलियो उदाहरण हो,' उनले भने, 'सामान्य मानिसलाई कांग्रेसमा कठिन छ। पैसा भए कांग्रेसभित्र जहाँ पनि पुग्न सकिन्छ भन्ने देखिन्छ। यसले कांग्रेस बिपीको रहेन भन्ने सन्देश दिएको छ। बिपी धनीमानीसँग लड्नुपर्छ भन्नुहुन्थ्यो। धनीमानीले पार्टी कब्जा गर्छन् भन्नुहुन्थ्यो। अहिले धनीमानीलाई नै पार्टी बुझाउने काम हुँदै छ।'

कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले आर्थिक पारदर्शिता, अनुशासन कायम गर्न सक्ने र कोष व्यवस्थापनमा सक्षम नेतालाई सभापतिले कोषाध्यक्षमा मनोनीत गरेको बताए। 'पार्टीले सबैलाई समान व्यवहार गर्छ। केन्द्रीय सदस्य हुँदा बिपीको कांग्रेस हुने अनि कोषाध्यक्षचाहिँ नहुने भन्ने हुँदैन। पार्टीलाई आर्थिक व्यवस्थापन गर्ने क्षमता भएको नेता चाहियो। हैसियत भएको नेताले कोष राम्रोसँग सञ्चालन गर्न सक्छ,' उनले भने, 'आर्थिक पारदर्शिता र आर्थिक अनुशासन कायम गर्न सक्ने क्षमता भएको, कोष व्यवस्थापनमा सक्षम नेतालाई सभापतिले कोषाध्यक्षमा मनोनीत गर्नुभएको हो। यसमा प्रश्न गर्नुपर्ने ठाउँ छैन। लामो अनुभव र सभापतिसँग विश्वासमा रहेर काम गर्न सक्ने भएकाले उहाँ कोषाध्यक्ष बन्नुभएको हो।'

तत्कालीन प्रधानमन्त्री देउवाले ०७८ असारमा श्रेष्ठलाई स्वास्थ्य राज्यमन्त्री नियुक्त गरेका थिए। स्वार्थ बाझिने भन्दै आलोचना भएपछि देउवाले जिम्मेवारी हेरफेर गर्दै ०७८ असोजमा जिम्मेवारी हेरफेर गर्दै प्रधानमन्त्री कार्यालयको राज्यमन्त्री बनाए। श्रेष्ठ प्रतिनिधिसभाको सांसदसमेत थिए। उनी कांग्रेसबाट अत्यधिक अवसर पाउने व्यवसायीमा उनी पर्छन्।

०७८ मंसिरमा भएको महाधिवेशनअघि कोषाध्यक्षको जिम्मेवारीमा सीता यादव थिइन्। कोषाध्यक्ष नहुँदा कांग्रेसमा मुख्य सचेतकसमेत रहेका श्यामकुमार घिमिरेको संयोजकत्वमा रहेको लेखा समितिले काम गर्दै आएको थियो। कोषाध्यक्षले केन्द्रीय समिति र महासमिति बैठकमा पेस गर्ने लेखापरीक्षण प्रतिवेदन समितिले नै पेस गर्ने गरेका थियो। समिति संयोजक घिमिरेका अनुसार कोषाध्यक्ष नभएको अवस्थामा पार्टी कोष सभापति र महामन्त्रीको हस्ताक्षरमा चल्दै आएको थियो।

कोषाध्यक्ष नहुँदा नियमित लेखापरीक्षणमा समेत समस्या हुँदै आएको थियो। आर्थिक वर्ष ०८०/८१ पछि कांग्रेसको लेखापरीक्षण हुन बाँकी छ। 'आर्थिक वर्ष ०८०/८१ को लेखापरीक्षण भइसकेको छैन। गत फागुनमा महासमिति बैठकमा पेस भएको आर्थिक प्रतिवेदन नै अहिलेको अद्यावधिक विवरण हो,' मुख्य सचेतक घिमिरेले भने।

कांग्रेस सचिव प्रकाश शर्माका अनुसार आर्थिक वर्ष ०७९/८० कै लेखापरीक्षण बुझाएर उपनिर्वाचनका लागि दल दर्ता गरिएको थियो।

लामो समयसम्म महत्त्वपूर्ण मानिएको पदाधिकारी तहको जिम्मेवारी अपूरै रहँदा कांग्रेसभित्रै आलोचना हुँदै आएको थियो। आर्थिक नीति तथा योजना विभागका संयोजक प्रा.डा. गोविन्दराज पोखरेलले महाधिवेशनको लामो समयसम्म कोषाध्यक्ष नतोकिनु नेतृत्वको उदासीनता रहेको बताएका थिए।

सरकारको ध्यान...

पृष्ठ १ बाट क्रमशः

आर्थिक उदारीकरणको नीति लागू गरेपछि शक्ति ब्रान्डमा सिमेन्ट उत्पादन गर्ने हेटौँडा सिमेन्टलाई भित्रभित्रै कमजोर पार्ने प्रपञ्च भए। चरम राजनीतिक हस्तक्षेप र निरन्तर असक्षम व्यवस्थापकको नियुक्तिले उद्योग यति कमजोर भए कि अहिले सरकारले चलाउनै नसक्ने निष्कर्षसहित निजीकरण गर्ने तयारीमा छ।

धरमर-धरमर चलिरहेको हेटौँडा सिमेन्ट उद्योग आर्थिक वर्ष ०७५/७६ देखि भने निरन्तर नोक्सानी खेप्न बाध्य छ। क्षमताभन्दा न्यून सिमेन्ट उत्पादन गर्ने भएकाले सञ्चालन खर्चसमेत धान्न नसकी उद्योग घाटामा गइरहेको हो। नियमित उद्योग सञ्चालन गर्ने विषयमा पनि सरकारको चासो भएन। जसकारण गत आर्थिक वर्ष ०८०/८१ मा केवल ५२ दिन मात्रै उद्योग चलेको थियो। चालू आव ०८१/८२ मा पनि साउनमा एक दिन मात्रै चलेर बन्द भएको थियो। त्यसपछि १४ भदौमा खुलेको उद्योग पुनः ८ असोजबाट पूर्ण रूपले ठप्प छ। यसको दैनिक उत्पादन क्षमता ७२२ टन हो।

क्षमताभन्दा न्यून क्लिंकर उत्पादन भएकाले उद्योग बन्द गरिएको व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र भण्डारीले बताए। उनले दसैंअघि चलाउने प्रयास गरे पनि बिग्रेको मेसिन मर्मत गर्न नसक्दा समस्या भएको सुनाए। 'आर्थिक समस्याका कारण कोइला खरिद गर्न सकिएको छैन। पुराना उपकरण बिग्रिरहने समस्याका कारण उद्योग नियमित चलाउन सकिँदैन,' उनले भने।

उद्योग सञ्चालनका लागि व्यवस्थापनले सरकारसँग एक अर्ब नौ करोड रुपैयाँ ऋण मागेको थियो। तर, सरकार पैसा दिनभन्दा निजी क्षेत्रलाई बुझाएर पन्छिने विकल्पतिर गएको छ।

उद्योगका महाप्रबन्धक वसन्तकुमार पाण्डेले उत्पादन लागत बढेका कारण घाटामा गइरहेको दाबी गरे। 'करिब आठ सय रुपैयाँ प्रतिबोरामा उत्पादन गरेको सिमेन्ट न्यून मूल्यमा बेच्नुपर्दा स्वाभाविक रूपमा घाटामा गइन्छ। त्यसमा पनि पुराना मेसिन बिग्रिरहन्छन्। पूर्ण क्षमतामा उद्योग सञ्चालन गर्न सक्ने अवस्था छैन। पुराना मेसिनरीको मर्मत गर्न सकिएको छैन। मेसिनरीको मर्मतमा समय र खर्च दुवै लाग्छ,' उनले भने।

हेटौँडा सिमेन्टको बढ्दो बजारलाई देखेर सरकारले ०४४ मा उदयपुर सिमेन्ट उद्योग स्थापना गरेको थियो। उदयपुर सिमेन्ट उद्योगको स्वामित्वमा उदयपुरको सिधाँलीमा ठूलो चुनढुंगा खानी छ। यहाँको चुनढुंगामा म्याग्नेसियम अक्साइट कम र लाइम बढी छ। जसकारण सबैभन्दा गुणस्तरीय सिमेन्ट उत्पादन हुने गर्छ।

ओपिसी ग्रेडको मात्रै सिमेन्ट उत्पादन गर्ने उदयपुर सिमेन्ट उद्योगको दैनिक क्षमता आठ सय टन छ। नियमित पूर्ण क्षमतामा यो उद्योग सञ्चालन हुने हो भने मुलुकभरको सिमेन्ट मागको ६५ प्रतिशत उदयपुर एक्लैले आपूर्ति गर्न सक्ने क्षमता राख्छ। तर, पाँच वर्षयता उद्योग कहिलेकाहीँ मात्रै खुल्ने गरेकोमा ४ असोजदेखि पूर्ण रूपले बन्द छ।

उद्योगका निमित्त महाप्रबन्धक महेशप्रसाद साहले कोइला अभावलगायत विभिन्न कारणले उद्योग बन्द भएको बताए। 'कोइला अभाव तथा मेसिन उपकरणमा आउने समस्याले पटक-पटक बन्द हुँदै खुल्दै गर्ने गरेको छ,' उनले भने।

चालू आव ०८१/८२ मा जम्मा नौ दिन मात्र उद्योग चलेर बन्द भएको उनले बताए। यस अवधिमा तीन हजार टन क्लिंकर उत्पादन भएको थियो। निमित्त महाप्रबन्धक साहले भने, 'अहिले उद्योग ठप्प छ। उद्योगमा कोइला ल्याउने पैसा पनि छैन। उद्योग मन्त्रालयसँग कोइला किन्ने पैसा मागे पनि पाएको छैन। उद्योगको मेसिनमा पनि समस्या आएको छ। मेसिन मर्मत गर्ने पैसा छैन। मन्त्रालयले पैसा नदिए उद्योग सञ्चालनमा ठूलो समस्या छ।'

क्लिंकर उत्पादनका लागि प्रयोग हुने मुख्य इन्धन कोइला र क्लिन सेलमा प्रयोग हुने ब्रिकको नियमित व्यवस्थापन तथा मेसनरीहरूको नियमित मर्मतसम्भार गर्न आवश्यक रहेको उनको भनाइ छ। 'उद्योगका विभिन्न मेसिनमा प्रयोग हुने स्पेयर पार्ट्ससमेत व्यवस्थापन हुन नसकेकाले उद्योगको उत्पादनमा ठूलो परिमाणमा ह्रास भइरहेको अवस्था छ,' साहले भने।

तत्कालै उद्योग सञ्चालनका लागि उदयपुर सिमेन्टले सरकारसँग ५५ करोड रुपैयाँ मागेको भए पनि अर्थ मन्त्रालयले ऋण दिन अस्वीकार गरेको छ। गत वर्ष पनि २६ करोड रुपैयाँ ऋण दिइएको तर उद्योग राम्ररी सञ्चालन हुन नसकेको भन्दै अर्थले ऋण स्वीकृतिमा कडाइ गरेको छ।

हेटौँडा सिमेन्टको निरन्तर ओरालो यात्रा

आर्थिक वर्ष ०७४/७५ मा १६ करोड ३६ लाख नाफामा रहेको उद्योग त्यसयता निरन्तर घाटामा छ। आव ०७५/७६ मा एक करोड पाँच लाख रुपैयाँ घाटामा गएको थियो। उक्त वर्ष २० लाख ८६ हजार बोरा सिमेन्ट बिक्री गरेको उद्योगले कुल एक अर्ब ६४ करोड २० लाख रुपैयाँ आम्दानी गरेकोमा एक अर्ब ६५ करोड २५ लाख रुपैयाँ खर्च गरेको थियो।

आव ०७६/७७ मा अघिल्लो वर्षभन्दा करिब ६ लाख बोरा कम सिमेन्ट उत्पादन गरेको थियो। सो आवमा १४ लाख ५५ हजार बोरा सिमेन्ट उत्पादन भएको थियो। उत्पादन नै कम भएको तर सञ्चालन खर्च निरन्तर वृद्धि भइरहेका कारण सो आवमा उद्योगले २३ करोड ८२ लाख रुपैयाँमा घाटा व्यहोरेको थियो।

आव ०७७/७८ मा अघिल्लो वर्षको तुलनामा केही बढी हुने गरी १८ लाख ५३ हजार बोरा सिमेन्ट उत्पादन र बिक्री गरेका कारण घाटा रकममा समेत केही सुधार भई १७ करोड चार लाख घाटा हुन पुगेको थियो। आव ०७८/७९ मा पुनः उत्पादन खस्केर १६ लाख १३ हजार बोरामा सीमित भएको थियो। त्यस वर्ष एक अर्ब चार करोड ६४ लाख रुपैयाँ आम्दानी गरेकामा उद्योग सञ्चालनका लागि एक अर्ब १५ करोड ३४ लाख रुपैयाँ खर्च भएको थियो। जसकारण उद्योगले १० करोड ६९ लाख घाटा व्यहोरेको थियो।

आव ०७९/८० मा नौ लाख ३८ हजार १३८ बोरा मात्रै सिमेन्ट बिक्री गरेका कारण उद्योगको आम्दानीसमेत खुम्चेर ६० करोड ५७ लाख ५७ हजार २३३ रुपैयाँमा सीमित थियो। जसकारण त्यस वर्ष उद्योगले सबैभन्दा बढी २५ करोड ४८ लाख रुपैयाँ नोक्सानी व्यहोरेको थियो।

गत आर्थिक वर्ष ०८०/८१ को आम्दानी-खर्चबारे लेखापरीक्षणको काम भइरहेको उद्योग प्रशासनले जनाएको छ। तर, गत आवमा सबैभन्दा न्यून ६ लाख १७ हजार बोरा सिमेन्ट मात्रै बिक्री भएकाले उच्च दरमा घाटा रहेको प्रारम्भिक अनुमान गरिएको उद्योगको लेखा शाखाका कर्मचारी धर्मराज मिश्रले बताए। हेटौँडा सिमेन्टको उत्पादन लागत मूल्य प्रतिबोरा ७६४ रुपैयाँ पुगेको, तर तीव्र प्रतिस्पर्धाका कारण बिक्री मूल्य ६४९.७५ रुपैयाँ कायम गर्नुपरेका कारण घाटा बढिरहेको उनको दाबी छ।

डेढ अर्ब तत्कालै भुक्तानी गर्नुपर्ने दायित्व बोकेर बन्द छ उदयपुर सिमेन्ट

उदयपुर सिमेन्ट उद्योगले एक अर्ब ४२ करोड २९ लाख रुपैयाँ तत्कालै भुक्तानी गर्नुपर्ने दायित्व बोकेको छ। तर, उद्योग अन्तिमपटक ४ असोजमा मेसिन स्टार्ट गरेर बन्द गरेयता पुनः सञ्चालन हुन सकेको छैन।

उदयपुर २ का सांसद अम्बरबहादुर रायमाझीले १३ कात्तिकमा उद्योग सञ्चालनका लागि पहल गर्न डाकेको सर्वपक्षीय छलफलमा उपस्थित भएका निमित्त महाप्रबन्धक महेशप्रसाद साहका अनुसार कर्मचारीको नियमित तलब र नागरिक लगानी कोषमा जम्मा गर्नुपर्ने दायित्वबापत १२ करोड ७१ लाख रुपैयाँ बक्यौता छ। त्यस्तै, अवकाशप्राप्त कर्मचारीलाई निवृत्तिभरणबापत दिनुपर्ने रकम ३२ करोड ४७ लाख रुपैयाँ पुगेको छ। कर दायित्व १६ लाख, बैंक ऋण दुई करोड, विद्युत् प्राधिकरणलाई बिजुली प्रयोग गरेबापतको बक्यौता भुक्तानी ३३ करोड ६४ लाख र कोइला आपूर्तिकर्तालाई ६१ करोड ३१ लाख रुपैयाँ भुक्तानी गर्न बाँकी रहेको उनले जानकारी गराएका थिए।

एक दशकयता उद्योग कुनै पनि वर्ष आधा क्षमतामा पनि सञ्चालन हुन सकेको छैन। आव ०७२/७३ र ०७३/७४ मा नाफा आर्जन गर्नुबाहेक निरन्तर नोक्सानीमा छ। जसकारण उद्योगको सञ्चित नोक्सानी पाँच अर्ब ७८ करोड नाघिसकेको छ।

पछिल्लो तीन वर्षयता उद्योगको अवस्था झन् नाजुक बनेको छ। चालू आवमा नौ दिन मात्रै सञ्चालन भएको उद्योग गत आव ०८०/८१ मा पनि बन्द हुने र खुल्ने क्रम जारी रहेका कारण २७ हजार ८० मेट्रिकटन क्लिंकर मात्रै उत्पादन गरेको थियो। यो कुल जडित क्षमताको १०.२६ प्रतिशत मात्र हो। त्यस्तै, आव ०७९/८० मा ५२ हजार २३२ मेट्रिकटन क्लिंकर उत्पादन गरेको थियो। यो जडित क्षमताको १९.७८ प्रतिशत मात्रै हो। आव ०७८/७९ मा जडित क्षमताको ३९.२३ प्रतिशत हुन आउने एक लाख तीन हजार ५८० मेट्रिकटन क्लिंकर उत्पादन भएको थियो।

पैसा मागेपछि दुवै उद्योग निजीकरणको सूचीमा

सरकारले हालै जीर्ण नौ उद्योग निजीकरणका लागि सिफारिस गरेको छ, जसमा हेटौँडा र उदयपुर सिमेन्ट पनि छन्। बन्द भएका दुवै उद्योगले सञ्चालनका लागि ठूलो रकम माग गरेपछि पैसा दिनुको सट्टा निजी क्षेत्रलाई दिएर नियमित सञ्चालनको ग्यारेन्टी गर्ने दिशामा सरकार अघि बढेको उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले बताए। 'दुवै उद्योग अहिले घाटामा छन् र यसको मुख्य जिम्मेवार भनेको व्यवस्थापकीय कमजोरी हो। त्यसैले तत्काल पैसा दिएर सरकारले नै सञ्चालन गर्ने कुरामा छलफल भएको छैन,' दुवै सिमेन्ट उद्योगले मागेको रकम पाउँछन् कि पाउँदैनन् भन्ने प्रश्नमा मन्त्री भण्डारीले भने।

हेटौँडा उद्योग सञ्चालनका लागि व्यवस्थापनले सरकारसँग एक अर्ब नौ करोड र उदयपुर सिमेन्टले ५५ करोड रुपैयाँ मागेका थिए। तर, घाटाको 'बिजनेस' ठानेर सरकारले यो विकल्पमा ध्यान दिएन र निजीकरणको सूचीमा सिफारिस गर्‍यो।

पुराना मेसिनरी र सक्षम व्यवस्थापन नभएका कारण निरन्तर घाटामा चलिरेको उद्योगमा थप लगानी गर्न नहुने पक्षमा सरकार रहेको उनको भनाइ छ। 'प्रतिबोरा सिमेन्ट उत्पादनमा डेढ-दुई सय घाटा छ र अहिले सरकारले लगानी गर्दा पनि घाटा कायम रहन्छ भने सिमेन्ट उत्पादन किन गर्ने ? रहरले मात्र उद्योग चलाउने कुरा हुँदैन,' मन्त्री भण्डारीले भने।

उदयपुर २ का सांसद अम्बरबहादुर रायमाझीले सरकारी सिमेन्ट उद्योग निजीकरणका लागि सिफारिस भएपछि १३ कात्तिकमा उदयपुरका अगुवासँग छलफल गरेका थिए। उनले सिमेन्ट उद्योग निजीकरण नगर्न दबाब दिने उद्देश्यले राजनीतिक लबिङ पनि थालेका छन्।

निजी सिमेन्ट...

पृष्ठ १ बाट क्रमशः

एक-दुई वर्षभित्रै निर्यात गर्न सक्ने क्षमता रहेको नेपाल सिमेन्ट उत्पादक संघका निवर्तमान अध्यक्ष ध्रुव थापाले बताए। 'निर्बाध निकासी गर्न पाए सय अर्बको सिमेन्ट एक-दुई वर्षमै निर्यात गर्न सक्ने क्षमता उद्योगको छ,' उनले भने।

चालू आर्थिक वर्षको पहिलो चौमासिकमा नेपालबाट ६६ करोड ५८ लाखको सिमेन्ट र क्लिंकर निर्यात भएको छ। गत आर्थिक वर्षमा तीन अर्ब ८५ करोड २८ लाखको सिमेन्ट निर्यात भएर नेपालबाट निर्यात हुने प्रमुख १० वस्तुको सूचीमै परेको थियो। निर्यात सुरु भएको पहिलो आव ०७९/८० मा ७७ करोड ९३ लाखको सिमेन्ट निर्यात भएको भन्सार विभागको तथ्यांक छ। नेपालबाट असार ०७९ देखि सिमेन्ट र क्लिंकर निर्यात सुरु भएको थियो।

बिएसआई नवीकरण नहुँदा अर्घाखाँचीलगायत उद्योगको निर्यात रोकिएको छ। प्रमुख उद्योगकै निर्यात रोकिँदा पनि तीन महिनामा सिमेन्ट निर्यात ५० करोडको पुगेको छ। संघका निवर्तमान अध्यक्ष थापाले भने, 'छोटो अवधिमै सिमेन्ट निर्यातले आशा जगाउने काम गरेको छ, नेपालबाट डेढ सय अर्बको सिमेन्ट निर्यात सम्भवना छ, यसका लागि सरकारले भारतसँग बिएसआईका लागि कूटनीतीक पहल गरिदिनुपर्छ, सिमेन्ट उत्पादनदेखि निर्यातसम्म सहजीकरण गरिदिनुपर्छ।'

पाल्पा सिमेन्ट उद्योगले सुरु गरेको निर्यातमा क्रमशः अर्घाखाँची, सर्वोत्तम, बालाजी, सिजी पाल्पा, सौर्य, घोराही, रिद्धिसिद्धिलगायत उद्योग थपिँदै गएका छन्। अरू थुप्रै उद्योग सिमेन्ट निर्यातका लागि तयार छन्। तर, भारतले बिएसआई नदिँदा निर्यात गर्न पाएका छैनन्। कतिपय उद्योगले सिमेन्ट र क्लिंकर दुवै निर्यात गरिरहेका छन्। कतिपयले भने क्लिंकर मात्र निर्यात गर्छन्।

कोभिड महामारीयता शंकर, अम्बे र गोल्छा ग्रुपको संयुक्त लगानीमा सौर्य सिमेन्ट, चौधरी ग्रुपको लगानीमा सिजी पाल्पा, चिनियाँ लगानीमा हुवासिनलगायत नयाँ सिमेन्ट उद्योग सञ्चालनमा आए। यी उद्योगमा समान करिब १५/१५ अर्ब रुपैयाँहाराहारी लगानी भएको छ। नेपालमा भूकम्पपछि सिमेन्ट उद्योगमा लगानी ओइरिएको हो। ०७२ यताको दशकमा दुई खर्ब रुपैयाँभन्दा बढी लगानीका ४० भन्दा बढी उद्योग दर्ता भएका छन्। नेपालमा हाल निजी लगानीका ६५ उद्योग रहेको र त्यसमा हाल २० बन्द अवस्थामा रहेको सिमेन्ट उत्पादक संघले जनाएको छ।

१८ मंसिरमा...

पृष्ठ १ बाट क्रमशः

प्रधानमन्त्री ओली र चिनियाँ प्रधानमन्त्री लीबिच द्विपक्षीय वार्तापछि दुई देशबिच सहयोगसम्बन्धी सम्झौतामा हस्ताक्षर हुने कार्यक्रम छ। प्रधानमन्त्री ओलीको सम्मानमा चिनियाँ प्रधानमन्त्रीले दिवाभोज आयोजना गर्नेछन्। चिनियाँ जनमुक्ति सेनाको गार्ड अफ अनरसहित प्रधानमन्त्री ओलीलाई चिनियाँ नेतृत्वले स्वागत गर्नेछ।

प्रधानमन्त्री ओली १९ मंसिरमा नेपाली राजदूतावासद्वारा आयोजना हुने स्वागत समारोहमा सहभागी हुने कार्यक्रम छ। प्रधानमन्त्री ओलीले नेपाली तथा चिनियाँ उद्योगी व्यवसायीद्वारा आयोजित सम्मेलनलाई १९ मंसिरमा सम्बोधन गर्ने कार्यक्रम छ। प्रधानमन्त्री ओली २० मंसिरमा स्वदेश फर्किने भ्रमण तालिका छ। १३ मंसिरमा बेइजिङ जाने परराष्ट्रमन्त्री राणाले १४ मंसिरमा चिनियाँ विदेशमन्त्री एवं चिनियाँ कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य वाङ यीसँग द्विपक्षीय भेटवार्ता गर्ने कार्यक्रम छ। बेइजिङ बसाइका क्रममा उनले चिनियाँ कम्युनिस्ट पार्टीका उच्च अधिकारीसँग भेटवार्ता गर्ने कार्यक्रम छ।

मृत्युपश्चात्...

पृष्ठ १ बाट क्रमशः

आवश्यक रकम व्यवस्थापन गर्ने गरी निर्णय गरिएको मन्त्री पौडेलले बताए। यस्तै, अंग दानमा सघाउने अस्पताललाई यसअघि दिने गरिएको ५० हजार रुपैयाँमा मन्त्रालयले २५ हजार रुपैयाँ थप गरेर ७५ हजार रुपैयाँ पुऱ्याएको छ।

आफ्नो मृत्युपश्चात् अंग दान गर्ने घोषणा गरिसकेका मन्त्री पौडेलले निर्णय गर्दै भनेका छन्, 'आफ्नो मृत्युपछि अरूको जीवन बचाउन चाहनेलाई प्रोत्साहन गर्न खोजेका हौँ, मन्त्री पौडेलले भने, 'एउटाको जीवनपछि अरूको जीवन बचाउने कार्यमा यस निर्णयले व्यापकता पाउने आशा गरेका छौँ।'

हाल प्रतिवर्ष मिर्गौलाका लागि एक हजार र कलेजोका लागि ५५ जनाले मानव अंग प्रत्यारोपण केन्द्रमा नाम लेखाउने-टिपाउने गरेका छन्। तर, मस्तिष्क मृत्युपश्चात् अंग दान गर्ने व्यक्तिहरू निकै कम भएकाले हजारौँको संख्यामा बिरामी अंगको प्रतीक्षामा छन्।

विद्यमान कानुनी व्यवस्थाअनुसार जीवित रगतको नाता पर्नेबाहेकले अंग दान गर्न पाउँदैनन्। तर, मृत्युपश्चात् दान दिने गरी अंग दान गर्न पाउने व्यवस्था छ। हाल भक्तपुरको सहिद धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्रले देशमा बर्सेनि २०० मिर्गौला तथा २० जनाको कलेजो प्रत्यारोपण गर्दै आएको छ। यो कुल अंग प्रत्यारोपणको झन्डै ७० प्रतिशत हो। वीर अस्पताल, त्रिवि शिक्षण अस्पतालसँगै केही निजी अस्पतालले समेत अंग प्रत्यारोपण गर्दै आइरहेका छन्।

Madhyanepal Municipality
Office Of The Municipal Executive
Gandaki Provience
Bhorletar, Lamjung.

Letter of Intent

Date Of Publication: 2081/08/10

To: B.R.S. Construction,
Madhyanepal-1, Jita, Lamjung.

Subject: Issuance of letter of intent to award the contract.

This is to notify you that, it is our intention to award the contract for execution of the **MNM/NCB/81/82/W/01 Bangrebeshi-Hadikhola-Nishan Chautara Road Upgrading** to you as your bid price Rs **1,23,41,739.81** (In words One Crore Twenty Three Lakhs Fourty One Thousand Seven Hundred Thirty Nine Rupees and Eighty One Paisa Only) Including Provision Sum and Valuadded Taxes as corrected and modified in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

CC:
1. Quality Builders, Besisahar-2, Lamjung.
2. Aarsavin Infra Projects, Kalanki, Kathmandu.
3. Samriddhi Rupa Construction Pvt.Ltd. Rupa-6,Kaski.
4. Ocean Infrastructure & Developers Pvt . Ltd., Kathmandu-32.
5. Belu Nirman Sewa, Damauli Tanahun.
6. Mahashakti Nirman Sewa Pvt. Ltd. Butwal.
7. Bishnu Radha Builders, Dordi-2, Lamjung.
8. Akul-Bhole Baba J/V Bharatpur, Chitwan.
9. Indreni Engineering, Rupa, Kaski.

Chief Administrative Officer

कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, नयाँबानेश्वर शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/०८/१० गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ।

तपसिलः

ऋणी -१ को नाम र ठेगाना :
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौमा दर्ता नं. १७९९८०/०७४/०७५ कायम भई मितिः २०७४/०९/०२ मा दर्ता भएको काठमाण्डौं जिल्ला, कीर्तिपुर न.पा. वडा नं. ०४ स्थित **धरणी कृषि फार्म प्रा.लि.**

ऋणी -२ को नाम, थर र ठेगाना :
शीवलाल नेउपानेको नाती, जय प्रसाद नेउपानेको छोरा, खोटाङ जिल्ला, सिम्पानी गा.वि.स वडा नं ०३ बस्ने **देबी प्रसाद नेउपाने**

ऋणी -१ को व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :
शीवलाल नेउपानेको नाती, जय प्रसाद नेउपानेको छोरा, खोटाङ जिल्ला, सिम्पानी गा.वि.स वडा नं ०३ बस्ने **देबी प्रसाद नेउपाने**
डिल्ली सिंह थापाको नाती, तोरण बहादुर थापाको छोरा, काभ्रे जिल्ला, सुन्थान गा.वि.स. वडा नं. ०९ बस्ने **हिक्मत सिंह थापा**

ऋणी -१ र २ को व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :
गोविन्द प्रसाद ढुंगानाको छोरी, देबी प्रसाद नेउपानेको श्रीमती, मकवानपुर जिल्ला, हटिया गा.वि.स. वडा नं. ०६ बस्ने **मिरा कुमारी ढुंगाना**

ऋणी -१ र २ को धितो सुरक्षणको विवरण :
देबी प्रसाद नेउपानेको नाममा मालपोत कार्यालय सुनसरीमा दर्ता श्रेस्ता कायम रहेका सुनसरी जिल्ला, इटहरी गा.वि.स./न.पा. वडा नं. २ (नक्सा सिट नं. २ङ) को कित्ता नं. २३७ र २३५ को ०-२-१६.५-० र ०-१-१.५-० (वि-क-धु-क) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत।

सानिमा बैंक www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

मानिस हराएको सूचना



नाम थरः **राजेन्द्र राना मगर**
उमेर : २९ वर्ष, लिङ्गः पुरुष
ठेगाना : बागमति प्रदेश, जिल्ला रामेछाप, खाँडादेवी गाउँपालिका।
पेशा : चालक
पहिरन : कालो टिशर्ट र निलो जिन्स पाइन्ट
हुलिया : वर्ण गहुंगोरो, उचाई अन्दाजी ५ फिट, शरिर पातलो, कपाल कोलो

सम्पर्कः भाई तिलक रानामगर
९८२४०९८४५८/९८०१०१७७४३

मोटरसाईकल हरायो

देविराज घिसिङको नाममा रहेकाको निम्न व्योहोरा रहेको मोटर साइकल मिति २०८१/०८/११ गते का.जि.च.न.पा. वडा नं. ९ मच्छेगाउँबाट रातीको ०८:३० बजे पार्किङ गरेको अवस्थामा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरि दिनु होला।

प्रकार : Bajaj Pulsar 220 C.C.
बाई नं. : बाग्मती प्रदेश ०२,०५१ प २०८२
चेसिस नं. : MD2A13EXXRCB080783
इन्जिन नं. : DKXCRA16759
रङ : Black, Red
ठेगाना : काठमाडौं
सम्पर्क : 9762266331

ग्लोबल आइएमई बैंक लिमिटेडको
गैरबैंकिङ्ग सम्पत्ति बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको सूचना

प्रकाशित मिति : २०८१/०८/१० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ग्लोबल आइएमई बैंक. को स्वामित्वमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गाहरु) जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न ईच्छुक व्यक्ति तथा संस्थाहरुले यस बैंकबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको कम्तीमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी पत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालय समयमा यस बैंकको प्रधान कार्यालय, नक्साल, काठमाडौं स्थित कर्जा असुली विभाग वा बैंकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ। यस बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लिखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ। सो तोकिएको दिन विदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन साविक समय र सोही स्थानमा बोलपत्र खोलिनेछ। प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ। बोलपत्र फारम तोकिएको दस्तुर तिरी यस बैंकबाट खरिद गर्न सकिने छ। साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ। उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सम्पर्क गर्नु होला।

तपसिल

बिक्री गरिने सम्पत्तिको विवरण (घर/जग्गाको विवरण) | **थप विवरणका लागि**

बुटवल शाखा, रुपन्देही

मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता कायम रहेको :
रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ८ स्थित कित्ता नं. ४४ को क्षेत्रफल ९७.२५ व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय : २०८१ मंसिर १६ गते आइतबार कार्यालय समयसम्म
बोलपत्र खोलिने मिति र समय : २०८१ मंसिर १७ गते सोमबार दिनको ३:०० बजे
बोलपत्र खोलिने स्थान : ग्लोबल आइएमई बैंक लिमिटेडको सम्बन्धित शाखा कार्यालयमा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालय : कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००

सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लिमिटेडको वार्षिक साधारणसभा सम्बन्धी सूचना

पहिलो पटक सूचना प्रकाशित मिति : २०८१/८/१०

यस कम्पनीको सञ्चालक समितिको बैठकको निर्णयअनुसार कम्पनीको वार्षिक साधारणसभा निम्न लिखितन मिति, स्थान र समयमा बस्ने भएको हुँदा सेयर धनी महानुभावहरूको जानकारी लागि कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

साधारणसभा बस्ने मिति, स्थान र समय :
मिति : २०८१/०९/२०
स्थान : का.जि.का.म.न.पा.-३२ (कम्पनीको कार्यालय, कोटेश्वर)
समय : ११:०० बजे

वार्षिक साधारण सभामा छलफल हुने निर्णयहरू
१. आ.व. २०८०/०८१ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने
२. आ.व. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब पारित गर्ने।
३. आगामी आ.व. २०८१/०८२ को लागि लेखा परीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमीक निर्धारण गर्ने।
४. निर्णय पुस्तिकामा हस्ताक्षर गर्न सञ्चालक माध्यमबाट १ जना, सेयर धनीका माध्यमबाट २ जना गरी ३ जना प्रतिनिधि तोक्ने
५. विशेष प्रस्ताव :- मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.मा लगानी भएको सेयर बिक्रि गर्ने
६. विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

रविविरुद्ध पाँचौँपटक १५ दिन म्याद थप

कास्कीमा **रोहितराज पराजुली**

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँगै चारजनामाथि अनुसन्धान गर्न जिल्ला अदालत कास्कीले १५ दिन म्याद थप गरेको छ। न्यायाधीश हिमलाल बेल्वासेको एकल इजलासले लामिछानेसहित गोर्खा मिडिया नेटवर्कका तत्कालीन उपाध्यक्षसमेत रहेका पूर्वडिआइजी छविलाल बन्जाडे जोशी, लीला पछाई र नेचर हर्ब्स इन्टरनेसनल र गोर्खा ग्रुप अफ कम्पनीका सञ्चालक रामबहादुर खनाललाई १५ दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको हो।

अदालतले पक्राउ परेका केही प्रतिवादीको हकमा बयान बाँकी रहेको, बयान गरेका प्रतिवादीको हकमा थप प्रमाण खुलेको, तथ्यमा पूरक बयान गर्न बाँकी रहेको, हस्ताक्षर परीक्षण गर्न पठाइएकोमा प्रतिवेदन प्राप्त हुन बाँकी रहेको, प्रतिवादीहरूको कारोबार रहेको घरजग्गा खरिदबिक्रीको लिखतसम्बन्धी कागज प्रमाण प्राप्त भइनसकेको, कल डिटेल तथा मोबाइल परीक्षण प्रतिवेदन प्राप्त हुन बाँकी रहेको प्रयोजन खुलाउँदै थुनामा राखी अनुसन्धान गर्न अनुमति दिएको हो। सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाको बचत रकम ठगी प्रकरणमा पक्राउ परेका लामिछाने र जोशीलाई प्रहरीले सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा अनुसन्धान गरिरहेको छ।

थुनछेक बहसका क्रममा लामिछानेले न्यायाधीश बेल्बासेसँग आफूलाई हिरासतबाहिर रहेर अनुसन्धान गरियोस् भन्दै म्याद नथप्न आग्रह गरेका थिए। उनले आफू कतै जनाने र नभाग्ने भन्दै कानुनी प्रक्रियालाई सघाउन सधैँ तयार रहेको बताएका थिए।

लामिछानेको आग्रहपछि न्यायाधीश बेल्बासेले भने म्याद थप हुने बताए। 'तपाईंविरुद्ध अन्य जिल्लामा समेत पक्राउ पुर्जी जारी भएकाले कास्कीबाट छुटे पनि अन्य जिल्लाले पक्राउ गरेर लैजाने भएकाले हाल हिरासतमा बस्न तपाईंका लागि उपयुक्त हुनेछ। यहीँबाट लैजाने-ल्याउने गर्नाले तपाईंलाई सहज हुनेछ,' उनले भने, 'अनुसन्धानका लागि ल्याउँदै र लगिँदै गर्दा दोषी भएँ भन्ने ठान्नुहुन्न। दोषी हो वा होइन त्यो अनुसन्धानपछि मात्र थाहा हुनेछ।'

गत २ कात्तिकमा काठमाडौं वनस्थलीस्थित रास्वपा पार्टी केन्द्रीय कार्यालयबाट पक्राउ गरी पोखरा ल्याइएका लामिछानेविरुद्ध म्याद थपिँदै गएको छ। उनलाई ४ कात्तिकमा पहिलोपटक ६ दिन, दोस्रोपटक ८ कात्तिकमा सात दिन, तेस्रोपटक तिहार बिदासमेत जोडेर २० कात्तिकमा १० दिन, चौथोपटक २५ कात्तिकमा १३ दिन र आइतबार पाँचौँपटक १५ दिन म्याद थप गरिएको हो। पोखरा ल्याएसँगै उनको हिरासत बसाइ लम्बिँदै गएको छ।

६ असोजमा काठमाडौंबाट पक्राउ गरी पोखरा ल्याइएका जोशीलाई यसअघि पहिलोपटक पाँच, दोस्रोपटक सात, तेस्रोपटक २०, चौथोपटक सात, पाँचौँपटक १०, छैटौँपटक १३ र आइतबार १५ दिन म्याद थप गरिएको हो। प्रहरीले पछाईलाई १५ असोजमा पक्राउ गरेको थियो।

जिल्ला अदालतको इजलासमा न्यायाधीश बेल्वासे र रविको सवाल–जवाफ


हिमलाल बेल्वासे, न्यायाधीश


रवि लामिछाने

रवि : यतिखेर मैले यहाँहरूलाई भन्ने भनेको मेरो अन्तिम आशा भनेकै सम्मानित अदालत मात्रै हो। किनभने यो सुरुवातदेखि अहिलेसम्म बढी नै राजनीतीकरण भएको मुद्दा हो। राज्यले सहकारीपीडितका लागि कहीँ बोलेको छैन। उहाँहरूमाथि थप अन्याय भएको छ। हामीले त्यतिखेर नै प्रतिवेदनमार्फत कसरी सहकारीको समस्या समाधान गर्न सकिन्छ भनेर प्रतिवेदन दिएका थियौँ। मन्त्री हुँदा मैले फास्ट ट्र्याकबाट अध्यादेश ल्याएर भए पनि समस्या सम्बोधन गर्नुपर्छ भनेर मन्त्रिपरिषद्मा पत्र लेखेको थिएँ।

प्रधानमन्त्रीले उद्घाटन गरेको टेलिभिजनमा जिबी राईले म लगानीकर्ता हुँ, मैले राम्रोसँग गरेको हुँ, जिम्मेवारी लिन्छु भनेको कुरा अहिलेसम्म पनि रेकर्डमै छ। गोर्खा मिडियामा आएको भनिएको पैसा बैंकिङमार्फत भएको हो। सात महिनामा 'वर्ल्ड क्लास' टेलिभिजन बनाउने जिम्मेवारी लिएको हो।

मलाई नै कारण बनाएर, मेरै विषयमा कुरा उठेको हुनाले मलाई नै केन्द्र बनाएर संसदीय छानबिन विशेष समिति बनाइयो। त्यसकारण प्रतिवेदनको मध्यविन्दुमा म नै थिएँ। सरकार परिवर्तन भयो, मानिसको बोली परिवर्तन भयो। त्यतिखेर संसद्मा प्रधानमन्त्रीजीले बोल्दा आफ्नो मनबाट बोल्नुभएको होइन। सबै अनुसन्धान गरेका निकायलाई बोलाएर, बुझेर उहाँले त्यो कुरा बताउनुभएको थियो। अहिलेका प्रधानमन्त्रीज्यूले पनि त्यसैगरी बुझेर बोल्नुभएको थियो। प्रहरी प्रमुखले सबै निकायलाई बोलाएर, सोधेरै भन्नुभएको हो। महान्यायाधिवक्ताको कार्यालयले पनि खोजेर, बुझेरै पत्र दिएको हो।

जिबी राईलाई पक्राउ गर्नुपर्ने कुरामा सबैभन्दा बढी काम गर्ने जनप्रतिनिधिका रूपमा म आफूलाई दाबी गर्न चाहन्छु। मैले मलेसियाका गृहमन्त्रीसँग दुईपटक टेलिफोन सम्पर्क गरेँ। उहाँले दिएकै उपायअनुसार जिबी राईको पासपोर्ट खारेज गर्न यही अदालतमा निवेदन आएको हो। तर, सम्मानित अदालतबाट आदेश आउन सकेन।

न्यायाधीश : यो अनुसन्धानको चरण हो। अहिले दोषी भनिहालेको छैन। अनुसन्धानको चरण हो, निर्दोष पनि हुन सक्नुहुन्छ नि।

रवि : बुझेको छु। अलिकति भोकल भएका कारण समस्यामा परेँ। तर, श्रीमान् हिजो सडकमा मिटरब्याजपीडितको आवाज उठिरहँदा, सदनमा मिटरब्याजपीडितको समस्या समाधान नहुने हो भने सदन चल्न सक्दैन भनेर आवाज उठाएको मैले हो।

अहिले पनि देशमा यत्रो राजनीतिक मुद्दा छन्, त्यस्ता कुरामा पहल हुनुपर्ने, तर सदन चलेको छैन। म यहाँ बसेको एक महिना सात दिन भयो, त्यसको ६ दिन मात्रै सदुपयोग भयो। बाँकी दिन केही गरिएको छैन। श्रीमान् म भागेर कहाँ जान्न। म संसारका राम्रो जिन्दगी बाँचेर आएको मान्छे, यो देशमा केही गर्छु भनेर, अमेरिकी पासपोर्ट बुझाएर, यो देशको सेवामा लागेको मान्छे, म भागेर कहाँ जाउँला र श्रीमान् ? म जतिवेला पनि उपस्थित हुन सक्छु। मेरो कुनै नियत छैन। अनुसन्धानमा सघाउने मेरो नियत छ, तर ममाथि राजनीतिक प्रतिशोध साँधिएको छ। यो हुँदाहुँदै पनि यसो गर्छौं भनेर भनिएका भिडियोहरू सार्वजनिक छन् श्रीमान्। ठाउँठाउँमा मुद्दा लगाइदिन्छु, योपछि अर्को मुद्दा लगाइदिन्छु, ९० दिन लगाइदिन्छु भनेका भिडियोहरू सार्वजनिक छन्।

न्यायाधीश : बिचको अवस्था हो यो, यसमा सुरुको अवस्थामा छुट्टै हुन्छ, अनुसन्धानको अवस्थामा छुट्टै हुन्छ, म्याद थप्ने अवस्थामा अर्कै हुन्छ। यसलाई त्यही रूपमा बुझ्नुपर्छ। अहिले दोषी भएँ भनेर निराश हुनुपर्ने अवस्था छैन, भोलि निर्दोष हुन सक्नुहुन्छ। यो प्रक्रियालाई चाहिँ सघाउनुपर्‍यो।

रवि : मलाई थुनिरहन पर्छ जस्तो लाग्दैन श्रीमान्, सबैभन्दा धेरै मतदाताको मन जितेर प्रतिनिधिसभा सदस्य भएर आएको छु। आशाको साथ आएको छु।

न्यायाधीश : अहिले म दोषी भएँ नि भनेर सोचिहाल्न पनि पर्दैन, अहिले निर्दोष छु भनेर भनिहाल्न पनि पर्दैन।

रवि : जे-जे बाहिर भनिएका छन्, त्यहीँ-त्यहीँ पुग्दै जाँदा, ठाउँ-ठाउँमा मुद्दा, मान्छेलाई फरार गर्दै मुद्दा लगाउँदै जाँदाखेरि अपमान भएको छ श्रीमान्। यहाँ नभने कहाँ भनौँ ?

न्यायाधीश : अपमान त हुँदैन नि, तथ्यमा आधारित भएर काम गर्छौं।

रवि : श्रीमान्, आशा र भरोसा नै सम्मानित अदालत हो।

न्यायाधीश : कसले पोल्यो भन्दा पनि अनुसन्धानले जे देखियो त्यही हुन्छ।

रवि : म सघाउनका लागि तयार छु, तर अलि धेरै हैरानी भयो श्रीमान्।

न्यायाधीश : त्यो हुन सक्छ। त्यही भएर चाँडै सक्न खोजेको।

रवि : खै श्रीमान्, देशभरि मुद्दा लाउँदै जाने। म कसरी के भन्नु र, श्रीमान् आफैँले याद गर्नुहोला।

न्यायाधीश : थुनछेकको वेलामा विचार गर्न सकिन्छ, यो अनुसन्धानचाहिँ ठिक छैन, यो ठिक छ भनेर अहिले भन्ने अवस्था छैन।

रवि : म अनुसन्धानलाई सघाउँछु, ममाथिका प्रतिशोधसँग पनि लडौँला। मलाई सम्मानित अदालतप्रति धेरै विश्वास छ।

न्यायाधीश : थुनछेकको क्रममा छोड्ने राख्ने कुरा हुन सक्छ। तर, तपाईंलाई यहाँबाट छोडे पनि अर्को ठाउँमा यही प्रकरणमा पक्राउ पुर्जी जारी भइसकेको छ, त्यहाँबाट पक्राउ भइहाल्नुहुन्छ।

रवि : श्रीमान् ममाथि अन्याय भएको छ। त्यही भएर तपाईंसँग डिबेट गर्न पनि डर लाग्छ। तपाईमाथि पूर्ण आशावादी छु श्रीमान्।

न्यायाधीश : मैले छाडेर के गर्नु तपाईंलाई समाएर फेरि अर्को जिल्ला लगिहाल्छ। अनुमति दिएको छ अरू जिल्लाबाट पनि। कमसेकम यहीँबाट लानुहुन्छ, बयान गराउनुहुन्छ, यो केसको क्रममा ती केस पनि सकिन्छन्।

रवि : त्यस्तो भएछ भने म जान्छु नि श्रीमान्। तर, मलाई बाहिर रहेर अनुसन्धानमा सहयोग गर्न दिनुहोस्। मलाई अनुसन्धानभरि पोखरा नछोड भन्नुहुन्छ भने पनि छोड्दिनँ।

चिकित्सा शिक्षा आयोगको नयाँ नियमपछि पिजी तहका विद्यार्थी मारमा

सात सय विद्यार्थी स्नातकोत्तर तह पढ्नबाट वञ्चित हुँदै

शिवहरि घिमिरे/नयाँ पत्रिका

चिकित्सा शिक्षा आयोगले यस वर्षदेखि लागू गर्न लागेको नयाँ नियमका कारण चिकित्सातर्फ स्नातकोत्तर तह पोस्ट ग्र्याजुएट (पिजी)मा अध्ययन गर्ने विद्यार्थी मर्कामा पर्ने भएका छन्। पोस्ट ग्र्याजुएट अध्ययन गराउने विद्यार्थीलाई निजी मेडिकल कलेजले मासिक ४९ हजार रुपैयाँ तलब दिनुपर्ने नियमका कारण यो विषय विवादमा परेको छ। निजी मेडिकल कलेजहरूले पिजीमा अध्ययन नगराए सात सय विद्यार्थी पढाइबाटै वञ्चित हुनेछन्। आयोगले निजी मेडिकल कलेजले पोस्ट ग्र्याजुएट अध्ययन गराउने विद्यार्थीलाई मासिक आठौँ तहको अधिकृतसरह ४९ हजार रुपैयाँ तलब दिनैपर्ने नियम लागू गरिसकेको छ। तर, मेडिकल कलेजहरू सो तलब सुविधा विद्यार्थीलाई दिन नसक्ने बताउँदै स्नातकोत्तर तहमा अध्ययन गराउन अनिच्छुक देखिएका हुन्।

आयोगले पिजी अध्ययन गराउन मेडिकल कलेजहरूलाई दुईपटकसम्म फाराम खुला गरे पनि कुनै पनि निजी मेडिकल कलेजले फाराम भरेका छैनन्। पहिलो चरणमा एक महिनाको समयसीमासहित ६ भदौमा फाराम खुलाएको आयोगले कुनै पनि निजी मेडिकल कलेजले फाराम नभरेपछि शुक्रबार ११ मंसिरसम्मको म्यादसहित फेरि फाराम खुला गरेको छ। दोस्रोपटक सूचना जारी गर्दा पनि निजी मेडिकल कलेजहरू आफूहरू मर्कामा पर्ने बताउँदै फाराम भर्न तयार देखिएका छैनन्।

एसोसिएसन अफ प्राइभेट मेडिकल एन्ड डेन्टल कलेज अफ नेपालका अध्यक्ष प्रा.डा. ज्ञानेन्द्रमानसिंह कार्कीले सरकारको नयाँ नियममा आफूहरू सहमत नभएको बताउँदै यसले नेपालको स्वास्थ्य क्षेत्रमा ठुलो असर पर्ने बताए। 'आयोगको नियम मान्न सक्दैनौँ, आठौँ तहबराबरको निर्वाह भत्ता विद्यार्थीलाई दिनुपर्ने नियम जायज छैन, निर्वाह भत्ता जति पनि हुन सक्थ्यो,' उनले भने, 'विद्यार्थीहरू कलेजमा पैसा कमाउन होइन, सिक्न आउँछन्, उनीहरूले सिक्न जरुरी हुन्छ, तर विद्यार्थीलाई नै धेरै तलब दिन सकिन्न। कि त सरकारले एउटा कमिटी गठन गरी हाम्रो पनि प्रतिनिधि राखेर अध्ययन गरी न्यायोचित नियम लागू गरोस्।'

पिजीमा स्नातकोत्तरतर्फ एमडी, एमएस तथा एमडिएस अध्ययन अध्यापन गराउन मेडिकल कलेजले हरेक वर्ष चिकित्सा शिक्षा आयोगमा आवेदन दिनुपर्छ। नयाँ नियमपछि यस वर्ष निजी मेडिकल कलेजले आवेदन नै दिएका छैनन्। यस विषयमा निजी मेडिकल कलेज सञ्चालकहरूले शुक्रबार प्रधानमन्त्री केपी ओलीलाई समेत भेटेका थिए। ओलीले

■ सहजीकरण गर्न शिक्षामन्त्री, स्वास्थ्यमन्त्री र उपाध्यक्षलाई प्रधानमन्त्रीको निर्देशन



पिजीमा देखिएको समस्या समाधानका लागि प्रधानमन्त्री केपी ओलीले शिक्षामन्त्री विद्या भट्टराई, स्वास्थ्यमन्त्री प्रदीप पौडेल, आयोगका उपाध्याक्ष प्रा.डा. अञ्जनीकुमार झालगायतलाई निर्देशन दिएका छन्। आइतबार बालुवाटारमा बसेको बैठकमा ओलीले विद्यार्थी र मेडिकल कलेजहरूका बिचमा मिल्ने गरी समन्वय गरेर विवाद टुंग्याउन निर्देशन दिएका हुन्। आयोगका सदस्यसचिव कृष्णप्रसाद काप्रीले विवाद टुंग्याउने गरी समन्वय गर्न प्रधानमन्त्रीले निर्देशन दिएको बताए। 'प्रधानमन्त्रीज्यूले पिजीमा देखिएको समस्या समाधान गरी विवाद टुंग्याउन भन्नुभएको छ,' उनले भने, 'मन्त्रीज्यूहरू, उपाध्यक्षज्यूलगायत बसेर उचित निर्णय तथा विद्यार्थीलाई पनि निर्वाह पारिश्रमिक हुने गरी विवाद समाधान गर्ने निर्णय भएको छ।'

निजी मेडिकल कलेजलाई परेको मर्काबारे आफू जानकार भएको बताउँदै सहजीकरण गर्ने आश्वासनसमेत दिएका थिए।

व्यवसायीहरूले यस वर्ष नयाँ नियम लागू नगरी यथास्थितिमै राख्न र यसबारे अध्ययन गर्न कमिटी बनाउन र त्यसपछि शुल्क तथा तलब निर्धारण गर्नुपर्ने सुझाव प्रधानमन्त्री ओलीलाई दिएका छन्। विगतमा पिजी पढ्नेलाई निजी मेडिकल कलेजले २०-२४ हजार तलब दिँदै आइरहेका थिए।

आयोगको तथ्यांकअनुसार हाल नेपालमा पोस्ट ग्र्याजुएटमा हरेक वर्ष भर्ना हुने विद्यार्थी संख्या एक हजार दुई सय हो। यसमध्ये पाँच सय विद्यार्थी सरकारी कोटामा अध्ययन गर्छन् भने सात सय विद्यार्थी निजी मेडिकल कलेजमा पढ्दै आएका छन्। तर, विद्यार्थीलाई मासिक ४९ हजार तलब अनिवार्य दिनुपर्ने नियमपछि निजी मेडिकल कलेजहरू पिजी अध्ययन गराउन तयार नदेखिएका हुन्। चिकित्सा शिक्षा आयोगका मापदण्ड तथा प्रत्यायोजन निर्देशनालयका प्रमुख प्रा.डा. सुदीप आचार्यले आयोगको नियममा निजी मेडिकल कलेजहरू आउन नमान्नु दुःखद रहेको बताए। 'निजी मेडिकल कलेजहरूले पनि मापदण्डमा रहेर पिजी कार्यक्रम सञ्चालन गर्न चाहेमा हामीले म्याद थप गरेका छौँ, तर उहाँहरू आउनुभएको छैन,' उनले भने।

बृहत् पूर्ण इजलासबाट सहसचिव आचार्यको मुद्दामा पूर्ण इजलासको व्याख्या अमान्य

शिल्पा कर्ण/नयाँ पत्रिका

काठमाडौंका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यको नक्कली प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको मुद्दामा भएको नजिर अमान्य भएको छ। गत २० असारमा भएको एक फैसलाबाट वर्तमान प्रधानन्यायाधीशसमेत भई गरेको पूर्ण इजलासको फैसलाको व्याख्या अमान्य भएको हो। सिडिओ आचार्यले शाखा अधिकृतको प्रारम्भिक परीक्षामा सामेल हुन झुटा प्रमाणपत्र नै पेस गरेको साथै माथिल्लो शैक्षिकस्तरको परीक्षामा पनि सोही प्रमाणपत्र पेस गरेको भन्दै यस्तो फैसला गरेको हो। प्रहरी नायब निरीक्षक निरबहादुर अधिकारीको मुद्दामा बृहत् पूर्ण इजलासले आचार्यको सम्बन्धमा फैसला गरेको हो।

'निजले इन्टरमिडिएटको झुटा प्रमाणपत्र पेस गरी माथिल्लो शैक्षिक योग्यता प्राप्त गरी सो पेस गरी लाभ लिइसकेको तथा सो झुटो प्रमाणपत्र पनि शाखा अधिकृतको प्रारम्भिक परीक्षाका लागि पेस गरेको दुवै अवस्थाको विद्यमानता देखिँदा यस्तो प्रकृतिको कार्य भ्रष्टाचारजन्य कसुर हुने अवस्था रहन्छ। यस अवस्थामा उक्त मुद्दामा कायम भएको व्याख्यालाई निरन्तरता दिन उपयुक्त र कानुनसम्मत हुने देखिँदैन,' फैसलामा भनिएको छ, 'मुद्दाको फैसला र सो फैसलामा गरिएको व्याख्याका आधारमा यसअघि अन्तिम भइसकेका फैसलाहरूमा प्रतिकूल प्रभाव नपर्ने गरी जयनारायण आचार्यविरुद्ध नेपाल सरकारको मुद्दामा भएको पूर्ण इजलासको व्याख्या आजैका मितिदेखि लागू हुने गरी अमान्य हुनुपर्ने देखियो।'

पाँचजना न्यायाधीश सम्मिलित बृहत् पूर्ण इजलासले यस्तो भनेको हो। सइ अधिकारीको मुद्दामा विशेष अदालतले १७ फागुन ०७५ मा फैसला गरेको थियो भने यसविरुद्धको पुनरावेदनमा गत वर्ष १५ कात्तिकमा फैसला भएको थियो। भारतको पटनाबाट मध्यमा परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र नक्कली रहेको दाबी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भए पनि अधिकारीले भने सो शैक्षिक प्रमाणपत्र कतै पेस गरी कुनै लाभ नलिएको बताएका थिए। विशेषले यो मुद्दामा फैसला गर्दै अधिकारीले नक्कली प्रमाणपत्र पेस गर्नु मात्रै पनि कसुर हुने र प्रहरी प्रधान कार्यालयमा रहने फाइलमा समेत उक्त प्रमाणपत्र रहेबाट उनको लाभ लिने मनसाय पुष्टि हुने उल्लेख गरेको थियो। यसै कारण ६ महिना कैद र १० हजार रुपैयाँ जरिवाना हुने निर्णय गरेको थियो। तर, यस्तै प्रकृतिको आचार्यको मुद्दामा भने सर्वोच्चले सफाइ दिने फैसला गरेको थियो। एकै प्रकृतिका मुद्दामा फरक-फरक व्याख्याका कारण एकरूपता कायम गर्नुपर्ने भन्दै संयुक्त इजलासबाट लगत कट्टा गरी पूर्णमा पठाइएको थियो। अधिकारीले आफूलाई पनि आचार्यको मुद्दामै भएको रुलिङ हुनुपर्ने जिकिर गरेकोमा उक्त रुलिङ 'प्रोस्पेक्टिभ ओभररुलिङ' हुने फैसला भएको हो।

अधिकारीलाई भने सर्वोच्चले बढुवा हुनुपूर्व नै नक्कली प्रमाणपत्र पेस गर्नुले प्रतिवादीले लाभ लिन सक्ने सम्भावना रहिरहेको भन्दै दोषी ठहर गरेको छ। 'पेस गर्न आवश्यकै नभएको प्रमाणपत्र पेस गर्ने कार्य पछाडि ओहदासम्बन्धी सम्भावित लाभ प्राप्त गर्ने मनसाय रहेको भन्ने नै देखिन आउँछ,' फैसलामा छ।

■ दुईपटक सर्वोच्च पुगेको आचार्यको मुद्दा

आचार्यको मुद्दामा सर्वोच्चबाट यसअघि पहिलोपटक न्यायाधीशहरू आनन्दमोहन भट्टराई र सपना प्रधान मल्लको इजलासले फैसला गरेको थियो। विशेषबाट भने १७ जेठ ०६६ मा फैसला भएको थियो। त्यसवेला विशेषले कुनै ओहदा पाउन वा बढुवाका लागि नक्कली प्रमाणपत्र पेस गरेको नभई तथा त्यसपछि पनि विभिन्न तह उत्तीर्ण गरेको भन्दै आचार्यलाई सफाइ दिएको थियो। सरकारी सेवामा अधिकृतका रूपमा प्रवेश गर्दा पनि त्रिभुवन विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरेको आधारमा नियुक्त भएकाले पनि उनलाई सफाइ दिइएको फैसलामा थियो। १७ जेठ ०६६ को उक्त फैसलालाई पछि सर्वोच्चले भने उल्ट्याएको थियो।

सर्वोच्चले २४ फागुन ०७३ मा तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ बमोजिम पाँच सय रुपैयाँ जरिवाना हुने सजाय सुनाएको थियो। सर्वोच्चको फैसलाविरुद्ध आचार्यले पुनः पुनरावलोकनको निवेदन दर्ता गराएका थिए। आफूले भारतबाट प्राप्त गरेको माध्यमिक तहको प्रमाणपत्रको आधारमा नभई नेपालबाटै अध्ययन गरेको पत्रका आधारमा जागिर खाएको दाबी गरेका थिए। यो मुद्दामा न्यायाधीशहरू दीपकराज जोशी, प्रकाशमानसिंह राउत र डम्बरबहादुर शाहीको इजलासले फैसला गरेको थियो। राउत हाल प्रधानन्यायाधीश छन्।

पूर्ण इजलासले यसअघिका नजिर टेक्दै आचार्यलाई सफाइ दिएको थियो। नेपालबाटै एसएलसीदेखि स्नातकोत्तर तह उत्तीर्ण गरेको अवस्थामा भारतबाट उत्तीर्ण गरेको प्रमाणपत्र नक्कली पुष्टि भएकै आधारमा दोषी ठहर गर्न नमिल्ने फैसला भएको थियो। 'यस मुद्दाका प्रतिवादी न त विवादित प्रमाणपत्रबाट ओहदामा प्रवेश गरेको देखिन्छ, न त सोभन्दा माथिको पदमा बढुवा भएको नै पाइन्छ। यस्तो अवस्थामा विवादित प्रमाणपत्रबाट सम्भावित लाभ लिने अभिप्राय वा उद्देश्य रहेको भन्न मिल्दैन,' फैसलामा भनिएको छ।

■ के हुन्छ आचार्यको सिडिओ पद ?


जयनारायण आचार्य
प्रमुख जिल्ला अधिकारी, काठमाडौं

आचार्य हाल जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख छन्। फैसलामै उनले भ्रष्टाचार गरेको भनिए पनि उनको पद र ओहदालाई फैसलाले केही असर नगर्ने कानुनका जानकार बताउँछन्। नायब महान्यायाधिवक्ता सञ्जीवराज रेग्मीले पहिल्यै अन्तिम भइसकेका फैसलाहरूमा प्रतिकूल प्रभाव नपर्ने गरी भन्ने वाक्य प्रयोग भएकाले आचार्यलाई कुनै असर नगर्ने बताए। 'जयनारायण आचार्यको हकमा मुद्दा सकिसक्यो। त्यसमा कुनै प्रतिकूल असर पर्दैन भनेर फैसलामै भनिएको छ,' उनले भने, 'जुन सिद्धान्त प्रतिपादन भएको छ अर्थात् लाभ नै नलिए पनि त्यस्तो प्रमाणपत्र पेस गरेमा त्यो भ्रष्टाचार हुन्छ भनेको छ, त्योचाहिँ नयाँ भयो, त्यो नजिर भयो।' नजिरको सिद्धान्तअनुसार पनि आचार्यको हकमा केही लागू नहुने उनको भनाइ छ। एउटा इजलासबाट भएको नजिरलाई अर्कोले अमान्य घोषित गर्न सक्छ, पुरानो नजिर कायम नरहन सक्छ। तर, पहिलेको फैसला भने प्रभावित नहुने रेग्मीको भनाइ छ। यसअघि पनि यस्ता किसिमका फैसला भएको, तर पहिलेका फैसला प्रभावित नभएको उनले बताए।

प्रतिनिधिसभा सचिव अधिकारीले दिए राजीनामा



काठमाडौं/ प्रतिनिधिसभा सचिव सुरेश अधिकारीले पदबाट राजीनामा दिएका छन्। उनले आइतबार राजीनामा दिएको संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिए। 'उहाँले स्वास्थ्यको कारण देखाउँदै राजीनामा दिनुभएको छ,' उनले भने। सभामुख देवराज घिमिरे कम्बोडिया भ्रमणमा रहेका वेला सचिव अधिकारीले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष राजीनामा दिएका हुन्। राष्ट्रपतिले सोमबारदेखि लागू हुने गरी अधिकारीको राजीनामा आइतबारै स्वीकृत गरेका छन्। शिक्षासचिवबाट सेवानिवृत्त भएका अधिकारीलाई सभामुख घिमिरेले १७ असारमा प्रतिनिधिसभा सचिव नियुक्तिका लागि राष्ट्रपतिलाई सिफारिस गरेका थिए। उनी १८ असारमा नियुक्त भएका थिए।

प्रतिनिधिसभा सचिव अधिकारीलाई संसद्को संयुक्त समितिका रूपमा रहेको राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिको सचिवको जिम्मेवारी दिइएको थियो। समितिमा अधिकारीले कार्यसम्पादनका क्रममा सांसदहरूको व्यवहारबाट असहजता महसुस गरेका थिए। संसद् सचिवालयका पदाधिकारीका अनुसार अधिकारीले आफ्नो भूमिका सहज नभएको, एडजस्ट हुन नसकिएको भन्दै दसैँअघि नै सभामुख घिमिरेलाई गुनासो गरेका थिए। साथै, सेवानिवृत्तपछि पाउने पेन्सनभन्दा सचिव पदको सुविधा कम भएको, सांसदहरूबाट पनि राम्रो व्यवहार नपाएको र सक्रिय भूमिका नभएको भनेर सहकर्मीलाई गुनासो गर्दै आएका थिए।

स्थानीय तह उपनिर्वाचनमा लाइसेन्स देखाएर पनि मतदान गर्न पाइने

काठमाडौं/ निर्वाचन आयोगले स्थानीय तहको १६ मंसिरमा हुने उपनिर्वाचनमा मतदाता परिचयपत्र नभए अन्य कागजातका आधारमा पनि मतदान गर्न सकिने जनाएको छ। आयोगका अनुसार मतदाता परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानी वा स्थायी लेखा नम्बर परिचयपत्र वा सवारीचालक अनुमतिपत्रको सक्कल प्रमाणका आधारमा मतदान गर्न पाउने निर्णय भएको छ।

आयोगका अनुसार यी प्रमाणपत्रलाई अन्तिम मतदाता नामावली विवरणसँग भिडाई यकिन गरी मतदान गर्न पाउने व्यवस्था मिलाउन सम्बन्धित मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतलाई निर्देशन दिइएको छ। ४१ पदका लागि निर्वाचन हुँदै छ। यसैगरी, प्रचार-प्रसारमा आचारसंहिताविपरीत सवारीसाधन प्रयोग नगर्न राजनीतिक दल तथा उम्मेदवारहरूलाई निर्देशन दिएको छ। सवारीसाधनमा लाउड स्पिकरसमेतको प्रयोग गरी निर्वाचन प्रचार-प्रसारका कार्यहरू भइरहेको भन्ने सूचना आएको भन्दै आयोगकी प्रवक्ता नीता पोखरेल अर्यालले यस्ता सवारी कब्जामा लिई आवश्यक कानुनी कारबाही गर्न स्थानीय प्रशासनलाई निर्देशन पनि दिइएको बताइन्। आयोगले आचारसंहिताविपरीत कार्य नगर्न दलहरूको ध्यानाकर्षणसमेत गराएको छ। आयोगले आचारसंहिताविपरीतको कार्य गर्नेलाई आयोग, निर्वाचन अधिकृत वा अनुगमनकर्ताले २५ हजारसम्म जरिवाना गर्न सक्ने र जरिवाना गर्ने अधिकारीले त्यसरी प्रयोग भएको सवारीसाधन निर्वाचन अवधिभरका लागि कब्जामा लिन सक्ने कानुनी व्यवस्था पनि स्मरण गराएको छ। साथै, निर्वाचन कानुनविपरीतको कार्यमा प्रयोग हुने गरी सवारीसाधन प्रयोग नगर्न र प्रयोग गर्न नदिन सम्बन्धित सवारीधनी, चालक तथा सरोकारवाला सबैलाई सचेत पनि गराएको छ।

राष्ट्रपति रामचन्द्र पौडेलले उपनिर्वाचनमा नेपाली सेना परिचालन गर्न स्वीकृति प्रदान गरेका छन्। उपनिर्वाचन सुरक्षित, भयरहित, निष्पक्ष एवं शान्तिपूर्ण रूपमा सम्पन्न गर्न मन्त्रिपरिषद्ले ६ मंसिरमा नेपाली सेना परिचालन गर्न सिफारिस गरेको थियो। सेनाका परमाधिपतिसमेत रहेका पौडेलले संविधानको धारा ६६(२) बमोजिम स्वीकृति प्रदान गरेको राष्ट्रपति कार्यालयकी प्रवक्ता शैलजा रेग्मी भट्टराईले बताइन्।

हनी ट्र्यापिङ प्रकरण : फरार इन्स्पेक्टरसहित ६ जनाविरुद्ध संगठित अपराधमा मुद्दा दायर

घटनामा जोडिएका एसपी कमल थापाको हकमा थप अनुसन्धान गर्न सरकारी वकिल कार्यालयको निर्देशन

नयाँ पत्रिका

प्रहरी अधिकारीकै मिलेमतोमा भएको 'हनी ट्र्यापिङ' घटनामा संलग्न ६ जनाविरुद्ध अदालतमा संगठित अपराधमा मुद्दा दायर भएको छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को अनुसन्धान प्रतिवेदनका आधारमा दुई प्रहरी र गिरोहका चारजना सदस्यविरुद्ध जिल्ला अदालत ललितपुरमा आइतबार मुद्दा दायर भएको हो।

गिरोहलाई सहयोग गर्ने प्रहरी निरीक्षक बिनुकुमारी शाही र सहायक हवल्दार महेन्द्र हमाललाई समेत जिल्ला सरकारी वकिल कार्यालय, ललितपुरले मुद्दा दायर गरेको हो। उनीहरूमध्ये शाही फरार छिन् भने हमाल प्रहरी थुनामै छन्। शाही र हमाल निलम्बनमा छन्। त्यस्तै, गिरोहका नाइके ताज इस्लाम भनिने तजस्मुल इस्लाम र उनका सहयोगीहरू दर्शन पोखरेल, सुष्मा विक र भीमादवी थापालाई पनि प्रतिवादी बनाइएको छ। पोखरेल भने फरार छन्।

जिल्ला सरकारी वकिल कार्यालय, ललितपुरका प्रवक्ता भरतकुमार मैनालीले उनीहरूविरुद्ध संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा १ बमोजिम सजाय माग गरी मुद्दा दायर गरिएको बताए। उनीहरूविरुद्ध आपराधिक लाभको अभियोगसमेत रहेकाले साढे १० वर्षसम्म कैद सजाय माग गरिएको छ।

घटनामा जोडिएका एसपी कमल थापाको हकमा भने थप अनुसन्धान गर्न सरकारी वकिल कार्यालयले निर्देशन दिएको छ। उनीसहित गिरोहसँग निकट देखिएका भगवती थापा, अनिषा कार्की र खुसी रसाइलीको हकमा थप खुल्न आएका बखत मुद्दा दायर हुने अभियोगपत्रमा उल्लेख छ।


बिनुकुमारी शाही

गत ७ असोजमा इटहरीका एक व्यवसायीलाई ललितपुरको भैँसेपाटी प्रभागमा थुनामा राखेर ३० लाख लेनदेन गरी छाडिएको थियो। केही महिनाअघि सँगै भेडेटार घुम्न गएकी युवतीलाई कुटपिटको उजुरी हाल्न लगाएर ती व्यापारीलाई पक्राउ गरिएको थियो। पक्राउपछि प्रहरीकै मिलेमतोमा पैसा तिर्न लगाइएको पीडितले बताएका छन्। जसमा २० लाख भीमादेवी थापाको खातामा जम्मा गर्न लगाइएको थियो।

यसरी पैसा जम्मा गर्न भैँसेपाटी प्रभागकी प्रमुख रहेकी इन्स्पेक्टर शाहीले हवल्दार हमाललाई पक्राउ परेका व्यापारीसँगै बैंकमा पठाएकी थिइन्। व्यापारीले थप १० लाख रुपैयाँ चेकमार्फत दिएका थिए। यसरी लेनेदन भए पनि मिलापत्र गरी ती व्यापारी छुटेका थिए। मिलापत्र गराएबापत इन्स्पेक्टर शाहीले थप डेढ लाख लिएकी थिइन्।

जिल्ला प्रहरी परिसर, ललितपुरले तत्कालै त्यसबारे सूचना पाई पक्राउ परेका र पीडित भनिएका सबैलाई परिसर पठाउन इन्स्पेक्टरलाई निर्देशन दिएको थियो। परिसरले छानबिन गर्दा प्रहरीकै मिलेमतोमा यसरी हनी ट्र्यापिङको घटना भएको खुलेपछि मुद्दा प्रक्रिया अघि बढेको हो। सुरुमा ललितपुर परिसरले नै अनुसन्धान गरेकोमा अनुसन्धानमा आबद्ध अधिकारीमाथि इन्स्पेक्टर शाहीले व्यक्तिगत आरोप लगाइन्।

त्यसपछि फाइल सिआइबीमा पुगेको थियो। तर, दुई महिनासम्म पनि इन्स्पेक्टर शाहीलाई प्रहरीले पक्राउ गर्न सकेन। उनले मुख्य आरोपी इस्लामको मोबाइल नै गायब बनाएकी थिइन्। जसकारण महत्त्वपूर्ण प्रमाण गायब भएका छन्। यसरी नियोजित रूपमा प्रमाण नष्ट गर्दासमेत प्रहरी नेतृत्वले इन्स्पेक्टर शाहीलाई पक्राउ गर्न अनुमति नदिएको प्रहरी स्रोत बताउँछ।

एसपी थापाले नै इस्लामको समूह र इन्स्पेक्टरबिच चिनजान गराएर त्यसरी पैसा असुल्न लगाएको प्रारम्भिक छानबिनमा खुलेको थियो। तर, उनको हकमा तत्काल मुद्दा नचल्ने निर्णय भएको छ। गत जेठमा दरबारमार्ग वृत्तमा पनि यसैगरी एक व्यापारीलाई फसाइएको घटनामा पनि एसपी थापाको भूमिकामाथि सिआइबीले अनुसन्धान गरिरहेको छ।

अस्तित्व रक्षाको संकटमा कर्मचारीतन्त्र

व्यवहारगत कमजोरी, चारित्रिक विशेषता र यसको 'इकोसिस्टम'का कारण कर्मचारीतन्त्र निकै आलोचित र अतिक्रमित भएर अस्तित्व रक्षाको 'क्रसरोड'मा छ



● गोपीनाथ मैनाली

अग्रलेख

आफू राष्ट्रपति निर्वाचित भएमा सरकारी संरचनालाई छरितो बनाउने, अराजनीतिकृत प्रशासनलाई राजनीतिकृत गर्ने र गणतन्त्रवादीको पहिचानसाथ संघीय सरकार पुनर्निर्माण गर्ने घोषणा डोनाल्ड ट्रम्पले गरेका थिए। नभन्दै उनी निर्वाचित भए र आफ्नो योजना कार्यान्वयन गर्न सरकारी कार्यकुशलता विभाग स्थापना गर्ने प्रतिबद्धतासाथ त्यसमा उद्यमशील अन्वेषक एलन मस्क र युवा उद्यमी विवेक रामास्वामीलाई जिम्मेवारी दिने घोषणा गरेका छन्। सुधारको प्रमुख कार्य सर्त कर्मचारीतन्त्र कटौती र खर्चमा सुधार हुने भनिएको छ। यस अभियानलाई उनले अमेरिका बनाउने अभियान (मेक अमेरिका मुभभेन्ट) नाम दिएका छन्। यस शताब्दीका विख्यात विचारक युभल नोह हरारीले रोबोट सेनाभन्दा खतरा एआई कर्मचारीतन्त्र बन्दै छ भनेर कर्मचारीतन्त्रको अधिकार अर्को कर्मचारीतन्त्र भएर आउने एआईले लिने खतरा देखाइरहेका छन्। राष्ट्रको कार्यकारीको भूमिका सम्हाल्दै गरेका ट्रम्प, विचारक हरारी र अन्वेषक-उद्यमी मस्क तथा रामास्वामीको समान निष्कर्ष कर्मचारीतन्त्र खराब छ भन्ने नै छ।

कर्मचारीतन्त्रको विरोधको काम यसको जन्मसाथ भएको थियो। कर्मचारीतन्त्रका पिता भनिने म्याक्स वेवरले आदर्श कर्मचारीतन्त्रको आविष्कार गर्दै भनेका थिए, कार्य गर्दै जाँदा आदर्श कर्मचारीतन्त्रमा 'आदर्श' चाहिँ हराएर 'कर्मचारीतन्त्र' बाँकी रहन्छ, त्यसपछि यसको आलोचना हुन थाल्छ। वामपन्थी विचारकहरूले बुर्जुवा वर्गसँगै नोरशाहीको समूल नष्ट हुन्छ भन्न पछि परेनन्। उनीहरूको अर्थमा कर्मचारीतन्त्र नोकरशाही हो र सधैं सम्भ्रान्त कुलीनहरूको पक्षपोषण गर्छ। के-के न गर्न सकिन्छ भनेर क्रान्तिमार्फत सत्तामा पुगे पनि राज्यशक्तिको जकड्याइँ त नोकरशाहीको रहेछ भनेर लेनिनले आश्चर्य मानेका थिए। एकजना अमेरिकी सिनेटरले कर्मचारीतन्त्रलाई ठुलो मिठाइको धोक्रोसँग तुलना गरी त्यसलाई चिच्याउन, निमोठ्न र आलोचना गर्न सकिए पनि 'आटको पाट' नचल्ने चरित्रको भनेकी थिइन्। ८० को दशकमा मार्गरेट थेचरले कर्मचारीतन्त्रको विकल्पमा थालेका अभियान अहिले पनि निरन्तर छ। राष्ट्रपति बिल क्लिन्टन र सभामुख न्युट ग्रिंटले ठुलो सरकार समस्याको समाधान नभई समस्याका कारण हो भनी कर्मचारीतन्त्र घटाउने बृहत् बहस गरेका थिए। निकै प्रिय मानिएका अमेरिकी राष्ट्रपति बाराक ओबामाले घुमाउरो तरिकाले कर्मचारीतन्त्रको विकल्प खोज्न आफ्ना प्रविधि सल्लाहकार अनिस चोपरामार्फत आविष्कारमुखी सरकारको अवधारणा अघि सारे। भारतमा महाकवि सुरदासको समयदेखि- 'बहुत ज्यादा लिया, दिया बहुत कम, मर गया देश अरे जीवित रहोगे तुम।' जस्ता श्लोकबाट कर्मचारीतन्त्र राज्यबाट धेरै लिने, तर जनतालाई केही नदिने संस्थाका रूपमा विम्बित छ। नेपालमा एकजना राजनीति र कर्मचारीतन्त्रको स्वाद चाखिसकेका प्राज्ञिक व्यक्ति भन्दै थिए 'कोही आफूलाई सखाप बनाउन चाहन्छ भने कर्मचारीतन्त्रमा पसे हुन्छ, निकम्मा हुन एक वर्ष नै काफी छ।' अर्का पूर्वमन्त्रीले भने 'कसो बुद्धि खुलेर त्यता गइएनछ नत्र म पनि त्यस्तै हुन्थें।' राजनीतिज्ञले मात्र होइन, यो संस्था सेवाग्राही, कवि, कलाकार, व्यंग्यकार, उद्यमी सबैबिच अप्रिय हुँदै आएको छ। उल्लिखित अभिव्यक्तिहरूले पनि यसैलाई पुष्टि गर्छन्।

अमेरिकामा राष्ट्रपतिको कार्यभार सम्हाल्नेबित्तिकै ट्रम्पका विश्वासी एलन मस्क र विवेक गणपति रामास्वामीले कर्मचारीतन्त्रलाई छिचोलेर, सरकारी खर्च कटाएर, अनावश्यक नियमन हटाएर, संघीय संरचना पुनर्संरचना गरेर 'अमेरिका बचाऊ' (सेभ अमेरिका)को अभियान लागू गर्ने भनेका छन्। अर्को अर्थमा उनीहरू कर्मचारीतन्त्रलाई 'डिस्मेन्टल' गरेर अमेरिका बचाउने रणनीतिमा छन्। मानौं, कर्मचारीतन्त्र अमेरिकी पहिचान र रिपब्लिकन सुधार अभियानको बाधक हो। उनका सामाजिक सञ्जालमा आएका भाषाले त यही बोल्छ, तर यिनै कुरा भाषणमा भन्दा चाहिँ न्युजिल्यान्डकी माउरी अल्पसंख्यक सांसद हाना रह्मिटी मैपीले आक्रोशमा चिच्याएको हाका भाकाजस्तै लाग्छ। भाषा र हाउभाउले मन र मस्तिष्कलाई अभिव्यक्त गर्छन्। यसको पुष्टि रामास्वामीले गरे- 'डेमेक्रेटले भनेझैं यो लोकतन्त्रको खतरा होइन, भ्रष्ट कर्मचारीतन्त्रका लागि खतरा हो' (थ्रेट टु डेमोक्रेसी, नोप, थ्रेट टु ब्युरोक्रेसी)। मस्कको शब्दमा 'कर्मचारीतन्त्रको निर्मूलन र लोकतन्त्रको पुनः आरोहणका लागि सरकारी दक्षता विभाग आवश्यक छ। के कर्मचारीतन्त्र लोकतन्त्रको खतरा हो ? होइन भने कर्मचारीतन्त्रविरुद्ध साझा भाष्य किन बनिरहेको छ ? हो भने किन यसलाई अभेद्य, अत्याज्य र राज्य-व्यवस्थाको महत्त्वपूर्ण भूमिकामा संरचित गरियो ? यसबारे कहीँकतै मिहीन ढंगमा विश्लेषण गरिएको छैन। यसका कतिपय व्यवहारगत कमजोरी, चारित्रिक विशेषता र यसको इकोसिस्टमका कारण यो संस्था आलोचित, निकै आलोचित र अतिक्रमित भएर अस्तित्व रक्षाको क्रसरोडमा



छ। राजनीति र अन्य वर्गमा रहने वृत्तिईर्ष्याको मनोविज्ञानको कारण पनि हो यसको अस्तित्व संकट। कर्मचारीतन्त्र यसको 'रेसिपी'का कारण पनि आलोचित छ। कर्मचारीतन्त्र सामान्य विधिबाट संरचित हुन्छ। यसको रणनीति माथिबाट निर्धारित हुन्छ, अधिकार र जिम्मेवारी माथिबाट तल झर्छ, जवाफदेहिता तलबाट माथि उक्लन्छ। ठुलाले कजाउँछ, साना कजिन्छन्। कर्मचारी बढुवाका लागि प्रतिस्पर्धा गर्छन्, प्रतिस्पर्धा चाँकाका लागि गर्छन् न कि जिम्मेवारीका लागि। सुपरिवेक्षकले मूल्यांकन गर्छ। नियमले विवेकलाई कठोर बनाउँछ, तह सोपानले सम्बन्धलाई असहज पार्छ। यी सबै रेसिपी (तत्त्व) भएपछि कमचारीतन्त्र बनेको हो। यी परम्परागत आधारभूत तत्त्वका कारण यो लोकप्रिय हुँदैन, तर यसको विकल्प पनि पाइँदैन। त्यसैले, कर्मचारीतन्त्रको विकल्प खोज्ने, विस्थापन गर्ने, खारेज गर्ने, डिसमेन्टल गर्ने, विनिर्माण गर्ने, बाइपास गर्ने, राजनीतिकृत गर्ने, सुधार गर्ने, संरचना कटाउने, एजेन्सीकृत गर्नेजस्ता शब्दहरूबाट आलोचना गरिँदै आएको छ। यसबाट कर्मचारीतन्त्रको मनोबल झनै गिरेको छ। आफ्नै अभिभावकको व्यवहारले झनै हतप्रभ बनेको छ। यसको पूर्ण विकल्प नभएपछि यसलाई विस्थापन गर्न सकिने भएन, सुधारको रणनीति लिनुको विकल्प छैन भन्ने निष्कर्षबाट पर पुग्नु हुँदैन। नेपालमा सबै प्रधानमन्त्रीले जनतालाई महसुस हुने गरी काम गर्न निर्देशन दिँदै आएका छन्। लोकतन्त्र पुनर्स्थापनापछिका पहिलो प्रधानमन्त्रीले कर्मचारीतन्त्रको आकार घटाउने र कार्यशैली परिवर्तन गर्ने र सरकारको कार्य आयतन घटाउने कामको सुरुवात गरेका थिए। त्यस बखत करिब एक लाख सात हजार निजामती कर्मचारीको संख्यालाई सतहत्तर हजारमा झार्ने रणनीति थियो। निजामती सेवा ऐन तर्जुमा गरी उच्च पदहरूमा खुला प्रतियोगिताको प्रावधान राखी निजामती सेवाबाहिरका मानिस ल्याउने रणनीति लिइयो। तर, खुलामा पनि भित्रकै मानिस पास भएपछि त्यो अभीष्ट काम लागेन। अहिले संघीय निजामती सेवा विधेयकमा प्रतिस्पर्धाको आयतन साँघुर्‍याउन खोजिएको छ। राज्यका विशिष्ट संरचनामा पूर्वकर्मचारीलाई नियुक्ति नगर्ने बहस चल्दै आएको छ। बुझ्नुपर्ने के हो भने जहाँबाट नियुक्त भए पनि नियुक्तिपछि चाहिँ ऊ कर्मचारीतन्त्रमा जकडिन्छ। कर्मचारीतन्त्रको विकल्पका रूपमा सल्लाहकार राख्ने, स्वकीयसचिव कार्यालयमा राख्ने काम राजनीतिक कार्यकारीले गरेर कर्मचारीतन्त्रीय प्रणालीको बाइपास च्यानल बनाउँदै आएको पाइन्छ। तर, ती संयन्त्रले पनि विज्ञता, सूचना र सम्झना कर्मचारीतन्त्रीय प्रणालीबाट लिन्छन्। अन्ततः ती पुनः कर्मचारीतन्त्रको अर्को रूपमा संरचित हुन पुग्छन्। जसरी निर्णय गरिए पनि कार्यान्वयनको लय भनेको कर्मचारीतन्त्रीय पद्धति हो। किनकि, कर्मचारीतन्त्र संयन्त्र र स्वरूप मात्र नभई विधि, प्रणाली, कार्यशैली र कार्य अनुशासन हो। कतिपयले यसलाई अरबी घोडा भनेका छन्, जसले चढ्न जान्दछ, उसले कजाउँछ र गन्तव्यमा सजिलै पुग्छ, जुन नेतृत्वले त्यसो गर्न सक्दैन बिचैमा फालिदिन्छ। जापानका मेजी, सिंगापुरका यु, दक्षिण कोरियाका पार्कहरूले कर्मचारीतन्त्रलाई राम्ररी उपयोग गरे, यो समृद्धिको सहयोगी बन्यो र कजाउनेहरू राजनेता कहलिए। राजपाक्षे, हसिना, एर्सादहरूले दुरुपयोग गरे, जसको परिणाम अहिलेको श्रीलंका, बंगलादेश र पाकिस्तानमा देखिन्छ। यस अर्थमा कर्मचारीतन्त्रलाई विस्थापन गर्ने भन्ने सम्भव विषय होइन। आलोचना र अतिक्रमणको क्षेत्र उसको शैली मात्र हो। शैलीचाहिँ सुधार गरिनैपर्छ, अन्यथा जनताबाट यो विमुख बन्दै जानेछ। त्यसैले आजभोलि भन्ने गरिएको छ- विस्थापन होइन, कर्मचारीतन्त्रको डिएनए परिवर्तन।

> कर्मचारीतन्त्रलाई विस्थापन गर्नु सम्भव विषय होइन। आलोचना र अतिक्रमणको क्षेत्र उसको शैली मात्र हो। शैलीमा चाहिँ सुधार गरिनैपर्छ, अन्यथा यो जनताबाट विमुख बन्दै जानेछ। त्यसैले, आजभोलि भन्ने गरिन्छ- विस्थापन होइन, कर्मचारीतन्त्रको डिएनए परिवर्तन।

शैली परिवर्तनका लागि संवेदनशील भएर सोचिएको छैन र यसले जनताबाट आफैं आलोचित हुने काम गर्‍यो। राजनीतिक कार्यकारीले आफ्नो शैली, स्वभाव र प्रवृत्तिलाई गहन रूपमा विश्लेषण गर्न चाहेनन् वा भ्याएनन्। पिटर प्लास्त्रिक, डेभिड ओब्सर्न, आन्ड्रे डे वालले संरचना होइन, संस्कृति परिवर्तन गर्न सुझाएका छन्। प्रशासन र राजनीति दुवैको शीर्ष स्थानमा पुगेकी न्युजिल्यान्डकी पूर्वप्रधानमन्त्री एवं राष्ट्रसंघीय विकास कार्यक्रमकी पूर्वप्रमुख हेलेन क्लार्कले कर्मचारीलाई प्यासन (आत्मिक जागरुकता) जगाउने गरी कहिले नसोचिएकाले नयाँ सार्वजनिक जारुकतामार्फत कर्मचारीमा आन्तरिक उत्साह स्वचालित बनाई यो संयन्त्रलाई विश्वासिलो, ग्रहणशील र गतिशील बनाउन सुझाएकी छिन्। न्युजिल्यान्ड प्रशासन सुधारको नेतृत्व गर्ने मुलुक हो। कर्मचारीतन्त्र देखिँदैन, निर्वाचित हुँदैन, अप्रजातान्त्रिक हुन्छ भन्ने तर्क सान्दर्भिक नै होइनन्। किनकि यो संयन्त्र राजनीतिबाट 'इम्प्याक्टेड' हुन्छ। ब्राजिलका आन्तरिक मामिलामन्त्रीले त कर्मचारीतन्त्रलाई अनिर्वाचित प्रतिनिधि भनेका छन्। जिम्मी कार्टर र जेन्को सुजुकीले आफूहरू सफल हुने अभियान प्रशासन सुधारबाट गरेका थिए। भारतीय संविधान निर्माताहरू भारतलाई भारत बनाइराख्नमा कर्मचारीतन्त्रले सघाएकोमा प्रशंसा गरियो र आजभोलि भारतीय राष्ट्रनिर्माणको दह्रो स्टिलफ्रेम यसैलाई मानिन्छ। असफल अपवादलाई सामान्यीकरण गरिनु हुँदैन। यसले राजनीतिजस्तो 'पार्ट'मा विभाजित नभई 'होल'मा काम गर्छ। तर, यसलाई मेरिटको दम्भमा मात्तिएर वा व्यावसायिक सदाचारिता नदेखाएर सेवक होइन, शासक हुँ भन्ने छुट छैन। भी भी दोन्भाले भनेझैं शासन र सभ्यता असफल हुन्छ भने यसैको कारणले हुन्छ, यो सुधिनुपर्छ, यसलाई संकटमा पार्नुहुन्न।

@mainaligopi

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **पूर्णचन्द्र भट्टराई**लाई



कर्मचारीको कार्यसम्पादन मूल्यांकन कसरी गरिन्छ ?

हाम्रो कार्यसम्पादन मूल्यांकनका सूचकहरू वस्तुपरक छैनन्। कार्यसम्पादन मूल्यांकनका क्रममा व्यक्तिको जिम्मेवारीमा रहेको कामको प्रतिशत निकालिन्न। जसले गर्दा कर्मचारीको कामसितको सम्बन्ध कमजोर भयो। दिइएको कामको वस्तुगत मूल्यांकन गरेर मूल्यांकन गरिन्न। यो नितान्त मनोगत छ। मूल्यांकनकर्ताले व्यक्तिलाई हेरेर गर्ने मूल्यांकन वस्तुपरक हुने सक्दैन। व्यक्तिको वृत्ति विकाससँग जोडिने हुनाले यसमा मूल्यांकनकर्ताले कसैसँग रिसइबी लिन नचाहने प्रवृत्तिले गर्दा पनि मूल्यांकन फितलो हुने गरेको छ। मूल्यांकनका लागि कामसँग सम्बन्धित सूचक नै नतोकिएको हुनाले पनि यो कर्मकाण्डी हुँदै गयो। जसले गर्दा यस्तो मूल्यांकनको 'भ्यालु जिरो' भयो।

भनेपछि हाम्रो मूल्यांकन प्रणाली ठोस, व्यावहारिक र वस्तुपरक छैन ?

यो पटक्कै वस्तुपरक छैन र यसलाई वस्तुपरक बनाउने प्रयास पनि गरिएन। कार्यसम्पादन मूल्यांकन फारामलाई संशोधन गर्नुपर्नेमा त्यसतर्फ प्रयास नै गरिएको छैन। मूल्यांकनलाई रिसइबीको विषय बनाउन नहुने भए पनि त्यस्तै भइरहेको छ। यस्ता अनेक कारणले गर्दा हाम्रो मूल्यांकन प्रणाली ठोस, व्यावहारिक र वस्तुपरक बन्न सकेको छैन।

यस्तो प्रणालीलाई सच्याउन के गर्नुपर्ला त ?

यसका लागि केही काम गर्नैपर्ने देखिन्छ। कर्मचारीलाई कार्य विवरणसँगै वार्षिक लक्ष्य पनि दिनुपर्छ। उसले त्यस्तो विवरण र लक्ष्य नपाएमा कार्यालय प्रमुखलाई जिम्मेवार बनाउनुपर्छ। कार्यसम्पादन मूल्यांकनका प्रस्ट र वस्तुगत आधार तोकिनुपर्छ। व्यक्तिको कार्य प्रगति विवरणसँगै कार्यालयको पनि प्रगति विवरण बुझाउन लगाउनुपर्छ। विभागीय प्रमुख या कार्यालय प्रमुखसँग कार्यसम्पादन करार सम्झौता गरिसकेपछि उसलाई कम्तीमा एक आर्थिक वर्ष त्यहीं काम गर्न दिनुपर्छ। र, कार्यसम्पादन मूल्यांकन फाराम पनि सच्याउनुपर्छ।

प्रेरक प्रसंग

कन्फ्युसियस र सम्राट्

एकपटक कन्फ्युसियस कुनै जंगलको बाटोछेउमा रहेको रुखको फेदमा बसिरहेका थिए। त्यसै, बाटो हुँदै देशका सम्राट् लावालस्कर अघिपछि लगाउँदै कतै जाँदै थिए। सुनसान जंगलमा बसिरहेका कन्फ्युसियसलाई देखेर सम्राट रोकिए। उनले कन्फ्युसियससित सोधे- यसरी सुनसान जंगलमा एक्लै बस्ने तिमी को हौ ? कन्फ्युसियसले जवाफ दिए- म यहाँको सम्राट् हुँ। अनि, तपाईंचाहिँ को हो नि ? आफ्नो लावालस्कर र सेनाको फौज देखाउँदै सम्राट्ले भने- मेरो लावालस्कर र सेना देखेनौ ? यत्ति देखेका भए पक्कै चिन्ने थियौ, म नै यहाँको असली सम्राट् हुँ। तर, यो सुनसान जंगलमा



बसेर पनि तिमीमा आफू सम्राट् भएको एउटा गम्भीर भ्रम रहेछ। तिमी कुनै पनि वेला गम्भीर संकटमा पर्न सक्छौ। त्यसैले, भ्रम छाड र यथार्थमा आऊ। कन्फ्युसियसले मुस्कुराउँदै भने भने- सेवक त्यसलाई चाहिन्छ, जो अल्छी छ। अनि, सेना त्यसलाई चाहिन्छ, जो कमजोर छ, जसका वरिपरि शत्रु नै शत्रु छन्। अनि, धनसम्पत्ति जो दरिद्र छ, उसलाई चाहिने हो। म अल्छी पनि छैन र मेरा शत्रु पनि छैनन्। अनि म दरिद्र पनि छैन। त्यसैले, मलाई कहिल्यै सेवक, सेना र धनको आवश्यकता नै परेन। कन्फ्युसियसको जवाफ सुनेर वास्तविक सम्राट् नतमस्तक भए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

दिदीबहिनीलाई सहयोग गरौं

'दिदीबहिनी जसका कोही छैनन्...' शीर्षकमा प्रकाशित तस्बिर र त्यसको क्याप्सनले सायद सबैलाई झकझक्याएको हुनुपर्छ। बाबुको मृत्यु भइसकेको र आमाले अर्को बिहे गरिसकेको अवस्थामा अलपत्र परेका तीन दिदीबहिनीलाई सहयोग गर्नु सबैको मानवीय धर्म पनि हो। त्यसैले, सबैका तर्फबाट सकेको सहयोग गरौं र बालबालिकालाई संरक्षण दिने संघसंस्थाले यी बालबालिकालाई संरक्षण दिन पहल गरौं। आखिर यस्तै अलपत्र बालबालिकालाई सहयोग र संरक्षण गर्न नै त खुलेका हुन् त्यस्ता संघसंस्था। त्यसैले, सरकारले पनि यस्ता संघसंस्थालाई घचघच्याएरै भए पनि ती अलपत्र बालिकात्रयलाई संरक्षण गर्नेतर्फ ध्यान पुऱ्याओस्।

● **अमन्दा कार्की**, ठैब, ललितपुर

विभूषणमा विवाद नहोस्

विगतका वर्षमा सरकारले विभिन्न नाममा गर्ने विभूषण वितरण विवादमा पर्दै आएको छ। सामान्यतः बाहिरबाट हेर्दा विभूषण पाउनुपर्नेले नपाउने र नपाउनुपर्ने वा पाउनै नहुनेले चाहिँ पाउने अवस्था हरेक वर्ष दोहोरिँदै आएको देखिन्छ। यस वर्ष यस्तो अवस्था दोहोरिन नदिन समयमै सचेत भई सही व्यक्ति छनोटमा राज्यको ध्यान जाओस्। पदक पाउनेको नाम सिफारिस गर्नुपर्ने जिम्मेवारीमा रहेको व्यक्तिले आफैंलाई सिफारिस गर्ने प्रवृत्ति दोहोरियो भने यसपटक पनि विभूषणमा विवाद आउन सक्छ।

● **कपिल महर्जन**
सानेपा, ललितपुर

किसानलाई मल देऊ

किसानले गहुँ छर्ने समयमा मल नपाएर समस्यामा परेको समाचार पढेपछि केही लेख्न मन लाग्यो। हरेक वर्ष खेतीको समयमा किसानलाई मल दिन नसक्ने हो भने यो देशलाई कृषिप्रधान देश किन भन्नु ? अनि, देशमा कृषि मन्त्रालय राखेर मन्त्रीदेखि कर्मचारीसम्मको भार किन बोकिरहनु ? के सरकारले किसानलाई समयमै मल पनि दिन सक्दैन हो ? के सरकारले मलको व्यवस्थापन गर्ने नसक्ने हो ? खेतीको सिजनमा यसैगरी मल नपाउने अवस्था कहिले अन्त्य हुन्छ ?

● **प्रशान्त पाखिन**
चिप्लेढुंगा, पोखरा

बिआरआईको विरोध किन ?

विनाहिचकिचाहट, विनासंकोच सहर्ष अमेरिकी परियोजना एमसिसी स्विकारेको कांग्रेसलाई चिनियाँ परियोजना बिआरआईप्रति भने आपत्ति किन ? जबकि दुवै परियोजनाको उद्देश्य अनि अमेरिका र चीन दुवैको भनाइलाई मान्ने हो भने दुवै परियोजना नेपालकै विकास र हितका लागि हो। बरु चीनले यहाँ स्पष्ट भनिसकेको छ बिआरआई ऋण सहयोग नै हो। तर, एमसिसीमा अझै पनि रहस्य र अमेरिकी स्वार्थ लुकेको बताइँदै छ।

कांग्रेसका नेताहरूको कुरा सुन्दा यस्तो लाग्छ, नेपालले यसअघि कुनै पनि देशसँग ऋण लिएकै छैन। जबकि प्रत्येक नेपालीका टाउकोमा लाखभन्दा बढी ऋणभार थोपरिइसकेको छ। बरु यो प्रस्ट पारौं, चीनले दिने ऋणको ब्याज चर्को छ। पछि तिर्न गाह्रो हुन्छ। अरूले देशले दिएजस्तै सर्वसुलभ ब्याजमा ऋण देऊ भनौं। स्मरण रहोस्, भारत, जापान, अमेरिकाजस्ता देश पनि ऋणले नै चलेका छन्। नेपाललाई धेरै सहयोग गर्ने देशमा चीन नै अग्रपंक्तिमा छ। चीन नभएको भए आज २०-२५ हजारमा पाइने मोबाइल, टिभी लाखौं रुपैयाँमा किन्नुपर्थ्यो जुन आमनेपालीका लागि सपनाजस्तै हुने थियो। चीन आज संसारकै लागि अत्यावश्यक मुलुक बनिसकेको छ। विकसित राष्ट्रले त चीनलाई साइड लगाएर अघि बढ्न नसकिने बताइरहेको समयमा बिआरआईमा देखिएका कमीकमजोरीलाई सच्याएर स्विकार्नुको विकल्प छैन। अन्यथा, चीन 'टेन जी' मा पुग्दा पनि हामी भने उही १० वर्ष पुरानो 'फोर जी'मै अल्झिइरहनेछौं।

● **मान तामाङ**, काठमाडौं
maanlama75@gmail.com

उदारवादी पश्चिमको अवसान

युरोप ट्रम्पको फिर्तीका समयमा एकजुट हुन असफल भयो भने यसले दोस्रो अवसर पाउनेछैन



देश/विदेश

● जोस्का फिसर

हामी सबैले केही न केही बौद्धिक संरचनामा सोच्छौं, बोल्छौं र लेख्छौं जसलाई हामी मूलतः स्वतसिद्ध मान्छौं। तर, समयक्रममा परिचित परिभाषा र विचार पुरानो एवं अप्रचलित बन्न पुग्छ। उदाहरणका लागि इतिहासकारबाहेक आज कति मानिसले 'सोभियत संघ' भन्ने शब्दबारे कुरा गर्छन् ? यसैगरी, सन् २०२४ को अमेरिकी राष्ट्रपति चुनाव यस वर्षको सबैभन्दा महत्त्वपूर्ण राजनीतिक घटना बन्यो र यसलाई लगभग निश्चित रूपमा एक ऐतिहासिक मोडका रूपमा सम्झिइनेछ। यसको परिणामले दशकौंसम्म वैश्विक घटनालाई आकार दिनेछ।

यसका प्रभाव दुई तहमा महसुस हुनेछन्। पहिलो दैनिक शासकीय कार्य सञ्चालन तात्कालिक एवं व्यावहारिकस्तरको हुनेछ। डोनाल्ड ट्रम्प पुनः ह्वाइट हाउसमा फर्किएसँगै अमेरिका पेरिस जलवायु सम्झौताबाट बाहिर जानेछ, आफ्ना व्यापार साझेदारमाथि नयाँ भन्सार शुल्क लागू गर्नेछ, र लाखौं दस्तावेजविहीन आप्रवासीलाई गोलबन्द गर्दै निष्कासनका लागि बृहत् अभियान सुरु गर्नेछ।

यी सबैलाई मिलाएर हेर्दा यसले विश्वका सबैभन्दा शक्तिशाली देशको सञ्चालन र त्यसले के प्रतिनिधित्व गर्छ भन्नेमा आएको आधारभूत परिवर्तनलाई जनाउँछ। दोस्रो, वैश्विक आयाम जहाँ थुप्रै परिदृश्य सम्भव छन्, अर्थात् ठुला शक्तिमा परिवर्तन, लामो समयदेखि चलेका गठबन्धनको विघटन र विश्वका शासकीय संस्था एवं मान्यताको विघटनजस्ता परिदृश्य देखिनेछन्। ट्रान्सएटलान्टिक सम्बन्धको अवस्था के हुनेछ ? युक्रेनको अवस्था के हुन्छ ? के अमेरिकाले युरोपियन युनियन र अन्य मित्रराष्ट्रको मूल्यमा रुस एवं अन्य अधिनायकवादी सत्तासँग नजिकको सम्बन्ध विकास गर्नेछ ?

सन् २०२० को चुनावी नतिजा उल्ट्याउने प्रयास र त्यसपछि लागेका ३४ आपराधिक आरोप, लोकतान्त्रिक संस्थाप्रतिको अवहेलनाका बाबजुद ट्रम्पले निर्णायक जित हासिल गरेका छन्। उसो त मतदातालाई ट्रम्पको शासकीय दृष्टिकोणको अराजकता, बारम्बारको झुट र खतरनाक आप्रवासन नीतिबारे थाहा छ तैपनि उनले प्रत्येक स्विङ (अस्थिर मतदाता भएका) राज्यमा जिते। ट्रम्प को हुन् भन्ने पूर्ण जानकारीका बाबजुद कमला ह्यारिसको तुलनामा अमेरिकामा उनलाई धेरैले मतदान गरेका छन्। कुरा चपाउन आवश्यक छैन, अमेरिकी उदार लोकतन्त्रले एक घातक आघात व्यहोरेको छ। अब बन्ने अमेरिकी सरकारले एटलान्टिकको दुवै किनाराबाट बढ्दो दबाबको सामना गर्नेछ र सरकार टिक्न सक्छ वा सक्दैन भन्ने विषयको ग्यारेन्टी छैन। प्रश्न उठ्छ, अमेरिकाको उदार लोकतन्त्रको नेतृत्वदायी भूमिका हुँदैन भने यसको भविष्य के हुन्छ ? मसँग सकारात्मक जवाफ छैन।

ट्रम्पले आफ्नो दोस्रो कार्यकालको सुरुवात रिपब्लिकनको कंग्रेसका दुवै सदनमा नियन्त्रणबाट गर्नेछन् र धेरै विश्लेषकका अनुसार सर्वोच्च अदालतमा तीन उदारवादीमाथि ६ पुरातनपन्थीको बहुमतले उनलाई स्पष्ट समर्थन गर्नेछ। जुनमा अदालतले ट्रम्पको एक मुद्दामा फैसला गर्दै राष्ट्रपतिहरूलाई 'आधिकारिक' कार्यका लागि आपराधिक अभियोगबाट व्यापक प्रतिरक्षा प्राप्त छ भनेको थियो। नतिजा उनको शासनमा कुनै किसिमको अंकुश लाग्ने देखिँदैन। अमेरिकाको उदारवादी लोकतन्त्रलाई एक अनुदार कुलीनतन्त्रमा रूपान्तरण गर्ने बाटामा उनलाई रोक्न सक्ने केही छैन।

स्पष्टतः युरोपेली लोकतान्त्रिक राष्ट्रहरूलाई आफ्नो सुरक्षा सुनिश्चित गर्न थप काम गर्न दबाब बढ्नेछ। तर,



तस्बिर : नुरफोटो/गेटी इमेजेस

ट्रम्पलाई युरोपियन युनियनलाई बलियो बनाउनेबारे कुनै चासो छैन। अमेरिकाको परोक्ष समर्थनविना युरोपियन युनियन स्वतन्त्र रूपमा अघि बढ्नेमा पनि शंका व्यक्त गर्न सकिन्छ। युरोपियन युनियनलाई स्वतन्त्र रूपमा अघि बढाउन युरोपेलीको राजनीतिक मानसिकतामा आधारभूत परिवर्तन आवश्यक पर्नेछ र अहिले त्यस्तो परिवर्तनको सम्भावना देखिन्न। यसबाहेक फ्रान्स-जर्मनी संयन्त्र जसले सधैं युरोपियन युनियनलाई सञ्चालन गरिरहेको थियो, तर अब यो अवस्था छैन र फेरि प्रभावकारी हुने हो वा होइन भन्ने अनिश्चित छ।

अर्को प्रमुख समस्या इजरायली-पालेस्टिनी द्वन्द्व हो। के वर्तमान इजरायली सरकारले अब वेस्ट बेंकलाई कब्जा गर्न कदम छिटो चाल्नेछ ? आणविक हतियार स्तरको युरेनियम संकलन गरिरहेको इरानका सन्दर्भमा के गर्ने ? सबै संकेत ठुलो क्षेत्रीय युद्धको देखिन्छ। र, यो हिंसात्मक पुनर्संरचनाले शान्ति वा स्थायी युद्धविराम ल्याउने कुनै सम्भावना राख्दैन। यी तमाम सम्भावनालाई हेर्दा सबैभन्दा महत्त्वपूर्ण प्रश्न उठ्छ, उदार पश्चिमविना विश्व कस्तो देखिनेछ ? दशकौंसम्म ट्रान्सएटलान्टिक गठबन्धनले शक्ति (सख्त एवं सौम्य दुवै) प्रक्षेपण गरेको थियो र त्यसले एकजुट विश्व व्यवस्थाका लागि आधारभूत मूल्यको मोडेल प्रस्तुत गरेको थियो। तर, अब विश्व व्यवस्था एक अराजक संक्रमणको बिचमा छ।

युरोप यो विषम परिवर्तनको समयमा एकजुट हुन असफल हुन्छ भने यसले दोस्रो अवसर पाउनेछैन। यसको एक मात्र विकल्प भनेको एक सैन्य शक्ति बन्ने हो, जो आफ्ना चासो सुरक्षित गर्न र विश्वस्तरमा शान्ति एवं व्यवस्था कायम राख्न सक्षम रहोस्। अर्को विकल्प भनेको विखण्डन, अक्षमता र अप्रासंगिकता हो। डिजिटलाइजेसन र आर्टिफिसियल इन्टेलिजेन्स (एआई) तर्फको व्यापक विकास र युरोपको जनसांख्यिक संकटले चुनौतीलाई थप गम्भीर बनाउनेछ।

के युरोपले आफूलाई तयार गर्नेछ वा सन् १८१४-१५ को भियना सम्मेलनपछिको जस्तो संरचनामा फर्किनेछ, जहाँ रुस प्रभावशाली र व्यापक थियो ? युरोपेलीले ६ नोभेम्बरमा यस्तो नतिजा देखे जसले यिनलाई आफ्ना सबै चुनावमा गम्भीर ढंगले प्रभाव पार्नेछ। हामीले ट्रम्पलाई अंकुशविहीन बनायौं भने उनले केवल अमेरिकालाई मात्र नकारात्मक दिशातर्फ लानेछैनन्, युरोपेली इतिहासलाई पनि आकार दिनेछन्।

(फिसर जर्मनीका पूर्वविदेशमन्त्री एवं भाइसचान्सलर हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

विश्व | संक्षेप

विकासोन्मुख राष्ट्रलाई ३०० अर्ब डलर सहयोग

बाकु/ अजरबैजानको बाकुमा जारी संयुक्त राष्ट्रसंघीय जलवायु सम्मेलनमा विकासोन्मुख राष्ट्रलाई ३०० अर्ब डलर सहयोगको प्रतिबद्धता गरिएको छ। जलवायु वार्ताका क्रममा भएका महत्त्वपूर्ण सम्झौताको अंशको रूपमा उक्त प्रतिबद्धता गरिएको हो। बाकु सम्झौताले सबैभन्दा बढी ताप उत्सर्जनका लागि जिम्मेवार २३ विकसित देश र युरोपेली संघले प्रतिवर्ष कम्तीमा ३०० अर्ब अमेरिकी डलर उपलब्ध गराउनुपर्ने प्रस्ताव पारित गरेको हो। यसअघि १०० अर्ब डलरको प्रस्तावलाई संशोधन गर्दै सो प्रस्ताव पारित गरेको हो। तर, यो रकम पनि बाकुमा भएको वार्तामा केही विकासोन्मुख देशहरूले गरेको माग (५०० अर्ब डलर) भन्दा निकै कम हो। यो रकम सरकारी बजेट, निजी क्षेत्रको लगानी र अन्य वित्तपोषणसहित 'विभिन्न स्रोतहरू' बाट सीधै आउने सम्झौतामा उल्लेख छ। अर्को दशकसम्म प्रतिवर्ष कम्तीमा १.३ ट्रिलियन डलर वितरण गर्ने महत्त्वाकांक्षी लक्ष्यमा पुग्न विकसित देशहरूको पैसाले निजी लगानीलाई बढावा दिन पनि मद्दत गर्ने विश्वास सम्झौतामा उल्लेख छ। संयुक्त राष्ट्रसंघले नियुक्त गरेका विज्ञहरूले सन् २०३५ सम्ममा उक्त रकम आवश्यक रहेको बताएका छन्।

अस्ट्रेलियाली सरकारले गर्‍यो दुष्प्रचार नियमन गर्ने विधेयक खारेज

सिड्नी/ अस्ट्रेलियाको सरकारले सामाजिक सञ्जाल कम्पनीलाई आफ्नो प्लाटफर्ममा दुष्प्रचार र गलत सूचनालाई नियमन गर्न बाध्य पार्ने प्रस्तावित कानुन औपचारिक रूपमा खारेज गरेको छ। सञ्चारमन्त्री मिचेल रोल्यान्डले सिनेटमा भएको विरोधका कारण सरकारले गलत सूचना नियमनसम्बन्धी विधेयक अघि नबढाउने घोषणा गरेका हुन्। यदि यो कानुन पारित भएको भए यसले अस्ट्रेलियाली सूचना तथा मिडिया प्राधिकरण (एसिएमए)लाई सामाजिक सञ्जाल कम्पनीहरूलाई जरिवाना गर्ने अधिकार दिने थियो। यो कदमले सामाजिक सञ्जालमा दुष्प्रचार र गलत सूचनाको निगरानी र नियमन गर्न सहजता प्रदान गर्ने विश्वास सरकारले गरेको थियो। विपक्षी गठबन्धन, ग्रिन्स र धेरै स्वतन्त्र सिनेटरहरूले विधेयकलाई अस्वीकार गरेपछि सत्तारूढ लेबर पार्टीलाई विधेयकको पक्षमा आवश्यक बहुमत जुटाउन गाह्रो भएको थियो।

इतिहासमा आज



सन् २०१६ : क्युबाका नेता फिडेल क्यास्ट्रोको निधन भयो। पश्चिमी गोलार्धमा क्युबालाई पहिलो कम्युनिस्ट देश बनाउने क्यास्ट्रो ल्याटिन अमेरिकामा कम्युनिस्ट क्रान्तिका नायक हुन्। क्यास्ट्रोको ९० वर्षको उमेरमा निधन भएको हो।

सन् १९५० : अमेरिकामा शताब्दीकै ठुलो आँधी आयो। एपालाचियान स्टोर्म नाम दिइएको सो आँधीले एपालाचिया क्षेत्रमा ६० इन्च बाक्लो हिउँ परेको थियो। आँधीका कारण ठुलो जनधनको क्षति भएको थियो। आँधीबाट १५० जनाको मृत्यु भएको थियो। आँधीपछि सो क्षेत्रमा अस्वाभाविक तापक्रम बढेको थियो।

सन् १९५२ : लन्डनको वेस्ट इन्डमा इतिहासकै लामो रनिङ सो आयोजना गरिएको थियो। स्याहारगृहमा राखिएका बालक डेनिस ओ निलको मृत्युको स्मरणमा दौड आयोजना गरिएको थियो।

१९६० : डोमिनिकन रिपब्लिकका तत्कालीन तानाशाह राफेल ट्रुजिलोको सरकारविरुद्ध तीन दिदीबहिनी प्याट्रिया, मिर्नभा, एन्टोनिया मिराबलले अभियान चलाएका थिए। सरकारको विरोध गरेको आरोपमा सन् १९६० को २५ नोभेम्बर अर्थात् आजकै दिन तत्कालीन सरकारले उनीहरूको निर्मम हत्या गरेको थियो। सन् १९९५ मा राष्ट्रसंघको महासभाले नोभेम्बर २५ लाई महिला हिंसाविरुद्धको दिवसको घोषणा गरेको थियो।

सन् १९७३ : ग्रिसको सेनाले कु गरी तत्कालीन राष्ट्रपति जर्ज पापाडोपोउसको सरकार बर्खास्त गरेको थियो। विद्यार्थीले नेतृत्व गरेको एथेन्स पोलिटेक्निक क्याम्पसको प्रदर्शन दमन गरेको एक सातापछि सेनाले निर्वाचित सरकार अपदस्थ गरेको थियो।

महाराष्ट्रमा भाजपाको जितले दिएको सन्देश

परिणाम सामान्य जनादेश नभएर भाजपा नेतृत्वको गठबन्धनको अहिलेसम्मकै उत्कृष्ट चुनावी प्रदर्शन पनि हो



● आशुतोष

आशुतोष सत्यहिन्दिडटकमका सहसंस्थापक हुन्।)



महाराष्ट्रमा संसदीय चुनावमा महाविकासअगाडि (एमभिए)ले जितेको जनादेश विधान सभा चुनावमा गुमेको छ। यसपटकको चुनावको नतिजा भाजपाको पोल्टामा जान्छ भनेर धेरैले कल्पना पनि गरेका थिएनन्। अब यो स्पष्ट छ कि चुनावभन्दा धेरै पहिले मतदाताले महायुतीलाई भोट गर्ने निर्णय गरेका थिए। यो सामान्य जनादेश होइन, यो भाजपा नेतृत्वको गठबन्धनको अहिलेसम्मकै उत्कृष्ट प्रदर्शन हो। सन् २०१४ मा भाजपा एक्लै प्रतिस्पर्धा गर्‍यो र १२२ सिट जित्यो। तर, २०१९ मा यसले शिवसेनासँग मिलेर १६१ सिट जित्यो, जहाँ कांग्रेस नेतृत्वको गठबन्धनले मात्र ९८ सिटमा आफूलाई चित्त बुझाएको थियो। यसपटक महायुतीसँग दुई-तीन सिट छ। भाजपा, शिवसेना र एनसिपी सबैले अपेक्षा गरेभन्दा राम्रो प्रदर्शन गरे। अब प्रश्न उठ्छ संसदीय निर्वाचनमा ४८ सिटमध्ये ३० सिट जितेको एमभिए विधान सभा निर्वाचनमा किन नराम्ररी असफल भयो ?

अर्कोतर्फ, झारखण्डमा इन्डिया ब्लकले जनताको विश्वास पुनः प्राप्त गर्न सफल भएको छ। आमचुनावको ठिकअघि मुख्यमन्त्री हेमन्त सोरेन जेलमा परेको र ६ महिना सजाय पाएको तथ्यलाई ध्यानमा राख्दा यो ठुलो सफलता हो। उनी बाहिरिएपछि उनका विश्वासपात्र सहकर्मी चम्पाई सोरेनले विधान सभा चुनावअघि पार्टी त्यागे।

दुई टाढाका राज्यबाट आएका दुईवटा चुनावी फैसलाले एउटा कथा बताउँछ, त्यहाँ कुनै समान नतिजा छैन र कुनै एकल कथा छैन। यद्यपि, यो भन्न सकिन्छ कि दुवै राज्यमा महिला मतदाताहरूले महत्त्वपूर्ण भूमिका खेलेका थिए। र, प्रत्येक राज्यमा महिलाको खातामा प्रत्यक्ष नगद स्थानान्तरण निर्णायक साबित भयो। महाराष्ट्रमा २०१९ विधान सभा चुनावको तुलनामा पुरुष मतदाताको दाँजोमा महिला मतदाताको संख्या २.५% ले बढेको छ। महाराष्ट्रमा लड्की बहिन योजना र झारखण्डमा मैया सम्मान योजनाले सत्तारूढ गठबन्धनलाई फाइदा पुर्‍यायो।

> केन्द्रमा मोदी सरकार र दुईतिहाइभन्दा बढी जनादेशको साथ राज्यमा भाजपा नेतृत्वको महायुती गठबन्धनले शिवसेना र एनसिपी दुवै पार्टीलाई कमजोर बनाउने प्रयास गर्नेछ। नतिजा हेर्दा शरद पवार र उद्धव ठाकरेलाई आफ्ना सांसदहरू कायम राख्न गाह्रो हुनेछ।
>
> ●●●

दुवै राज्यमा अर्को उल्लेखनीय प्रवृत्ति भनेको लोकसभा चुनाव जित्नेहरूले विधान सभा चुनावमा त्यो प्रदर्शन दोहोर्‍याउन सकेनन्। दुवै राज्यमा विधान सभा चुनावमा लोकसभाको नतिजा उल्टो भयो। महाराष्ट्रमा एमभिएले संसदीय चुनावमा महायुतीलाई पछाडि पार्‍यो, तर विधान सभा चुनावमा ठिक उल्टो भयो।। झारखण्डमा एनडिएले १४ लोकसभा सिटहरूमध्ये ९ मा जित्यो, तर विधान सभा चुनावमा इन्डिया गठबन्धनले एनडिएलाई पराजित गर्‍यो। यसले लोकसभा र विधान सभाको चुनाव फरक-फरक मुद्दा र मञ्चमा लडिएको छ र लोकसभाको नतिजाका आधारमा विधान सभा चुनावको नतिजाको भविष्यवाणी गर्नु गलत हो भन्ने कुरा स्पष्ट हुन्छ।

कांग्रेस नेतृत्वको आइएनडिआइएले कुनै पाठ सिक्न नचाहेको महाराष्ट्रको चुनाव अर्को उदाहरण हो। संसदीय चुनावपछि हरियाणामा कांग्रेस र महाराष्ट्रमा एमबिएले सहज जित पाउने अपेक्षा गरिएको थियो। तर, दुवै राज्यमा भाजपा नेतृत्वको गठबन्धनले सबै अपेक्षालाई बेवास्ता गर्‍यो। नबिर्सनुहोस् कि डिसेम्बर २०२३ मा कांग्रेसले सांसद र छत्तीसगढ विधान सभा चुनाव जित्ने अपेक्षा गरिएको थियो। तथापि, कुनै पनि राजनीतिक पण्डित यी दुई राज्यमा भाजपालाई मौका दिन तयार भएनन्।

त्यसैगरी, २०२२ को उत्तराखण्ड र पन्जाब विधान सभा चुनावमा कांग्रेसले जित हासिल गर्न सकेन। त्यसैले, दुवै आइएनडिआइए ब्लक र विशेष गरी कांग्रेसले प्रतिबिम्बित र विजयी रणनीति विकास गर्न आवश्यक छ। हिमाञ्चल प्रदेश, कर्नाटक र तेलंगनामा कांग्रेसले सफलता पाएको कुरालाई म इन्कार गर्दिनँ, तर यो मुद्दा भने कायमै छ, सजिलै जित्न सकिने राज्यमा किन हार्‍यो र भाजपाले हारेको अवस्थालाई जितमा परिवर्तन गर्न किन सफल भयो ? महाराष्ट्रको चुनावी नतिजाले विशेष गरी शिवसेना (युबिटी) र एनसिपी (एसपी)का लागि दूरगामी परिणाम हुन सक्छ। अपरेसन लोटसले पहिले नै शिवसेना र एनसिपीलाई विभाजित गरिसकेको थियो र लोकसभा चुनावले केन्द्रमा नरेन्द्र मोदीलाई मात्र नभई एकनाथ सिन्देको नेतृत्वमा रहेको शिवसेना र अजित पवारको नेतृत्वमा रहेको एनसिपीलाई पनि महत्त्वपूर्ण धक्का दियो। निर्वाचन आयोगबाट मान्यता पाए पनि विधान सभा चुनावमा दुवै दल हारेको भए उनीहरूको अस्तित्व गम्भीर संकटमा पर्ने थियो। अब, उल्टो परिदृश्य सम्भव छ।

केन्द्रमा मोदी सरकार र दुईतिहाइभन्दा बढी जनादेशको साथ राज्यमा भाजपा नेतृत्वको महायुती सरकारले मूल शिवसेना र एनसिपीको स्वामित्व दाबी गर्ने लक्ष्य राख्दै दुवै पार्टीलाई कमजोर बनाउने प्रयास गर्नेछ। नतिजा हेर्दा शरद पवार र उद्धव ठाकरेलाई आफ्ना सांसदहरू कायम राख्न गाह्रो हुनेछ। भाजपाले पनि दुवै पार्टीको संसदीय पंक्तिमा थप विभाजनको ढाँचा तय गरेर उनीहरूका सांसदहरूलाई चोर्ने प्रयास गर्न सक्छ। यदि त्यसो भयो भने केन्द्रमा भाजपा लोकसभामा बहुमत अंकको नजिक पुग्नेछ। नभए पनि उद्धव ठाकरे र शरद पवारको पार्टीको टिकटमा विजयी भएका विधायकहरूलाई ट्रेजरी बेन्चमा सामेल हुन प्रलोभनमा पार्न सकिन्छ।

मलाई थाहा छ कि शरद पवारको जीवनीको अन्तिम अध्याय लेख्नु धेरै हतार हुनेछ। तर, यो पनि सत्य हो कि संसदीय चुनावमा नायकको रूपमा उभिएका शरद पवार अहिले एक दुःखद व्यक्तित्व हुन्। यो आफ्नो अन्तिम चुनाव हो भनी मतदातालाई भावनात्मक अपिल गरेपछि उनले हारे। शरद पवार ८४ वर्षका भइसकेका छन् र २०२९ मा अर्को विधान सभा चुनाव हुने वेलामा उनको सान्दर्भिकता नरहन सक्छ।

अर्कोतर्फ, उद्धव ठाकरे धेरै कान्छा छन्। तर, यो याद गर्नैपर्छ कि लोकसभा र विधान सभा दुवै चुनावमा बालासाहेब ठाकरेको विरासतलाई अगाडि बढाउन सिन्दे राम्रोसँग तयार देखिएको साबित भए। उद्धवको प्रदर्शन निराशाजनकभन्दा बढी रहेको छ। उनी र उनको छोरा आदित्यलाई पुनरागमन गर्न निकै गाह्रो हुनेछ। इभिएमलाई दोष दिनु खराब राजनीति हो। ठोस प्रमाण नभएसम्म इभिएमलाई दोष दिनु, चुनावमा कुनै गल्ती भएको दाबी गर्नु वा चुनावी प्रक्रियामा हेरफेर भएको छ भनी प्रचार गर्नुको कुनै अर्थ छैन।

अन्त्यमा, सन् २०२४ को आमचुनावमा आरएसएस कम सक्रिय थियो र यो भाजपाको खराब प्रदर्शनको पछाडि थियो। के यसको मतलब अब भाजपाको मामिलामा आरएसएसको भूमिका अधिक निर्णायक हुनेछ ?

-एनडिटिभीबाट

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: हेड अफिस बाफाबली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-४१११११७/८/८८, फ्याक्सः +९७७-१-४१११११०
टोल फ्री नं.: १६४०-०१-७७७७१ (NTC) १८१०-०१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
बाग्लुङ शाखा, बाग्लुङ नगरपालिका, सर्लाही
सम्पर्क फोन: +९७७-०४६-४१००८/८७

NIC ASIA
एन आई सी एशिया बैंक लि.

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री इन्द्र प्रसाद कोइरालाको नाति, हरि प्रसाद कोइरालाको छोरा सर्लाही जिल्ला, बरहथवा नगरपालिका वडा नं. १५ बस्ने ३० वर्षको श्री दिवाकर प्रसाद कोइरालाको मिति २०८१/०४/१७ (ई.सं. ०१/०८/२०२४) मा मृत्यु भएको ले स्व. दिवाकर प्रसाद कोइरालाकी आमा बरहथवा नगरपालिका वडा नं. १५ बस्ने श्रीमती लक्ष्मी देवीले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको बाग्लुङ शाखा, बाग्लुङ नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

२५ बैंक पनि, साथी पनि राको पनि, हाको पनि

हार्दिक श्रद्धाञ्जली



जन्म: वि.सं. २०३३ जेठ १६ गते
स्वर्गारोहण: वि.सं. २०८१ कार्तिक २८ गते

स्व. शिव तन्डुकार

हाम्रा सहकर्मी श्री सृष्टी तन्डुकारका पूजनीय पिता **शिव तन्डुकार**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

सानिमा बैंक www.sanimabank.com
पो.ब.नं.: २०३९४, 'अलकापुरी', नक्साल, काठमाडौं फोनः +९७७-१-५९७००३३
फ्याक्सः +९७७-१-४४२८९६९ ईमेलः sanima@sanimabank.com

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मितिः २०८१/०८/१०

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय बिरेन्द्रनगर, सुर्खेतबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.सं. २०८१/०२/२८ मा अन्तर्पुर्ण राट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्ता गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय बिरेन्द्रनगर, सुर्खेत मा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

१. कर्जा शिर्षक : सिटिजन्स एस.एम.ई. अधिबिकर्ष कर्जा र बैंक जमानत

ऋणीको नाम र ठेगाना
ऋणीको नाम : यूनिका सप्लायर्स
रजिष्टर्ड ठेगाना : बिरेन्द्रनगर-१८, सुर्खेत (हालः बिरेन्द्रनगर-१६, सुर्खेत)
रजिष्ट्रेसन नं. : ४८१३/०७१/०७२ नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगंज
पान नं. : १०३५०८१०४ (आ.रा.का. सुर्खेत)

फर्मको प्रोप्राईटरको नाम र ठेगाना		जमानीकर्ताहरुको नाम र ठेगाना	
नाम	: उदय बहादुर थापा	१. नाम	: कुमारी राइ
बाबु	: पदम बहादुर थापा	बाबु	: नर बहादुर राई
बाजे	: कालुराम थापा	बाजे	: सिहं बहादुर राइ
ठेगाना	: गोला-५, बर्दिया	ठेगाना	: बासा-६, सोलुखुम्बु
हाल	: बिरेन्द्रनगर-०३, सुर्खेत	हाल	: बिरेन्द्रनगर-०३, सुर्खेत
ना.प्र.नं.	: ३/१९२७	ना.प्र.नं.	: १३७८/६९
जारी मिति	: २०५२/१२/०२	जारी मिति	: २०६०/०९/१८
(दोश्रो प्रतिलिपी	: २०७३/११/०३	(दोश्रो प्रतिलिपी	: २०७३/११/०३
जि.प्र.का.	: सुर्खेत	जि.प्र.का.	: सोलुखुम्बु

धितो राखिएको सम्पत्ति विवरण:
धितो सुरक्षण धनीको नाम : श्री उदय बहादुर थापा

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट	कि.नं.	क्षेत्रफल	कैफियत
सुर्खेत	गोठिकाँडा	३	५५००	०-०-८-३ (बि.क.धु)	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।
				१४८.१५ (व.मी.)	

माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत फर्मले उठाउन बाँकी सम्पुर्ण रकम कलम (Entire Receivables) सहित।

२. कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्रयाक आबधिक कर्जा

ऋणीको नाम र ठेगाना
ऋणीको नाम : श्री अलायचौर अर्गानिक कृषि तथा पशुपंछी फर्म
रजिष्टर्ड ठेगाना : बिरेन्द्रनगर-९, सुर्खेत
रजिष्ट्रेसन नं. : ९५४८/०७९/०८० कर्णाली प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, बिरेन्द्रनगर, सुर्खेत
पान नं. : ६१५०३३५४१ (आ.रा.का. सुर्खेत)

फर्मको प्रोप्राईटरको नाम र ठेगाना		जमानीकर्ताहरुको नाम र ठेगाना	
नाम	: कुमारी राइ	१. नाम	: उदय बहादुर थापा
बाबु	: नर बहादुर राई	बाबु	: पदम बहादुर थापा
बाजे	: सिहं बहादुर राइ	बाजे	: कालुराम थापा
ठेगाना	: बासा-६, सोलुखुम्बु	ठेगाना	: गोला-५, बर्दिया
हाल	: बिरेन्द्रनगर-०३, सुर्खेत	हाल	: बिरेन्द्रनगर-०३, सुर्खेत
ना.प्र.नं.	: १३७८/६९	ना.प्र.नं.	: ३/१९२७
जारी मिति	: २०६०/०९/१८	जारी मिति	: २०५२/१२/०२
जि.प्र.का.	: सोलुखुम्बु	(दोश्रो प्रतिलिपी	: २०७३/११/०३
		जि.प्र.का.	: सुर्खेत

धितो राखिएको सम्पत्ति विवरण:
धितो सुरक्षण धनीको नाम : श्रीमति कुमारी राई

जिल्ला	सुर्खेत
न.पा./गा.वि.स.	लाटिकोईली
वडा नं/नक्सा सिट नं.	५ ख
कि.नं.	२६१९
क्षेत्रफल (व.मि.)	३४९.६४
कैफियत	सो जग्गामा निर्माण भएको तथा पछी भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।

माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत फर्मले उठाउन बाँकी सम्पुर्ण रकम कलम (Entire Receivables) सहित।

३. कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्रयाक आबधिक कर्जा

ऋणीहरुको नाम र ठेगाना

१. नाम	: कृष्ण बहादुर शाही	२. नाम	: सरस्वती शाही
बाबु	: चक बहादुर शाही	बाबु	: सुरेन्द्र बहादुर मल्ल
बाजे	: पदम बहादुर शाही	ससुरा	: चक बहादुर शाही
ठेगाना	: लाटिकोईली-४, सुर्खेत	ठेगाना	: लाटिकोईली-४, सुर्खेत
हाल	: बिरेन्द्रनगर-१०, सुर्खेत	हाल	: बिरेन्द्रनगर-१०, सुर्खेत
ना.प्र.नं.	: २६१२६/५६०	ना.प्र.नं.	: ७९९२७
जारी मिति	: २०५२/१२/२०	जारी मिति	: २०६३/०७/२६
जि.प्र.का.	: सुर्खेत	जि.प्र.का.	: सुर्खेत

धितो राखिएको सम्पत्ति विवरण:
धितो सुरक्षण धनीको नाम : श्री कृष्ण बहादुर शाही

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट	कि.नं.	क्षेत्रफल	कैफियत
सुर्खेत	लाटिकोईली	३ ख	२४६९	०-०-६-१ (बि.क.धु.)	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।
				१०५.८२ (व.मी.)	
सुर्खेत	लाटिकोईली	३ ख	२४७१	०-०-५-१ (बि.क.धु.)	
				८८.८९ (व.मी.)	

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नु पर्नेछ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिनभित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय वा शाखा कार्यालय बिरेन्द्रनगर, सुर्खेतमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८१/०८/२५ गते, मंगलबार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय बिरेन्द्रनगर, सुर्खेत।

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

सरकारले घटायो सुनचाँदीको भन्सार महसुल



सुनको भन्सार महसुल २०% बाट १०% र चाँदीको १५% बाट १०% मा झारिएको छ

नयाँ पत्रिका

सरकारले सुनचाँदीको भन्सार महसुल घटाएको छ। शुक्रबार अर्थ मन्त्रालयले सुनचाँदी भन्सार महसुल घटाउने निर्णय गरेको पत्र भन्सार विभागले आइतबार पाएको छ। सोमबारबाट सो निर्णय लागू हुने भन्सार विभागका महानिर्देशक हरिशरण पुडासैनीले जानकारी दिए। उनका अनुससार सुनको भन्सार महसुल २० प्रतिशतबाट १० प्रतिशतमा घटाइएको र चाँदीको महसुल १५ प्रतिशतबाट १० प्रतिशतमा कायम गरिएको छ।

भारतले बजेटमार्फत सुनचाँदीको भन्सार महसुल घटाएपछि नेपालमा पनि घटाउनुपरेको विभागका महानिर्देशक पुडासैनीले बताए। उनले भने, 'भारतले यसअघि सुनको भन्सार महसुल घटाएपछि खुला सिमानाका कारण तस्करीको जोखिम बढ्ने भएकाले नेपालमा पनि महसुल समायोजन गरिएको हो। सोमबारदेखि नयाँ महसुल लागू हुन्छ।'

भारतले बजेटमार्फत सुनको भन्सार महसुल १५ प्रतिशतबाट घटाएर ६ प्रतिशत पुऱ्याएको थियो। चाँदीको महसुल १४.३५ प्रतिशतबाट ५.३५ प्रतिशतमा घटाएको थियो।

तर, वाणिज्य बैंकहरूले सुनको आयात नगरेसम्म मूल्य समायोजन नहुने भएकाले सुनको मूल्य घट्न केही दिन पर्खिनुपर्ने हुन सक्ने सुनचाँदी व्यवसायी बताउँछन्। नेपाल सुनचाँदी व्यवसायी महासंघका पूर्वअध्यक्ष तेजरत्न शाक्यले सुनको माग नहुँदा बैंकहरूले सुन आयात नगरेको बताए। उनले भने, 'घटेको महसुलअनुसार सुन आयात भएमा तोलामा १०-१२ हजार रुपैयाँसम्म नै घट्न सक्छ। तर, यो एकैपटक घट्ने होइन। माग र आपूर्तिको अवस्था हेरेर क्रमशः मूल्यमा असर पर्ने हो।'

विवाहको मुख्य सिजन मानिने मंसिरमा एउटा मात्रै लगन रहेकाले सुनको माग बढ्ने सम्भावना नरहेको उनले बताए। यद्यपि, मूल्य समायोजन भएको अवस्थामा केही उपभोक्ताले सुन किनेर जोहो गर्न सक्ने उनको बुझाइ छ।

भन्सार महसुलले सुनको मूल्य घट्ने सम्भावना देखिए पनि अन्तर्राष्ट्रिय बजारमा तीव्र उतारचढाव आइरहेकाले त्यसको असर घरेलु बजारमा पर्ने उनले बताए। अमेरिकी राष्ट्रपतिमा डोनाल्ड ट्रम्प निर्वाचित भएपछि घटेको बजार अन्तर्राष्ट्रिय तनाव बढ्न थालेपछि पुनः बढ्न थालेको थियो।

महासंघका अनुसार आइतबार सुन तोलामा एक हजार सात सय रुपैयाँले बढेर एक लाख ६७ हजार दुई सय रुपैयाँमा कारोबार भएको छ। त्यस्तै, चाँदीको मूल्य तोलामा २० रुपैयाँले बढेर एक हजार नौ सय ६० रुपैयाँमा किनबेच भएको छ। वाणिज्य बैंकहरूसँग अहिले सुनको मौज्दात नगण्य मात्रामा रहेको नेपाल बैंकर संघका प्रमुख कार्यकारी अधिकृत अनिल शर्माले जानकारी दिए। उनले भने, 'अहिले बजारमा सुनको माग छैन। त्यसैले बैंकहरूले सुन आयात गरेका छैनन्। माग भएको अवस्थामा दुई दिनमा सुन ल्याउन सकिन्छ।'

चालू आर्थिक वर्ष ०८१/८२ को चार महिना (साउन-कात्तिकसम्म)मा एक सय ३२ दशमलव ५६४ किलो सुन आयात भएको छ। गत आर्थिक वर्षको पहिलो चार महिनामा एक हजार किलो सुन आयात भएको थियो। अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य अकासिएपछि सुनको माग कमजोर भएको छ। त्यस्तै, चालू आवको चार महिनामा एक किलो मात्रै चाँदी आयात भएको छ। गत आवको सोही अवधिमा एक हजार एक सय ८५ किलो चाँदी आयात भएको थियो।



■ वायुसेवा निगमका पाइलट नै हडतालमा

दुबईको उडान नै रद्द, दिल्ली र मुम्बईको आठ घण्टासम्म डिले

निगमका ४३ मध्ये आठ पाइलट नियोजित रूपमा बिदामा बसेपछि सर्यौं यात्रु विमानस्थलमै अलपत्र

नवीन अर्याल/नयाँ पत्रिका

नेपाल वायुसेवा निगमका वाइडबडी र न्यारोबडीका आठ पाइलट नियोजित रूपमा बिदामा बसेपछि अन्तर्राष्ट्रिय उडान प्रभावित भएका छन्। आइतबारको काठमाडौं-दुबईको उडान नै सोमबारका लागि सारिएको छ भने दिल्ली र मुम्बईका उडान आठ घण्टासम्म डिले भएका छन्। विमानस्थल पुगेका सर्यौं यात्रु अलपत्र परेका छन्।

खाइपाइ आएको सेवा-सुविधा बढाउन माग गर्दै पाइलटहरू हडतालमा उत्रिएका हुन्। करारमा कार्यरत पाइलटहरूको तुलनामा आफूहरूले प्राप्त गर्ने सेवा-सुविधा कम भएको भन्दै स्थायी आठ पाइलटले सुविधा बढाउन माग गर्दै आइरहेका छन्। अहिले निगममा वाइडबडी र न्यारोबडीका ४३ जना स्थायी पाइलट छन्। आठ पाइलटले ६ मंसिरदेखि नियोजित रूपमा 'बिरामी र अर्जेन्ट काम' परेको जानकारी गराउँदै बिदामा बसेको निगम स्रोतको भनाइ छ।

सेड्युल उडानमा रहेका पाइलटहरू बिदा बसेपछि शुक्रबारदेखि नै निगमको अन्तर्राष्ट्रिय उडान प्रभावित भइरहेको छ। सोही कारण आइतबार दिउँसो १:४५ बजेको काठमाडौं-दिल्ली उडान डेढ घण्टा डिले भएको छ। सो उडानमा दिल्ली जाने दुई सय ७५ र फर्किने एक सय ९५ यात्रु थिए। दिउँसो १२:२० को काठमाडौं-मुम्बई फ्लाइट डिले हुँदा बिहानै १० बजेदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पुगेका यात्रुहरू राति १० बजे मात्र गन्तव्यतर्फ प्रस्थान गर्न पाएका थिए। मुम्बई जाने यात्रुहरू पनि भरिभराउ थिए।

आइतबार बेलुका साढे ९ बजेको काठमाडौं-भैरहवा-दुबई उडान पनि सोमबार बिहान सवा ९ बजेका लागि सारिएको निगम स्रोतले जानकारी दिएको छ। सोमबार बिहान क्याप्टेन नगेन्द्र भट्टराई र लिबर्टी भण्डारीले यात्रु बोकेर दुबईका लागि उडान गर्ने तालिका छ। यो उडानमा दुबई जाने यात्रु भरिभराउ छन् भने फर्किने ८० जना रहेको बताइएको छ। उडान क्यान्सिल भएपछि निगमले आफ्नै खर्चमा यात्रुहरूलाई तारे होटेलमा राख्नुपर्छ। अर्जेन्ट यात्रुहरूलाई महँगो टिकट काटेरै भए पनि अर्को फ्लाइटमा गन्तव्यमा पठाउनुपर्ने हुन्छ। शनिबार हडकडको दिउँसो ११ बजेको फ्लाइट डिले भएर दुई बजेपछि मात्र उडेको बताइएको छ।

एक्कासि सेड्युल फ्लाइट सरेपछि विमानस्थलमा पुगिसकेका काठमाडौं र दुबईतर्फका यात्रुलाई व्यवस्थापन गर्न निगमले अतिरिक्त खर्च व्यहोर्नुपरेको छ। 'सोमबार पनि के-कति उडान हुन्छन्, यसै भन्न सकिने अवस्था छैन,' स्रोत भन्छ, 'पाइलट उडानमा फर्किए नियमित उडान हुनेछ, नत्र उडानहरू डिले हुने र रद्दसमेत हुन सक्छन्।' व्यस्त सिजनमा पाइलट बिदामा बसेर हडतालमा उत्रिँदा सर्यौं यात्रु अलपत्र पर्नुका साथै निगमको आम्दानी र साखसमेत गुम्न पुगेको छ।

यसअघि क्याबिन क्रु हडतालमा उत्रिँदा उडान प्रभावित भएर यात्रु अलपत्र परेको र निगमले आर्थिक नोक्सानी व्यहोर्नुपरेको थियो। यही असोजमा क्याबिन क्रुहरूले ४५ वर्षे उमेर हदलाई ५० वर्ष पुऱ्याउनुपर्ने माग राख्दै हडतालमा उत्रिएका थिए।



व्यस्त सिजनमा उडान अस्तव्यस्त

सामान्यतया भदौदेखि चाडपर्व र पर्यटनको सिजन सुरु हुने हुँदा वायुसेवा कम्पनीहरूलाई यात्रु ओसार्न भ्याई-नभ्याई हुन्छ। न्यूनतम भाडामा सेवा दिइरहेका वायुसेवा कम्पनीले चाडपर्व र पर्यटनको सिजनमा यात्रुको चाप बढ्नेबित्तिकै तीन गुणासम्म बढी हवाईभाडा लिने गर्छन्। तर, चाडपर्व र पर्यटनको सिजनमा निगमका दुईवटै वाइडबडी सि-चेकमा लापरबाही हुँदा इटालीको नेपल्समा थन्किए।

नौ असारमा सि-चेकका लागि इटाली पठाइएको वाइडबडी '९एन-एएलवाई' ८२ दिनपछि २५ भदौमा फर्किएको थियो। सि-चेककै लागि १२ भदौमा इटाली पठाएको अर्को वाइडबडी विमान ९एन-एएलजेड ८३ दिनपछि ४ मंसिरमा बल्ल नियमित उडानमा फर्किएको थियो। जबकि, निगम व्यवस्थापनले इटालियन एमआरओ कम्पनी एटिटेक एसपिएसँग तीस दिनभित्र जहाज सि-चेक गर्ने गरी सम्झौता गरेको थियो।

अप्रेसन विभागको ध्यानाकर्षण पत्रमा भनिएको छ, 'सुनियोजित देखिने गरी आठ पाइलटले सिक रिपोर्ट र अर्जेन्ट वर्क रिपोर्ट गर्दा आठ गतेदेखि उडानमा प्रभाव देखिन थालेको छ। निगमको उडानमा पर्न गएको असरले आर्थिक नोक्सानी मात्र भएको छैन, निगमको साख र इज्जतमा समेत नकारात्मक प्रभाव परेको छ, यसलाई निगम व्यवस्थापनले अत्यन्त गम्भीर रूपमा लिएको छ र निगमलाइ पर्ने आर्थिकलगायत सम्पूर्ण नोक्सानीको सम्बन्धमा नियमानुसार हुने व्यहोरा जानकारी गराइन्छ।'

पाइलटहरूको मागका सम्बन्धमा निगम व्यवस्थापन अत्यन्तै गम्भीर रहेको निगम प्रवक्ता रमेश पौडेलले बताए। उनले भने, 'यस सम्बन्धमा तालुक मन्त्रालय र अर्थ मन्त्रालयसँग आवश्यक समन्वय तथा छलफल भइरहेकोले छिट्टै समस्या समाधान हुनेमा विश्वस्त छौं।' पाइलटको सेवा-सुविधा बढाउन पर्यटन सचिव डा. गणेश पाण्डेयले अर्थमन्त्री विष्णु पौडेलसँग सोमबार छलफल गर्ने तालिका रहेको अप्रेसन विभागले जनाएको छ।

संक्षेप

सेबोन अध्यक्षमा तीनजना सिफारिस

काठमाडौं/ नेपाल धितोपत्र बोर्डको अध्यक्षमा तीनजना उम्मेदवारको नाम सिफारिस गरिएको छ। राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारी संयोजकत्वको समितिले मन्त्रिपरिषद्समक्ष सन्तोषनारायण श्रेष्ठ, डा. नवराज अधिकारी र मुक्तिनाथ श्रेष्ठको नाम सिफारिस गरेको हो।

आइतबार समितिले कृष्णबहादुर कार्की, डा. नवराज अधिकारी र चिरञ्जीवी चापागाईंलाई अन्तर्वार्ता र प्रस्तुतीकरणका लागि बोलाएको थियो। यद्यपि, चापागाईं नआएपछि समितिले कार्की र अधिकारीसँग मात्रै अन्तर्वार्ता लिएको छ। गत १८ असोजमा अध्यक्षका लागि समितिले तीनजना उम्मेदवारलाई अन्तर्वार्ताका लागि बोलाएको थियो। सो समयमा समितिका संयोजक प्रा.डा. अधिकारी अस्वस्थ भएपछि नियुक्ति प्रक्रिया स्थगित भएको थियो। यसअघि सन्तोषनारायण श्रेष्ठ र मुक्तिनाथ श्रेष्ठले अन्तर्वार्ता दिइसकेका छन्। सोमबारको मन्त्रिपरिषद्को नियमित बैठकले अध्यक्ष नियुक्तिको निर्णय गर्न सक्ने अर्थ मन्त्रालयका अधिकारीहरूको भनाइ छ।

परिसंघको वरिष्ठ उपाध्यक्षमा पाण्डे

काठमाडौं/ नेपाल उद्योग परिसंघको वरिष्ठ उपाध्यक्षमा वीरेन्द्रराज पाण्डे चयन भएका छन्। नेपाल उद्योग परिसंघको आइतबार बसेको गभर्निङ काउन्सिल समितिले परिसंघको विधानअनुरूप पाण्डेलाई वरिष्ठ उपाध्यक्ष चयन गरेको हो।

आगामी वार्षिक साधारणसभापछि पाण्डे परिसंघको स्वतः अध्यक्ष बन्नेछन्। परिसंघको विधानअनुसार वरिष्ठ उपाध्यक्ष नयाँ कार्यकालका लागि स्वतः अध्यक्ष हुने व्यवस्था छ। ०७२ देखि परिसंघको राष्ट्रिय परिषद् सदस्यसँगै विभिन्न समितिमा रहेर काम गरिसकेका उनी ०७५ देखि परिसंघको उपाध्यक्ष रहँदै आएका छन्। पाण्डे तीन दशकदेखि निरन्तर निर्माण उद्योगमा संलग्न छन्। सिभिल इन्जिनियरिङ, आवास र सहरी विकास, सडक तथा पुल, जलस्रोत व्यवस्थापन, संरचनात्मक प्रबलीकरणमा दखल राख्ने उनी नेपाल आदर्श निर्माण कम्पनीका कार्यकारी निर्देशक हुन्। उनी हरित सामग्री निर्माण, कृषि तथा शिक्षा क्षेत्रमा समेत सक्रिय छन्।

■ उद्योगीको विद्युत् बक्यौता विवाद

मन्त्रालयको जाँचबुझ समितिले सुरु गऱ्यो काम

नयाँ पत्रिका

उद्योगीको विद्युत् महसुल जाँच गर्ने भन्दै नेपाल विद्युत् प्राधिकरण र विद्युत् नियमन आयोगलाई बाइपास गरी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले बनाएको कार्यदलले काम सुरु गरेको छ।

लोडसेडिङका बेला डेडिकेटेड फिडर र ट्रंकलाइनबाट २४ घण्टासम्म विद्युत् प्रयोग गरेको उद्योगीको प्रिमियम बक्यौता निर्क्योल गर्न आवश्यक सत्यतथ्य विवरण तथा प्रमाण संकलन गरी प्रमाणीकरणसमेत गर्ने भन्दै मन्त्रालयले ३ मंसिरमा प्रा.डा. अरविन्दकुमार मिश्रको संयोजकत्वमा तीन सदस्यीय कार्यदल बनाएको थियो। समितिको सदस्यमा प्राधिकरणकै पूर्वकर्मचारी श्रीरामराज पाण्डे र चार्टर्ड एकाउन्टेन्ट सुजनकुमार काफ्ले छन्। उक्त समितिले आइतबारदेखि काम सुरु गरेको हो।

यद्यपि, उक्त समितिलाई काम गर्न कुनै समय सीमा तोकिएको छैन। समितिले आइतबारदेखि प्रारम्भिक रूपमा काम सुरु गरेको मन्त्रालयका प्रवक्ता चिरञ्जीवी चटौतले जानकारी दिए। 'समितिले आइतबार काम सुरु गरेको छ। सम्भवतः अब समितिले आवश्यक विवरणहरू संकलन गरेर प्रतिवेदन पेस गर्नेछ। समितिलाई यति दिनमा प्रतिवेदन नै बुझाउनु भनेर समय तोकिएको छैन,' उनले भने, 'जति सक्दो छिटो प्रतिवेदन बुझाउन भनिएको छ।'

बबरमहलस्थित जल तथा मौसम पूर्वानुमान मौसम विभागको कार्यालयमा समितिको कार्यालय राखिएको छ। समितिलाई टाइम अफ डे (टिओडी) मिटरसमेतका आधारमा माघ ०७२ माघदेखि वैशाख ०७५ सम्ममा उद्योगीको बक्यौता महसुल निर्क्योल गर्न आवश्यक सत्यतथ्य विवरण तथा प्रमाण संकलन र प्रमाणीकरण गर्न मुख्य कार्यादेश दिइएको छ।

Gandaki Province Government
Ministry of Energy, Water Resource and Water Supply
Water Resource and Irrigation Development Division Office
Nawalparasi (Ba.Su.Pu.)

Invitation for E-Bid

Date of First Publication: 2081-08-10 (2024-11-25)

1. Gandaki Province Government, Ministry of Energy, Water Resource and Water Supply, Water Resource and Irrigation Development Division Office, Nawalparasi (Ba.Su.Pu.) invites E-bid from eligible bidders for the contracts given below.

S. N	Contract No.	Description of the Work	Estimated Amount (Inc. VAT and PS) NRs	Minimum Bid Security Amount (NRs) and its validity period	Non Refundable fee for Bidding Document NRs	Bid Validity Period
1	WRIDDO/BKIP/ Works/NCB-01/081-82	Construction of Canal and Canal Structures of Bagaha Khola ISP, Devchuli-16, Bahrakol, Nawalparasi (Ba.Su.Pu.)	44,14,163.45	1,20,000.00 (valid 120 days from the date of bid opening)	3,000.00	90 days
2	WRIDDO/NTIP/ Works/NCB-02/081-82	Construction of Canal and Canal Structures of Nagartandi IP, Gaindakot-14, Nawalparasi (Ba.Su.Pu.)	28,82,678.24	65,000.00 (valid 120 days from the date of bid opening)	3,000.00	90 days
3	WRIDDO/KDIP/ Works/NCB-03/081-82	Construction of Canal and Canal Stuctures of Kakarsoh Khola Samagra IP, Gaidakot-12, 13, Nawalparasi (Ba.Su.Pu.)	44,42,138.04	1,20,000.00 (valid 120 days from the date of bid opening)	3,000.00	90 days
4	WRIDDO/DKIP/ Works/NCB-04/081-82	Construction of Canal and Canal Structures of Devsoth Khola Sinchai Kulo Nirman, Devchuli Na.Pa. 10,11,12,14,15, Nawalparasi (Ba.Su.Pu.)	33,31,828.80	75,000.00 (valid 120 days from the date of bid opening)	3,000.00	90 days
5	WRIDDO/AIP/ Works/ NCB-05/081-82	Construction of Canal and Canal Structures of Amrasa IP, Madhyabindu-7, Nawalparasi (Ba.Su.Pu.)	33,30,828.62	75,000.00 (valid 120 days from the date of bid opening)	3,000.00	90 days
6	WRIDDO/KIP/ Works/ NCB-06/081-82	Construction of Canal and Canal Structures of Kusundetar IP, Madhyabindu-11, Nawalparasi (Ba.Su.Pu.)	33,33,940.04	75,000.00 (valid 120 days from the date of bid opening)	3,000.00	90 days

2. Bidding Documents available online and can be downloaded from e-GP System https://bolpatra.gov.np/egp.
3. Bidders shall have the option of submitting their bids electronically only. Submission of Hard Copy bids shall not be entertained.
4. Bidders may obtain further information at the office of Water Resource and Irrigation Development Division Office, Nawalparasi (Ba.Su.Pu.), Or, may visit PPMO e-GP System: https://bolpatra.gov.np/egp.
5. **For Revenue Deposit: Name of Bank:** Rastriya Banijya Bank Limited, **Office Code No.:** 3400346014, **Account no.:** 10000201010004, **Revenue Head no.:** 14229
6. **To deposit Bid security: Name of Bank:** Rastriya Banijya Bank Limited, Kawasoti Branch, **Account Name:** Dharauti Khata, **Account no:** 3200100202030000
7. Last date of E-bid submission: 2081-09-11 / 12:00 Noon (ii) Date, Time and Place for Bid Opening: 2081-09-11 / 13:00 Hours at the WRIDDO, Nawalparasi (Ba.Su.Pu.). Contact No: 078-540488, email: irrigation.nawalpur@gmail.com

Division Chief

द.नं.: ३३/०४७/०४८ "आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नतिका लागि सहकारिताको भावनालाई जगाऔं।" स्था.ले.नं.: ३००३२८६८०

बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.
शंखधरचोक, मध्यपुर थिमि-४, भक्तपुर,फोन नं.: ९७७-०१-५०९३३२३, ५०९३४५५
ईमेल : basic@mail.com.np, वेबसाइट: www.balkumarisaccos.com

यस संस्थामा धितो सुरक्षणमा रहेको अचल सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी ३५ (पैतिस) दिने सूचना

प्रकाशित मिति २०८१।०८।१०

यस सहकारी संस्थाबाट सुरक्षण बापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणी सदस्यले बिभिन्न मितिमा बिभिन्न कर्जा शिर्षक अन्तरगत लिनु भएको कर्जाको साँवा ब्याज तथा ढिलो बुझाए बापत लाग्ने हर्जना नतिरि नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरू उल्लघन गर्नु भएकोमा यस संस्थाबाट सो कर्जा, त्यसको ब्याज र हर्जाना चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गरी मिति २०८१।०२।२१ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणीलाई कर्जा तिर्न/बुझाउन आउने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा तिर्न बुझाउन कुनै कदम नचाल्नु भएको तथा संस्थाको सम्पर्कमा समेत नआउनु भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस संस्थाको लेना दिएको सम्पूर्ण रकम बुझाउन आउनु हुन कर्जाको ऋणी तथा धन जमानी समेतलाई अनुरोध गरिएको छ। उपरोक्त अनुसारको मितिमा समेत सो सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्न नआउनु भएमा सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ को नियम ३० र बागमती प्रदेश सहकारी ऐन २०७६ को दफा ६४, बागमती प्रदेश सहकारी नियमावली २०७६ को दफा १९ ले तोके बमोजिमको कार्यविधि अवलम्बन गरी सो कर्जा लिँदा संस्थालाई धितो लेखिदिएको घर/जग्गा लिलाम बिक्री गरी सहकारी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा यसै सार्वजनिक सूचनाबाट जानकारी गराईन्छ। यदि सो कर्जा उपरोक्त अनुसारको मितिमा चुक्ता भुक्तानी नगरेमा ३६ औं दिनका दिन तथा सो दिन विदा परे कार्यालय खुलेको पहिलो दिन लिलाम डाक बढाबढबाट सो घर/जग्गा बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने र ऋणीको धितो लिलाम बिक्री गर्दा समेत संस्थाले लेना रकमको साँवा ब्याज र हर्जाना संस्थालाई नबुझाए वा अपुग भएमा ऋणीको अन्य सम्पत्ति तथा ऋणीका एकाघरका परिवारका सदस्यको नाममा रहेका भएका चल अचल सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा सर्वसाधारण सबैलाई जानकारी गराईन्छ। यसै सूचनालाई आधारमानी सो घर जग्गा लिलाम बढाबढबाट खरिद गरी लिने इच्छुक सर्वसाधारण/संस्थालाई समेत यो सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

क्र.सं.	ऋणीको बिबरण	फोटो	धित्तो बिवरण
१	कर्जा नं.:००१L२००११०४, ००१L२००११०७ नाम : ध्रुवराज न्यौपाने बाजे : गोबिन्द प्रसाद न्यौपाने बाबु : भैरव प्रसाद भन्ने अम्बरनाथ न्यौपाने ठेगानाः सा. दधिकोट गाबिस वडा नं. ६, भक्तपुर, हाल सु.न.पा. ४, दधिकोट।		भक्तपुर जिल्ला साबिक दधिकोट गा. बि. स. वडा ६(क) हाल सुर्यविनायक न.पा वडा नं. ४ अन्तरगतको कि.नं. १४९३ को क्षेत्रफल ०-६-१-० को जग्गा र सो जग्गामा बनेको घर समेत तथा भक्तपुर जिल्ला साबिक दधिकोट गा.बि.स. वडा नं. ६(क) हाल सुर्यविनायक न.पा. वडा नं. ४ अन्तरगतको कि.नं. १४९२ को ०-२-३-० जग्गा।
	जमानीकर्ताको नाम : सन्तोष राज न्यौपाने, बाजे : भैरव प्रसाद भन्ने अम्बरनाथ न्यौपाने, बाबु : ध्रुवराज न्यौपाने जमानीकर्ताको नाम : संगिता ढुंगेल (न्यौपाने), ससुरा : ध्रुवराज न्यौपाने, पति : सन्तोष राज न्यौपाने		

१) धितो लिलाम बढाबढमा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफूले कबुल गरेको अंकको १०% प्रतिशतले हुने रकम धरौटी बापत तुरुन्त लिलाम बढाबढ गरेकै बखतमा यस संस्थामा जम्मा गर्नु पर्नेछ। तर सूचनामा उल्लेख गरिएका ऋणीका घर/जग्गा पन्चकृत मूल्य निर्धारण गरी लिलाम बिक्री गरिनेछ।
२) लिलाम बढाबढमा भाग लिने व्यक्ति/संस्थाले स्वीकृत पत्र पाएको मितिले ७ दिन भित्र बाँकी रकम बुझाई नामसारी गर्नु पर्नेछ। नामसारी गरि नलिएमा धरौटी बापत रहेको १०% प्रतिशत रकम स्वतः जफत हुनेछ।
३) तोकेको दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै सरकारी कार्यालय खोलिएको पहिलो दिनमा लिलाम बढाबढ गरिनेछ।
४) लिलाम बढाबढ गर्दा सबैभन्दा बढी अंक बोल्ने व्यक्ति वा संस्थालाई लिलाम स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थालाई सुरक्षित रहनेछ।
५) लिलाम बिक्री हुने घर जग्गा एवं सो सम्बन्धी कागजात हेर्न चाहनु हुने महानुभावहरूले यस संस्थाको कार्यालयबाट कार्यालय समय भित्र जानकारी लिन सक्नेछ।
६) सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियम, कर्जा लगानी तथा असुली नीति अनुसार लिलाम बिक्री गर्नु पर्ने माथि उल्लेखित घर जग्गा लिलाम बिक्री गर्दा कसैले नसकारेमा संस्थाले उक्त धितोमा रहेको घर जग्गाको स्वामित्व आफूमा लिन सक्नेछ।
७) लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरू ऋणी स्वयम्ले व्यहोर्नु पर्नेछ। धितो नामसारी दा.खा. गर्दा लागेको खर्च लिलाम सकार गर्नेले व्यहोर्नु पर्नेछ।
८) संस्थामा सुरक्षणमा रहेको धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएमा ऋणी तथा निजको एकाघर परिवारको नाममा रहेको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ।
९) लिलाम बढाबढ यस संस्थाको कार्यालयमा मिति २०८१ पुस १५ गते दिनको १०:०० बजेदेखि दिनको ४:०० बजेसम्म हुनेछ।

थलीमा सानिमा बैंकको नयाँ शाखा

काठमाडौं/ सानिमा बैंकको नयाँ शाखा थलीमा शुभारम्भ भएको छ। कागेश्वरी-मनोहरा नगरपालिका- ५ स्थित थलीमा शाखा स्थापना गरी बैंकले सेवा विस्तार गरेको हो। शाखा कार्यालयको उद्घाटन कागेश्वरी-मनोहरा नगरपालिकाका नगर प्रमुख उपेन्द्र कार्की, ब्रान्ड प्रवर्द्धक कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य (महजोडी) तथा बैंकका सञ्चालक लक्ष्मीप्रपन्न निरौलाका साथै प्रमुख कार्यकारी अधिकृत निश्चलराज पाण्डेले संयुक्त रूपमा गरे। उद्घाटन कार्यक्रममा नगर प्रमुख कार्कीले बैंकले नगरपालिकाको भवनमा शाखा विस्तार गरेकोमा कृतज्ञता व्यक्त गर्दै यस बैंकमार्फत स्थानीयमा सहज बैंकिङ सेवाको पहुँचबाट लाभान्वित हुने बताए। यसै गरी, महजोडीले थलीमा सानिमा बैंकको कार्यालय सञ्चालनमा आएकोमा बैंकलाई बधाई ज्ञापन गर्दै



सबल अनि विश्वसनीय बैंकको रूपमा निरन्तर विस्तार हुन शुभकामना व्यक्त गरे। त्यसैगरी, बैंकका सञ्चालक निरौला तथा सिइओ पाण्डेले निरन्तर सहयोग तथा संरक्षणका लागि ग्राहकप्रति आभार प्रकट गरे।

१३५ मेगावाटको मनाङ–मर्स्याङ्दी आयोजना निर्माण सुरु

काठमाडौं/ मनाङ-मर्स्याङ्दी जलविद्युत् आयोजनामा वित्तीय व्यवस्थापन जुटेको छ। मनाङ-मर्स्याङ्दी जलविद्युत् कम्पनीद्वारा प्रवर्द्धित एक सय ३५ मेगावाट क्षमताको अर्धजलाशययुक्त मनाङ-मर्स्याङ्दीको वित्तीय व्यवस्थापन जुटेसँगै निर्माण सुरु भएको आयोजनाको लगानीकर्तामध्येको एक बुटल पावर कम्पनीले जनाएको छ। कम्पनीका अनुसार गत महिना चीनको एक्जिम बैंकसँग कर्जा सम्झौता भएको थियो।

सम्झौताअनुसार एक्जिम बैंकले एक अर्ब २४ करोड २५ लाख चिनियाँ युआन अर्थात् १७ करोड ५२ लाख ५० हजार अमेरिकी डलर ऋण लगानी गर्नेछ। बाँकी ऋण रकम अन्य स्रोतबाट जुटाइएको कम्पनीले जनाएको छ। आयोजनाको अनुमानित लागत भने ३२ करोड ३० लाख अमेरिकी डलर रहेको छ।

आयोजनामा नेपालको नेतृत्वदायी जलविद्युत् प्रवर्द्धक बुटवल पावरसँगै चिनियाँ लगानीकर्ता एसिआइजी इन्टरनेसनल लिमिटेड, सिङ्चेङ इन्टरनेसनल इन्भेस्टमेन्ट कम्पनी



लिमिटेड र क्युवाइइसी इन्टरनेसनल कम्पनी लिमिटेड र सो कम्पनीहरूको संयुक्त लगानीको एसिआइजी इन्टरनेसनल नेपाल हाइड्रो जोइन्ट डेभलपमेन्ट इन्भेस्टमेन्ट कम्पनीको लगानी रहनेछ। यसमा बुटवल पावरको हिस्सा २० प्रतिशत रहने बताइएको छ।

आयोजनाको निर्माण चीनको सिनोहाइड्रो ब्युरो सेभेन कम्पनी लिमिटेडले र निर्माण सुपरिवेक्षण सोही नर्थवेस्ट इन्जिनियरिङ कम्पनीले गरिरहेको बताइएको छ। आयोजना निर्धारित कार्ययोजनाअनुरूप ४२ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य छ। साथै, यस कम्पनीले आयोजनास्थल आसपासका स्थानीय बासिन्दालाई प्रचलित कानुनको अधिनमा रही सेयर उपलब्ध गराउने योजना बनाएको छ।

धितोमा रहेको सम्पत्ति शिलबन्दी बोलपत्र आव्हानद्वारा बिक्री गरिनेबारे दोस्रोपटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति : २०८१।०८।१० गते)

यस बैंकका देहायका शाखा कार्यालयहरूबाट निम्नबमोजिम कर्जा तथा सुविधा लिने ग्राहकहरूले म्यादभित्र कर्जा चुक्ता नगरी लिखित तथा मौखिक तर ताकेता र पत्रपत्रिका (मिति २०८१/०२/२५ र २०८१/०३/१५) मा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना गर्दा समेत कर्जा चुक्ता नभएकाले यो सूचना प्रकाशित गरिएको छ। तसर्थ, यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बैंकमा आई आफूले उपभोग गरेको साँवा तथा कर्जा चुक्ता गर्ने अधिल्लो दिनसम्मको ब्याज र अन्य लेना रकम समेत चुक्ता गरी धितो सम्पत्ति फुकुवा गराई लिनु हुन सम्बन्धित ग्राहक र धितो मन्जुरीनामा दिनु हुने महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै, यस सूचनाबमोजिम लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकको अनुकूल समयमा बैंक आफैंले सकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइएको छ। यो सूचनाबमोजिम १५ (पन्ध्र) दिनभित्र चुक्ता नभएमा तपसिलमा उल्लेखित चल, अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा प्रचलित कानुनको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्रमार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ/संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५औं दिन वा सो भन्दा अगाडि नै शाखा कार्यालय, धनकुटा मा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरूको अधीनमा रही शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। बोलपत्र सूचना प्रकाशन भएको १६औं दिन वा सो दिन सार्वजनिक बिदा परेको भएमा बिदापश्चात् लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र फारममा उल्लेखित शर्तहरूको अधिनमा रही रीतपूर्वक दर्ता हुन आएका बोलपत्र फारमहरू दिनको १२:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताका अनुपस्थितले बोलपत्र खोल्न बाधा पुग्ने छैन।

तपशिल

शिलबन्दी टेण्डर पेश गर्ने अन्तिम मिति : २०८१ **साल मंसिर महिना २५ गते**
धितो लिलाम बिक्री हुने मिति : २०८१ **साल मंसिर महिना २६ गते, दिनको १२:०० बजे**
सम्बन्धित कार्यालय तथा धितो लिलाम बिक्री हुने स्थान/कार्यालय : **कृषि विकास बैंक लि., शाखा कार्यालय, धनकुटा।**

ग्राहकको विवरण

१. ग्राहकको नाम : गणेश राना मगर, ना.प्र.नं. ७८१-११२३, जारी मिति : २०५२/०२/१६, जारी भएको कार्यालय : जिल्ला प्रशासन कार्यालय, धनकुटा, बाबुको नाम : मित्र सिंह राना मगर, बाजेको नाम : कर्ण बहादुर राना मगर

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक/ कर्जा नं.	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (रो.)	कैफियत
सरल कृषि कर्जा/१००६२	मित्र सिंह राना मगर	धनकुटा	धनकुटा	१	२८२, १८७०१७०२	०-६-०-०, ०-५-०-३ ०-१-२-३	घर, टहरा र अन्य लिगलगापत समेत
					१८७१, १९७३	०-५-३-०, ०-१५-३-०	

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
मित्र सिंह राना मगर	धनकुटा नं.पा. ४, धनकुटा	३२०/०२०	धनकुटा, २०२०/०२/२६/ जिल्ला प्रशासन कार्यालय, धनकुटा	कर्णबहादुर राना मगर	ताराबिर राना मगर
योग्यता आले	धनकुटा न.पा. ७, धनकुटा	६१७	धनकुटा, २०५८/१२/२८/ जिल्ला प्रशासन कार्यालय, धनकुटा	गणेश राना मगर	मित्र सिंह राना मगर

२. ग्राहकको नाम : याम बहादुर राना, ना.प्र.नं: ४२७, जारी मिति : २०६१/११/१८, जारी भएको कार्यालय : जिल्ला प्रशासन कार्यालय, धनकुटा, बाबुको नाम : धन बहादुर राना, बाजेको नाम : भीम बहादुर राना

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक/ कर्जा नं.	जग्गाधनीको नाम	जिल्ला	न.पा./ गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (रो.)	कैफियत
सरल कृषि कर्जा/ १०१८५	याम बहादुर राना	धनकुटा	निगाले	९	३६४, ३७१, ३२४	६-११-२-०, ९-१०-२-० ४-१५-०-०	घर टहरा र अन्य सबै लिगलगापत समेत
					१३७३, ९५७	१-८-०-०, २-४-०-०	
					३४०, ३४८	१-१३-३-०, २-६-२-०	

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
सरिता राना	धनकुटा न.पा. १०, धनकुटा	०७-०१-७१-००२०५१	धनकुटा, २०७१/०८/१६, जिल्ला प्रशासन कार्यालय, धनकुटा	याम बहादुर राना	धन बहादुर राना

३. ग्राहकको नाम : याम बहादुर राई, ना.प्र.नं. २१४७/९१६, जारी मिति : २०५४/०४/२८, जारी भएको कार्यालय : जिल्ला प्रशासन कार्यालय, धनकुटा, बाबुको नाम : हस्त बहादुर राई, बाजेको नाम : रण बहादुर राई

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक/ कर्जा नं.	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल	कैफियत
सरल कृषि कर्जा/९३६०	याम बहादुर राई	धनकुटा	निगाले	७	३५७	६-८-३-०	घर टहरा र अन्य लिगलगापत समेत

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
रमला राई	धनकुटा नं.पा.२, धनकुटा	२३९४	धनकुटा/२०६१/१२/१६/ जिल्ला प्रशासन कार्यालय, धनकुटा	याम बहादुर राई	हस्त बहादुर राई

४. ग्राहकको नाम : बल बहादुर थापा, ना.प्र.नं: २३४, जारी मिति : २०४५/०१/१७, जारी भएको कार्यालय : जिल्ला प्रशासन कार्यालय, धनकुटा, बाबुको नाम : जित बहादुर थापा, बाजेको नाम : खड्ग बहादुर थापा

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक/ कर्जा नं.	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल	कैफियत
सरल कृषि कर्जा/१००७६	बल बहादुर थापा	धनकुटा	निगाले	८	१५०३	४-१-०-०	घर टहरा र अन्य लिगलगापत समेत

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
फूल माया थापा (काफ्ले)	बेलहारा १, धनकुटा	०७१०२०/ ९९२	धनकुटा/२०६६/०६/०२/ जिल्ला प्रशासन कार्यालय, धनकुटा	बल बहादुर थापा	जित बहादुर थापा

५. ग्राहकको नाम : हाम्रो एग्रो इन्डष्ट्री, दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय धनकुटा, फर्मको दर्ता नं: ४१२९/०७१/०७२ दर्ता मिति : २०७२/०१/२०, पान नं: ६०३७३८१७

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक कर्जा नं.	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल	कैफियत
सरल कृषि ९६२४	राम बहादुर राई	धनकुटा	बेलहारा	५	४०० ४०६ १०१	२-४-०-० ४-१-०-० ०-८-०-०	घर टहरा र अन्य लिगलगापत समेत
	हेम चन्द्र राई	धनकुटा	बेलहारा	९	३९४	१०-१३-३-२	घर टहरा र अन्य लिगलगापत समेत

प्रोप्राइटर/सञ्चालकहरूको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
हेमचन्द्र राई	बेलहारा १, धनकुटा	२३०	धनकुटा/२०६०/०७/१४/ जिल्ला प्रशासन कार्यालय, धनकुटा	रामेश्वर राई	जागेश्वर राई
बिजय घिमिरे	धनकुटा २, धनकुटा	१८३	धनकुटा/२०५८/०३/०५/ जिल्ला प्रशासन कार्यालय, धनकुटा	हर्क बहादुर घिमिरे	कमल बहादुर घिमिरे

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
हेमचन्द्र राई	बेलहारा १, धनकुटा	२३०	धनकुटा/२०६०/०७/१४, जिल्ला प्रशासन कार्यालय, धनकुटा	रामेश्वर राई	जागेश्वर राई
बिजय घिमिरे	धनकुटा २, धनकुटा	१८३	धनकुटा/२०५८/०३/०५/ जिल्ला प्रशासन कार्यालय, धनकुटा	हर्क बहादुर घिमिरे	-
राम बहादुर राई	बेलहारा १, धनकुटा	१०९७	धनकुटा/२०४३/०२/२५/ जिल्ला प्रशासन कार्यालय, धनकुटा	जागेश्वर राई	ध्वजमान राई

६. ग्राहकको नाम : ढुकुर सिं एग्रो फर्म, दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय धनकुटा, फर्मको दर्ता नं : ४२००/०७२/०७३, दर्ता मिति : २०७२/०८/१०, पान नं : ६०३६९९९८०

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक/ कर्जा नं.	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल	कैफियत
सरल कृषि /९५६४	अड्डामान राई	धनकुटा	खोकु	९	६७४	३-२-०-०	घर टहरा र अन्य लिगलगापत समेत
					६८३	२-११-०-०	
					६७९	४-१२-१-०	
	चन्द्रकला राई	धनकुटा	चुलिवन	८	५१४	१-१२-१-०	घर टहरा र अन्य लिगलगापत समेत

प्रोप्राइटरको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
अड्डामान राई	खोकु गा.पा ९, धनकुटा	३०२	धनकुटा/२०६१/०२/१३/ जिल्ला प्रशासन कार्यालय, धनकुटा	गजामसिं राई	ईमानसिं राई

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
चन्द्र कला राई	चुडमाङ ३, धनकुटा	९९०	धनकुटा/२०६६/०३/१४/ जिल्ला प्रशासन कार्यालय, धनकुटा	अड्डामान राई	गजाम सिं राई
अड्डामान राई	खोकु गा.पा ९, धनकुटा	३०२	धनकुटा/२०६१/०२/१३/ जिल्ला प्रशासन कार्यालय, धनकुटा	गजाम सिं राई	ईमानसिं राई

७. ग्राहकको नाम : योविना ताजा सब्जी तथा फलफुल बिक्री केन्द्र, दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय धनकुटा, फर्मको दर्ता नं : ६३५/०७२/७३, दर्ता मिति : २०७३/०१/२८, पान नं: ६०४१२५२५५

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक/कर्जा नं.	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल	कैफियत
सरल कृषि कर्जा/९८८३	तिर्थ बहादुर राना मगर हर्क बहादुर राना मगर	धनकुटा	तांखुवा	९	११५१४	९-३-१-० २१-१४-०-०	घर टहरा र अन्य लिगलगापत समेत

प्रोप्राइटरको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
तिर्थबहादुर राना मगर	तांखुवा ९, धनकुटा	०७३०२४/५४	धनकुटा, २०६३/११/०६ जिल्ला प्रशासन कार्यालय, धनकुटा	हर्क बहादुर रानामगर	नर बहादुर राना मगर

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
तिर्थबहादुर राना मगर	तांखुवा ९, धनकुटा	०७३०२४/५४	धनकुटा, २०६३/११/०६ जिल्ला प्रशासन कार्यालय, धनकुटा	हर्क बहादुर राना मगर	नर बहादुर राना मगर
हर्क बहादुर राना मगर	तांखुवा ९, धनकुटा	१६७७३	धनकुटा, २०४२/१२/२१ जिल्ला प्रशासन कार्यालय, धनकुटा	नर बहादुर राना मगर	दल बिर राना मगर
चेत बहादुर राना मगर	तांखुवा ९, धनकुटा	७५	धनकुटा, २०५८/०५/१५ जिल्ला प्रशासन कार्यालय, धनकुटा	हर्क बहादुर राना मगर	नर बहादुर राना मगर

शर्तहरू :

१. शिलबन्दी बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट रु. १,०००। (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फारम मान्य हुने छैन।
२. लिलामी सूचनामा उल्लेखित कर्जा शीर्षक र नम्बर बोलपत्र फारममा अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ। साथै, बोलपत्रको खाम बाहिर कर्जा शीर्षक र नम्बर समेत उल्लेख गरेको हुनु पर्नेछ।
३. रित नपुगेको, न्यूनतम मूल्यभन्दा कम उल्लेख भएको, तोकिएको मिति र समयमा आई नपुगेको टेण्डरउपर कुनै कारबाही गरिने छैन।
४. कुनै कारण जनाई वा नजनाई टेण्डर स्वीकृति गर्ने वा नगर्ने अधिकार यस बैंकमा सुरक्षित रहने छ।
५. टेण्डर मिति २०८१/०८/२६ का दिन **दिनको १२.०० बजे** कृषि विकास बैंक लि. शाखा कार्यालय, धनकुटामा टेण्डर दिने व्यक्ति वा निजको प्रतिनिधिहरूको रोहवरमा वा निजको उपस्थिति नभएमा पनि उपस्थित भएसम्मका व्यक्तिहरूको रोहवरमा खोलिने छ।
६. टेण्डर साथ आफूले दिन चाहेको मोलको **न्यूनतम** १०% रकम भुक्तानी दिनु पर्ने हिसाव वा धरौटीबापत शाखा कार्यालय, धनकुटामा जम्मा गर्नु पर्नेछ र सो को सक्कल बैंक भौचर/रसिद टेण्डरसाथ राखेको हुनुपर्नेछ।
७. टेण्डर स्वीकृत भएपछि बाँकी रकम ७ (सात) दिनभित्र दाखिल गरी सामान उठाई लैजानु पर्नेछ, घर/जग्गा र सवारी साधनको हकमा नामसारी गरी सक्नु पर्नेछ अन्यथा धरौटी जफत भई उक्त सम्पत्ति पुनः बिक्री गर्न सकिनेछ।
८. आफूले सम्पत्ति लिन दिएको मोल अङ्क र अक्षरमा प्रस्टसँग लेखिएको हुनु पर्नेछ। साथै, उल्लेखित सम्पूर्ण सम्पत्ति वा अलग-अलग कित्ता लिने हो, सो समेत खुलाई पेश गर्न सकिनेछ।
९. शिलबन्दी टेण्डर खाममा लाहाछाप लगाएको हुनु पर्ने छ।
१०. शिलबन्दी टेण्डर दिने व्यक्तिले नागरिकताको प्रमाणित प्रतिलिपि र संगठित संस्था भए संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्नेछ। साथै संस्थाको हकमा कम्पनीको छाप, अख्तियारनामा र निजको अख्तियारवाला कर्मचारीको दस्तखत हुनुपर्नेछ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरू रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ।
१२. लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाइने छैन।
१३. लिलाम सदर भएपश्चात् दाखिल/खारेज नाम सारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजस्व, मालपोत, रजिष्ट्रेशन दस्तुरलगायतका सम्पूर्ण राजस्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै व्यहोर्नु पर्नेछ।
१४. अन्य जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

कृषि विकास बैंक लिमिटेड
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

आइपिएलकै सबैभन्दा महँगा खेलाडी बने ऋषभ

लखनउ सुपर जायन्टले २७ करोड भारु खर्चेर ऋषभलाई सबैभन्दा महँगा खेलाडीका रूपमा भित्र्यायो

एजेन्सी

विश्वकै चर्चित इन्डियन प्रिमियर लिग (आइपिएल)को सबैभन्दा महँगा खेलाडी भारतीय विकेटकिपर ब्याट्सम्यान ऋषभ पन्त बनेका छन् । आगामी सिजनका लागि दुबईमा भएको खेलाडी अक्सनमा लखनउ सुपर जायन्टले २७ करोड भारु खर्चेर उनलाई भित्र्याएको हो । आइपिएल अक्सनमा पहिलोपटक कुनै पनि खेलाडीमाथि २७ करोड भारुको बोली लगाइएको हो । गत सिजन कोलकाता नाइट राइडर्सले अस्ट्रेलियाका मिचेल स्टार्कमाथि २४ करोड ७५ लाख भारु खर्चेको थियो । ऋषभले कीर्तिमान बनाउनुअघि मिचेलको अनुबन्ध रकम नै सर्वाधिक महँगो थियो ।

एक वर्षपछि आइपिएल खेलाडी अक्सनमा नयाँ रेकर्ड बन्यो । २७ वर्षीय ऋषभ सन् २०२४ को सिजनमा दिल्ली क्यापिटल्सका कप्तान बन्दै आइपिएलमा फर्किएका थिए । सन् २०२२ को डिसेम्बरमा भएको कार दुर्घटनामा उनले पुनर्जन्म पाएका थिए ।

सन् २०२५ को अक्सनमा ऋषभको औसत मूल्य दुई करोड भारु राखिएको थियो । ऋषभलाई भित्र्याउन होडबाजी चलेको थियो । तर, अन्तिममा लखनउले बाजी मार्‍यो । टी-२० फर्म्याटमा उनलाई आक्रामक ब्याट्सम्यानका रूपमा लिने गरिन्छ । सन् २०१८ को सिजनमा उनले १७३ को स्ट्राइकमा ६८४ रन बटुलेका थिए । सन् २०१९ मा उनी दिल्लीका लागि दोस्रो सर्वाधिक रनकर्ता बनेका थिए । त्यसवेला उनले ४८८ रन जोडेका थिए । ऋषभकै उत्कृष्ट ब्याटिङको मद्दतमा दिल्ली सन् २०१२ पछि आइपिएलको प्लेअफमा पुगेको थियो ।



ऋषभ पन्त, लखनउ
२७ करोड भारु



श्रेयस अयर (पन्जाब किंग्स) **२६ करोड ७५ लाख भारु**

आइपिएलका दोस्रो महँगा खेलाडी पनि भारतीय श्रेयस अयर बनेका छन् । पन्जाब किंग्सले उनलाई २६ करोड ७५ लाख भारुमा किनेको छ । श्रेयसले आफ्नो कप्तानीमा गत वर्ष कोलकातालाई आइपिएल च्याम्पियन बनाएका थिए । तर, कोलकाताले उनलाई यसपटक रिटेन गरेन । उनले नयाँ सिजनका लागि आफूलाई अक्सनमा राखे । श्रेयसको सुरुवाती मूल्य दुई करोड भारु थियो । श्रेयसले सन् २०२२ देखि २०२४ सम्म कोलकाताबाट खेलेका थिए । त्यसअघि उनी ६ सिजन दिल्लीमा रहे । उनले भारतका लागि १४ टेस्ट, ६२ एकदिवसीय र ५१ टी- २० आई खेलेका छन् ।

बैंकेटस अयर (कोलकाता) **२३ करोड ७५ लाख भारु**



साबिक विजेता कोलकाताले आगामी सिजनका लागि बैंकेटसलाई २३ करोड ७५ लाख भारु खर्चेर भित्र्याएको छ । अक्सनमा उनी तेस्रो महँगा खेलाडीका रूपमा बिक्री भए । खेलाडी अक्सनमा उनको औसत मूल्य दुई करोड राखिएको थिए । उनलाई अनुबन्ध गर्न रोयल च्यालेन्जर्स बेंग्लोरले २३ लाख ५० लाख भारुसम्म बोली लगाएको थियो, तर कोलकाताले २५ लाख थप्दै भित्र्यायो । सन् २०२४ को सिजनमा उनले कोलकाताबाट १४ खेलमा ३७० रन बनाउनुका साथै तीन विकेट लिएका थिए ।

युजवेन्द्र चहल (पन्जाब), **१८ करोड भारु**



यसपटकको अक्सनमा भारतीय खेलाडीको दबदबा रह्यो । गत सिजनमा विदेशी खेलाडी अक्सनमा महँगो रकममा बिक्री भएका थिए । सन् २०२५ को आइपिएलका लागि पन्जाब किंग्सले भारतका युजवेन्द्र चहललाई १८ करोड भारु खर्चेर भित्र्याएको छ ।

अश्रदीप सिंह (पन्जाब किंग्स), **१८ करोड भारु**



पन्जाबले यसपटक टोली बलियो बनाउन अक्सनमा करोडौँ भारु खर्चेको छ । राम्रा खेलाडी भित्र्याउन अक्सनमा भनेजति बोली लगाएको पन्जाबले भारतकै अश्रदीप सिंह अनुबन्ध गर्न १८ करोड भारु खर्चेको छ । बलिङ तथा ब्याटिङ गर्न सक्ने अश्रदीपले भारतका लागि आठ एकदिवसीय र ६० टी-२० आई खेलेका छन् । उनले एकदिवसीयमा १२ तथा टी-२० आईमा ९५ विकेट हात पारेका छन् ।

जोस बटलर (गुजरात), **१५ करोड ७५ लाख भारु**



गुजरात टाइटन्सले इंग्ल्यान्डका विकेटकिपर ब्याट्सम्यान जोस बटलरलाई १५ करोड ७५ लाख भारुमा अनुबन्ध गरेको छ । बटलर विदेशी खेलाडीमा यसपटक महँगा बने । इंग्ल्यान्डबाट ५७ टेस्ट, १८१ एकदिवसीय तथा १२९ टी-२० आई खेलेका बटलरसँग मुम्बई इन्डियन्सबाट आइपिएल खेलेको अनुभव छ । उनले इंग्ल्यान्डबाट टी-२० आईमा तीन हजार ३८९ रन बटुलेका छन् । उनले एक शतक तथा २५ अर्धशतकीय इनिङ्स खेले ।

अन्य खेलाडी (भारु)

लोकेस राहुल (दिल्ली)	१४ करोड
जोफ्रा आर्चर (राजस्थान)	१२ करोड ५० लाख
जोस हेजलउड (बेंग्लोर)	१२ करोड ५० लाख
मिचेल स्टार्क (दिल्ली)	११ करोड ७५ लाख
मोहमद सिराज (गुजराज)	१२ करोड २५ लाख
फिल साल्ट (बेंग्लोर)	११ करोड ५० लाख
इशन किसन (हैदराबाद)	११ करोड २५ लाख
जितेस शर्मा (बेंग्लोर)	११ करोड
मिचेल स्टार्क (दिल्ली)	११ करोड
टी. नटराजन (दिल्ली)	१० करोड ७५ लाख
किगिसो रावडा (गुजरात)	१० करोड २५ लाख
मोहमद सामी (हैदराबाद)	१० करोड
आभेस खान (लखनउ)	९ करोड ७५ लाख
प्रसिद्ध किसन (गुजरात)	९ करोड ५० लाख
जाक फासेर (दिल्ली)	९ करोड
लिआम लिभिङ्टोन (बेंग्लोर)	८ करोड ७५ लाख
हर्सल पटेल (हैदराबाद)	८ करोड
डेभिड मिलर (लखनउ)	७ करोड ५० लाख
ह्यारी ब्रुक (दिल्ली)	६ करोड २५ लाख
एन्रिच नोट्जे (कोलकाता)	६ करोड ५ लाख
वारिन्दु हसरंगा (राजस्थान)	५ करोड २५ लाख
महिस थिसना (राजस्थान)	४ करोड ४० लाख
ग्लेन म्याक्सवेल (पन्जाब)	४ करोड २० लाख
नेहल वधेरा (पन्जाब)	४ करोड २० लाख
क्विटन डी कक (कोलकाता)	३ करोड ६० लाख

■ नेपाल प्रिमियर लिग

ओमानका मक्सुद कर्णालीमा अनुबन्ध

नयाँ पत्रिका

कर्णाली याक्सले ओमानका पूर्वकप्तान जिसन मक्सुदलाई नेपाल प्रिमियर लिग (एनपिएल)का लागि अनुबन्ध गरेको छ । हिमालयन बिल्डर्स एन्ड इन्जिनियर्सको स्वामित्वमा रहेको कर्णालीले ३७ वर्षीय अनुभवी अलराउन्डरलाई टोलीमा समावेश गरेको जनाएको छ । बायाँहाते ब्याट्सम्यान मक्सुद कर्णालीमा अनुबन्ध हुने पाँचौँ खेलाडी हुन् । कर्णालीले विश्व क्रिकेट तथा भारतीय टोलीका चर्चित खेलाडी शिखर धवनलाई टोलीमा अनुबन्ध गरिसकेको छ ।

धवन एनपिएलमा खेल्ने सबैभन्दा ठूलो विदेशी नाम हुन् । टोलीमा वेस्ट इन्डिजबाट टेस्ट खेलिसकेका चाडविक वाल्टन र हङकङबाट अन्तर्राष्ट्रिय खेल खेलिरहेका अनुभवी खेलाडी बाबर हायात छन् । ज्ञानेन्द्र मल्ल प्रशिक्षक तथा सोमपाल कामी मार्की रहेको कर्णालीले ट्वायलेन्ट हन्टबाट विपिनप्रसाद शर्मालाई आइकोनिक प्लेयर्सका रूपमा छनोट गरिसकेको छ ।

टोलीमा नेपाल राष्ट्रिय टोलीबाट खेलिरहेका गुल्सन झा, देव खनालसहित नन्दन यादव छन् । अन्य खेलाडीमा 'बी' श्रेणीबाट अर्जुन घर्तीसहित ऋत गौतम, मौसम ढकाल र भुवन कार्की छन् । 'सी' श्रेणीबाट दीपेन्द्र रावत र युनिसविक्रमसिंह ठकुरीसँगै दीपक डुम्रे छन् । प्रशिक्षक मल्लले अलराउन्डर मक्सुदको आगमनसँगै टोलीको ब्याटिङ र बलिङ बलियो हुने बताए । 'मक्सुद अनुभवी ब्याट्सम्यान र बलर हुन् । उसको आगमनसँगै कर्णालीको ब्याटिङ र बलिङ लाइन बलियो हुने आशा छ,' मल्लले भने ।

मक्सुदले पनि एनपिएल खेल्न आफू उत्साहित रहेको बताएका छन् । उनले ओमानका लागि ४८ एकदिवसीयमा एक हजार २७३ रन बनाएका छन् । त्यस्तै, ७३ टी-२० आईमा एक हजार ३६९ रन बनाएका छन् । उनले बलिङतर्फ टी-२० आईमा ५१ विकेट लिएका छन् ।



प्रधानमन्त्री ओलीले धरहराबाट ट्रफी अनावरण गर्ने

प्रधानमन्त्री केपी ओलीले सोमबार पहिलो संस्करणको एनपिएलको ट्रफीको अनावरण गर्ने भएका छन् । नेपाल क्रिकेट संघ (क्यान)ले प्रधानमन्त्री ओलीले बिहान ८:३० बजे एनपिएलको ट्रफी अनावरण गर्ने जनाएको छ । एनपिएल १५ मंसिरदेखि ६ पुससम्म त्रिवि क्रिकेट मैदानमा हुँदै छ । एनपिएलमा आठ फ्रेन्चाइच टोलीले सहभागिता जनाएका छन् ।

राखेप बोर्ड बैठक एक वर्षपछि आगामी शुक्रबार बस्दै

खेलकुद विकास ऐन, २०७७ अनुसार राखेप बोर्ड बैठक हरेक वर्ष कम्तीमा दुईपटक बस्नुपर्ने भए पनि २८ भदौ ०८० पछि बसेको छैन

रमेश सुवेदी/नयाँ पत्रिका

राष्ट्रिय खेलकुद परिषद् (राखेप) बोर्ड बैठक एक वर्षपछि आगामी शुक्रबार बस्ने भएको छ । खेलकुदमन्त्री तेजुलाल चौधरीले राखेपका सदस्यसचिव टंकलाल घिसिङलाई ११८औँ बैठक राख्न आइतबार निर्देशन दिएका छन् । 'बोर्ड बैठक शुक्रबार बस्ने भएको छ,' सदस्यसचिव टंकलाल घिसिङले नयाँ पत्रिकासँग भने । खेलकुद मन्त्रालयमा दर्शौँ राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्षित गरेर ६ एजेन्डा पठाएको राखेपका एक बोर्ड सदस्यले बताएका छन् ।

तत्कालीन खेलकुदमन्त्री डिकबहादुर लिम्बूले अन्तिमपटक राखेपको बोर्ड बैठक २८ भदौ ०८० मा राखेका थिए । लिम्बूपछि मन्त्री बनेका विराजभक्त श्रेष्ठले पनि बैठक राख्न सकेनन् । राखेपका सदस्यसचिव घिसिङले बैठक राख्न मन्त्री चौधरीलाई तीनपटक आग्रह गरेका थिए । तर, मन्त्री चौधरीले बैठक राखेका थिएनन् । राखेपकै विधानअनुसार बोर्ड बैठक वर्षमा कम्तीमा दुईपटक बस्नुपर्ने हुन्छ । खेलकुद विकास ऐन, २०७७ को परिच्छेद १ को बुँदा १० को उपदफा १ मा भनिएको छ, 'परिषद्को बैठक वर्षको कम्तीमा दुईपटक बस्नेछ ।' खेलकुदमन्त्री र सदस्यसचिवबिचको टकरावका कारण बोर्ड बैठक बस्न नसकेको एक सदस्यले बताए ।

■ दर्शौं राष्ट्रिय प्रतियोगिताको बाटो खुल्ने

राखेपकै बोर्ड बैठक बस्न नसक्दा दर्शौं राष्ट्रिय खेलकुद तोकिएको समयमा हुन सकेन । राखेपले नै कर्णाली प्रदेशमा २-९ मंसिरमा प्रतियोगिताको मिति घोषणा गरेको थियो । आयोजक कर्णालीले प्रतियोगिताको सबै तयारी गरिसकेको थियो । सरकारले प्रतियोगिता आयोजना गर्न ६० करोड रुपैयाँ विनियोजनसमेत गरिसकेको छ । बोर्ड बैठकबाट नयाँ मिति तय हुने मन्त्री चौधरीले बताएका छन् । 'अब बोर्ड बैठक बस्नेछ, दर्शौं राष्ट्रिय खेलकुद प्रतियोगिताको २५ फागुनलाई नयाँ मितिको प्रस्ताव हुनेछ,' उनले भने । आगामी शुक्रबार बस्ने बैठकबाट प्रतियोगिताको कार्यविधि पास हुनेछ । कार्यविधि पास भएसँगै स्थानीय तह, जिल्ला र प्रदेशको आन्तरिक खेलाडी छनोट हुनेछ ।

खेल संक्षेप

महिला फुटबल टोली नगदसहित सम्मानित

काठमाडौं/ जिनियस आइबी वर्ल्ड स्कुल ललितपुरले नेपाली राष्ट्रिय महिला फुटबल टोलीलाई नगदसहित सम्मान गरेको छ । साफ महिला फुटबल च्याम्पियनसिप २०२४ मा उत्कृष्ट प्रदर्शन गरेबापत जिनियसले महिला टोलीलाई सम्मान गरेको हो । जिनियसका संस्थापक अध्यक्ष नवीनकुमार जोशीले मुख्य प्रशिक्षकसहित २६ सदस्यीय टोलीलाई एक लाख ३० हजार रुपैयाँ प्रदान गरेका छन् ।

न्युटन र हिमालयन विजयी

काठमाडौं/ न्युटन र हिमालयन किडडम १८औँ भ्याली पब्लिक बास्केटबल प्रतियोगितामा विजयी भएका छन् । न्युटनले भद्रकालीलाई ३८-३६ को साँघुरो अन्तरले पराजित गर्‍यो । किडडमले राजन मेमोरियललाई ६३-४७ ले हरायो । सिनियर पुरुषमा आयोजक भ्याली पब्लिक 'ए'ले त्रिज्योतिलाई ३९-२५ ले निराश पारेको छ । नेसनल युनाइटेडले सेवा सदनलाई २८-१० ले फराकिलो अन्तरले पाखा लगायो । जिनियसले रिलायन्सलाई १५-११ ले पराजित गरेको छ । गोल्डेनपिकले स्कोलर्स होमलाई ६२-२६ ले र हेम्सले मोक्षदालाई ३५-३० ले हराए ।

जुनियर पुरुषमा गोल्डेनपिकले नेक्ससलाई ३१-१६ ले पराजित गरेको छ । किडडमले अपीलाई २४-१९ ले हरायो । भ्याली पब्लिकले वसुन्धरा नेसनल एकेडेमी (बिएनए) लाई ३३-१८ ले र एन्जल्स हार्टले हिमरश्मिलाई २१-१४ ले निराश पारे ।

अन्तरपालिकास्तरीय महिला भलिबल हुने

संखुवासभा/ संखुवासभाको खाँदबारी नगरपालिका- ५ माल्टामा अन्तरपालिकास्तरीय महिला भलिबल प्रतियोगिता हुने भएको छ । खाँदबारी नगरपालिका- ५ अन्तर्गत खेलकुद विकास समितिले १२ देखि १४ मंसिरसम्म प्रतियोगिता माल्टामा आयोजना गर्न लागेको वडाध्यक्ष टंकबहादुर घिमिरेले जानकारी दिए । संखुवासभा, भोजपुर र सुनसरीका ११ टोलीले भाग लिनेछन् । भलिबल प्रशिक्षक कुमार राई, राष्ट्रिय खेलाडी सुमित्रा रेग्मी र जेनिशा विश्वकर्माका समेत सहभागी हुने आयोजकले जनाएको छ । विजेताले एक लाख, उपविजेताले ७५ हजार र तेस्रो स्थानमा रहने टोलीले ३५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

नयाँ सिजनको सूर्य नेपाल गल्फ टुर आजदेखि



काठमाडौं/ सूर्य नेपाल गल्फ टुर २०२४/२५ अन्तर्गत पहिलो प्रतियोगिता सूर्य नेपाल सेन्ट्रल ओपन गोकर्ण गल्फ क्लबमा सोमबारदेखि हुँदै छ । चार दिनसम्म चल्ने प्रतियोगितामा ३३ प्रोफेसनल र तीनभन्दा कम ह्यान्डीक्याप भएका सात एमेच्योर खेलाडीले उपाधिका लागि दाबेदारी प्रस्तुत गर्नेछन् । ३६ होलपछि कट हुनेछ । प्रतियोगिताको कुल नगद पुरस्कार आठ लाख ८२ हजार रहेको छ । जहाँ विजेताले एक लाख ५० हजार र दोस्रोले एक लाख रुपैयाँ हात पार्नेछन् । तेस्रो हुने गल्फरले ७५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

प्रतियोगिताको साबिक विजेता च्याम्पियन एमेच्योर खेलाडी सद् भाव आचार्य हुन् । प्रोफेसनल गल्फरहरू भुवन नगरकोटी, नीरज तामाङ, रवि खड्का, सञ्जय लामा, धन थापा र कुमार कामीले उपाधिका लागि दाबेदार दिनेछन् । गत सिजन पनि एमेच्योर खेलाडीको प्रभाव बढी थियो । आयोजक प्रोफेसनल गल्फर्स एसोसिएसन नेपालले सूर्य नेपाल गल्फ टुर २०२४/२५ को सिजनमा आठ प्रतियोगिता समावेश भएको आयोजकले जानकारी दिएको छ । यसपटक गल्फ टुरको कुल धनराशि ६७ लाख ३२ हजार रुपैयाँ रहेको छ । गत संस्करणभन्दा यसपटक पाँच प्रतिशतले वृद्धि भएको हो । गल्फ टुरलाई १८औँ संस्करणमा पनि प्रमुख प्रायोजक सूर्य नेपाल प्रालिको साथ रहेको छ ।

■ आठ प्रतियोगिता चार गल्फ क्लबमा हुने

नेपाली गल्फ विकासमा ठूलो योगदान पुगेको भन्दै प्रोफेसनल गल्फर्स एसोसिएसनका अध्यक्ष रवीन्द्रमान श्रेष्ठले प्रायोजकलाई धन्यवाद दिएका छन् । सिजनको आठ प्रतियोगिता विभिन्न चार गल्फ क्लबमा हुने श्रेष्ठले बताए ।

यसपटक त्रिभुवन आर्मीको गल्फ क्लबमा एउटा प्रतियोगिता हुने नेपाल प्रोफेसनल गल्फर्स एसोसिएसनका महासचिव दीपक आचार्यले बताए । अहिले काठमाडौंको गोकर्ण गल्फ क्लब र रोयल नेपाल गल्फ क्लबमा समान तीन प्रतियोगिता हुनेछन् ।

यसैगरी, पोखरा र धरानमा एक-एक प्रतियोगिता हुने क्यालेन्डरमा उल्लेख छ । महासचिव आचार्यका अनुसार आठमध्ये सात प्रतियोगिता स्ट्रोक प्ले फर्म्याट र म्याच प्लेको फर्म्याट फरक हुनेछ । जहाँ अर्डर अफ मेरिटमा टप १६ मा रहेका खेलाडीले मात्र प्रतिस्पर्धा गर्न पाउनेछन् । नगद पुरस्कार राशिका आधारमा सबैभन्दा ठूलो प्रतियोगिता भने सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिप हुनेछ ।

रेडियन्ट र स्वर्णिम सेमिफाइनलमा

काठमाडौं/ रेडियन्ट पब्लिक र स्वर्णिम दर्शौं रेडियन्ट कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर महिलामा आइतबार सेमिफाइनलमा प्रवेश गरेका छन् । रेडियन्टले ज्ञानोदय बालवाटिकालाई २१-८ ले हराउँदै अन्तिम चारको स्थान पक्का गरेको हो । रेडियन्टकी दिव्यान्शा कार्कीले १६ स्कोर गरिन् । अर्को खेलमा स्वर्णिमले एलआरआईलाई १६-४ ले हरायो । स्वर्णिमकी नितिशा महर्जनले ७ स्कोरको योगदान गरेकी थिइन् । जेसिस र केभिसीले यसअघि नै अन्तिम चारमा स्थान सुरक्षित गरिसकेका छन् ।



सिनियर पुरुषमा रेडियन्टले संस्कृतिलाई ४४-३५ ले हरायो । रेडियन्टका सुसनराज न्यौपानले सर्वाधिक १६ स्कोर गरेका थिए । पुष्पसदनले स्वस्तिश्री गुरुकुलमाथि ३८-२७ को जित निकाल्यो । ज्ञानोदय बालवाटिकाले मेगसलाई ५३-२७ र एलआरआईले क्षेत्रज्ञलाई ४८-४१ ले पाखा लगाउँदै सेमिफाइनलमा स्थान सुरक्षित गरे । पुष्पसदनका उमंग अमात्यले १२, ज्ञानोदयका दीपेश शाहीले १२ र एलआरआईका रुइची श्रेष्ठले ३० स्कोर गरे ।

जुनियर पुरुषमा सेबले रेडियन्ट पब्लिकलाई ३०-१३ ले पाखा लगायो । कश्यपले पिपुल्स एकेडेमीलाई २३-१९ ले हरायो । ब्राइट होराइजन नवीन ज्योतिलाई १५-८ र ग्रिनफिल्ड पुष्पसदनलाई १८-१० ले पन्छ्याउँदै सेमिफाइनलमा पुगेका छन् । सेबका सुजन घलेले ११, कश्यपका एलेन लामाले ११, ब्राइट होराइजन का उज्ज्वल तामाङले ६ र ग्रिनफिल्डका मनोज तामाङले ६ स्कोर गरे ।

NDPC
नेपाल डिजिटल पेमेण्ट्स (कं) लि.
VACANCY ANNOUNCEMENT
Positions:
Finance Controller - 1
System Support Associate - 1
Java Developer (Officer Level) - 1
Java Developer (Management Trainee) - 1
Database Executive - 1
To Apply:
www.merojob.com

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
सघन शहरी तथा भवन निर्माण आयोजना, धनकुटा
बोलपत्र स्विकृत गर्ने आशय सम्बन्धी सूचना
प्रकाशन मिति : २०८१/०८/१०
यस आयोजनाको बोलपत्र आह्वानको सूचना अनुसार तपसिलका निर्माण कार्यको लागि प्राप्त बोलपत्रहरु मध्ये न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही निम्न बोलपत्रदाताहरुको बोलपत्र स्विकृतीको लागि छनौट भएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो आशयको सूचना प्रकाशन गरिएको छ ।

सि. नं.	योजनाको नाम, ठेक्का नं.	निर्माण व्यवसायीको नाम, ठेगाना	कबोल अंक (With VAT & PS)
1	PUDBC/DKT/NCB/ WORKS /14/081/082	Evan Construction And Suppliers Pvt. Ltd., Ktm-10, Baneshwor	71,66,647.16

आयोजना प्रमुख

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल
बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
(प्रकाशित मिति : २०८१/८/१०)
यस कार्यालयको मिति २०८१/०८/०१ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु मध्ये तपसिल अनुसारका बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।
तपशिल

सि. नं.	ठेक्का नं.	कामको विवरण	छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक मु.अ.कर सहित रु
1.	NEE/NCB/ 02/081/82	GhimireJanghar Deurtali Aapshowara Batuwa Lorkepahara Road Upgrading Works	S.S - Sundaradevi JV, Dhading	21197180.6
2.	NEE/NCB/ 03/081/82	SiranBazar Bhulbhule Patle Road Upgrading Works	Alina bhatta - Bhatta JV, Gorkha	19301905.7

प्रमुख प्रशासकीय अधिकृत

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com